योग्यता निष्पक्षता स्वच्छता

# चौथो वार्षिक प्रतिवेदन




## आर्थिक वर्ष २०७९/८०

# प्रदेश लोक सेवा आयोग

## बागमती प्रदेश, हेटौँडा

## प्रदेश लोक सेवा आयोग, बागमती प्रदेश, हेटौंडा, नेपाल


**सम्पर्क**

# प्रदेश लोक सेवा आयोग

**ठेगाना**

हेटौंडा उपमहानगरपालिका-४,

रोटरी चोक, हुप्राचौर, मकवानपुर

**टेलिफोन**

०५७-५९०६१३

०५७-५९०६१४

०५७-५९०६१५

**इमेल**

info.ppsc@bagamati.gov.np

**वेबसाइट**

http://spsc.bagamati.gov.np
https://ppsconline.bagamati.gov.np

**सामाजिक सञ्जाल**

https://www.facebook.com/ppsc.bagamati

प्रदेश लोक सेवा आयोग ऐन, २०७६ को दफा ११२ बमोजिम
मानननीय प्रदेश प्रमुख समक्ष प्रस्तुत गरिएको
प्रदेश लोक सेवा आयोगको

# चौथो वार्षिक प्रतिवेदन

## आ.व. २०७९/८०

यस प्रतिवेदनमा प्रदेश लोक सेवा आयोग, बागमती प्रदेश, हेटौंडाको
२०७९ श्रावण १ गतेदेखि २०८० आषाढ मसान्तसम्मका
काम कारबाहीहरू समेटिएका छन् ।

# प्रदेश लोक सेवा आयोग

## बागमती प्रदेश, हेटौंडा

मितिः २०८०-०६-०५

**विषयः आयोगको चौथो वार्षिक प्रतिवेदन प्रस्तुत गरिएको ।**

माननीय प्रदेश प्रमुखज्यू,
प्रदेश प्रमुखको कार्यालय,
बागमती प्रदेश, हेटौंडा ।

प्रदेश लोक सेवा आयोग ऐन, २०७६ को दफा ११२ बमोजिम प्रदेश लोक सेवा आयोग, बागमती प्रदेश, हेटौंडाले आर्थिक वर्ष २०७९/०८० मा सम्पादन गरेका काम-कारबाहीहरूको चौथो वार्षिक प्रतिवेदन प्रस्तुत गरिएको छ ।

**भवदीय,**

(सुरेश मान श्रेष्ठ)
अध्यक्ष

(सुदर्शन प्रसाद ढकाल)
सदस्य

(शर्मिला नेउपाने)
सदस्य

(बाबुराम ज्ञवाली)
सचिव

# प्रदेश लोक सेवा आयोग, बागमती प्रदेशका पदाधिकारीहरू



सुरेश मान श्रेष्ठ
अध्यक्ष



सुदर्शन प्रसाद ढकाल
सदस्य



शर्मिला नेउपाने
सदस्य



बाबुराम ज्ञवाली
सचिव

# धन्यवाद ज्ञापन

नेपालको संविधानको धारा २४४ ले प्रत्येक प्रदेशमा प्रदेश लोक सेवा आयोग रहने व्यवस्था गरेको छ। सोही संवैधानिक व्यवस्था बमोजिम २०७६ साल असोज २८ गते प्रदेश लोक सेवा आयोग ऐन, २०७६ जारी भयो। मिति २०७६ साल मङ्सिर २ गते आयोगका माननीय अध्यक्षको नियुक्तिसँगै आयोगको गठन भएको हो र दुई जना सदस्यहरूको नियुक्ति २०७६ माघ ६ गते भए पछि प्रदेश लोक सेवा आयोग, बागमती प्रदेशले पूर्णता प्राप्त गरेको हो ।

बागमती प्रदेश सरकारका निकायहरू एवम् बागमती प्रदेश भित्रका स्थानीय तहहरू, प्रदेश र स्थानीय तह अन्तर्गतका सङ्गठित संस्थाहरू, प्रदेश प्रहरी र प्रदेश अनुसन्धान ब्युरोका स्वीकृत दरबन्दीमा रिक्त रहेका विभिन्न सेवा, समूह, उपसमूह र तहका पदहरूको पदपूर्ति गर्ने अभिभारा प्रदेश लोक सेवा आयोग ऐन, २०७६ ले आयोगलाई प्रदान गरेको छ। प्रदेश निजामती सेवा, प्रदेश अन्य सरकारी सेवा, स्थानीय सरकारी सेवा, प्रदेश प्रहरी सेवा, प्रदेश अनुसन्धान ब्युरो, प्रदेश सङ्गठित संस्थाको सेवा तथा स्थानीय तहको सङ्गठित संस्थाको सेवाको पदमा उपयुक्त उम्मेदवारहरूको छनौटमा स्वच्छता तथा निष्पक्षता कायम गरी योग्यता प्रणालीलाई प्रवर्द्धन गर्दै प्रदेश भित्रको सार्वजनिक प्रशासनलाई सक्षम, सुदृढ र सेवामुखी बनाउन सक्षम जनशक्तिको आपूर्ति गर्ने जिम्मेवारी आयोगको काँधमा छ।

आयोगको वार्षिक पदपूर्ति कार्यतालिका २०७९।८० बमोजिम आयोगबाट विज्ञापन भएका विभिन्न सेवा समूह, उपसमूह र तहका प्राविधिक/अप्राविधक पदहरूको लिखित परीक्षाको नतिजा प्रकाशित भई अन्तर्वार्ताको कार्यक्रम भइरहेको अवस्था छ। प्रदेश सरकारको सुशासन कायम गर्ने कार्यमा आवश्यक पर्ने रिक्त दरबन्दीमा नियमानुसार माग आकृति फाराम भरी पदपूर्तिका लागि अनुरोध गर्ने प्रदेशस्थित मन्त्रालयहरू, स्थानीय तहहरू र मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठानप्रति आयोग हार्दिक कृतज्ञता ज्ञापन गर्दछ ।

आयोगको कार्य सम्पादनका लागि आवश्यक स्रोत साधन तथा सहयोग उपलब्ध गराएकोमा प्रदेश सरकार प्रति आयोग धन्यवाद ज्ञापन गर्दछ। आयोगको परीक्षा सञ्चालनका लागि आवश्यक पर्ने शैक्षिक योग्यता तथा पाठ्यक्रम निर्माण, कच्चा प्रश्नपत्र निर्माण, प्रश्नपत्र परिमार्जन, उत्तरपुस्तिका परीक्षण लगायतका कार्यमा सहयोग पुऱ्याउनु हुने विभिन्न विधाका दक्ष एवम् विज्ञ तथा आयोगको कार्यसम्पादनमा प्रत्यक्ष/अप्रत्यक्ष सहयोग पुऱ्याउनु हुने महानुभावहरूमा आयोग हार्दिक धन्यवाद ज्ञापन गर्दछ।

चौथो वार्षिक प्रतिवेदन तयार गर्ने कार्यमा कार्यालय समय बाहेक पनि अहोरात्र खटिई आयोगको कार्य सम्पादनमा ऊर्जाशीलता ल्याउन संलग्न आयोगका कर्मचारीहरूलाई विशेष धन्यवाद ज्ञापन गर्दै प्रदेश सरकार, स्थानीय तहलगायत आयोगको कार्यक्षेत्रभित्र पर्ने निकायलाई आवश्यक पर्ने जनशक्तिको पदपूर्ति लगायतको नेपालको संविधान र अन्य प्रचलित कानून बमोजिम प्रदत्त अधिकार बमोजिम सक्रियताका साथ अघि बढ्ने कुरामा आयोग प्रतिबद्धता व्यक्त गर्दछ । योग्यता प्रणालीको संरक्षण, सम्बर्द्धन गर्दै आयोग प्रतिको जनविश्वासलाई सम्मान प्रकट गर्दै निष्ठापूर्वक जिम्मेवारी बहन गर्न आयोग कटिबद्ध छ ।

मिति २०८० असोज ५ गते, शुक्रबार

# कार्यकारी सारांश

नेपालको संविधानको धारा २४४ को उपधारा (१) मा प्रत्येक प्रदेशमा प्रदेश लोक सेवा आयोग रहने व्यवस्था छ।संवैधानिक प्रावधानअनुसार सङ्घीय संसदले पारित गरेको प्रदेश लोक सेवा आयोग (आधार र मापदण्ड निर्धारण) ऐन, २०७५ बमोजिम आयोगको गठन, काम, कर्तव्य, अधिकार र कार्यविधिका सम्बन्धमा व्यवस्था गर्न बागमती प्रदेशको प्रदेश सभाले प्रदेश लोक सेवा आयोग ऐन, २०७६ पारित गरी प्रदेश प्रमुखबाट मिति २०७६ साल असोज २८ गते प्रमाणीकरण भई लागू भएको छ । लोक सेवा आयोगको स्थापित मूल्य, मान्यता र मापदण्डलाई आत्मसात गर्दै बागमती प्रदेश सरकार र प्रदेश भित्रका स्थानीय तहहरूका विभिन्न निकायमा विभिन्न सेवा, समूह, उपसमूह र तहका रिक्त पदहरू पदपूर्तिका लागि उपयुक्त उम्मेदवार छनौट गरी नियुक्तिका लागि सिफारिस गर्न आयोग क्रियाशील रहँदै आएको छ । यस क्रममा आयोगद्वारा आर्थिक वर्ष २०७९/८० मा विभिन्न सेवा, समूह, उपसमूह र तहका पदहरूको विज्ञापन प्रकाशन गरी ती पदहरूको परीक्षा सञ्चालन लगायतका परीक्षा सम्बन्धी कार्य सम्पादन गर्नुका अतिरिक्त गत आर्थिक वर्ष २०७७/७८ र २०७८/७९ मा विज्ञापन भई स्थायी नियुक्तिका लागि सिफारिस हुन बाँकी पदहरूमा उपयुक्त उम्मेदवार छनौट गरी नियुक्तिका लागि सिफारिस गरिएको छ ।

साथै कानून बमोजिम प्रदेश सरकार, सम्बन्धित स्थानीय तहहरू एवम् अन्य सरोकारवाला निकायहरूबाट ती निकायका कर्मचारीहरूको सेवाको सर्त सम्बन्धी कानून, विभागीय सजाय लगायतका विषयमा आयोगबाट ऐन बमोजिम माग भई आएका विषयमा आयोगबाट परामर्श उपलब्ध गराइएको छ । साथै आयोगलाई विपक्षी बनाई सम्मानित सर्वोच्च अदालत र उच्च अदालतमा दायर भएका विभिन्न मुद्दाहरूमा आयोगको प्रतिरक्षा र आरोपहरूको प्रतिवाद गरिएको छ । आर्थिक वर्ष २०७९/८० मा आयोगद्वारा सम्पादित कार्यहरूको कार्यकारी सारांश देहाय बमोजिम रहेको छः

## १. आयोगको कार्यसम्पादनका आधारहरू

सङ्गठनात्मक उद्देश्य प्राप्तिमा गुणस्तरीयता र विश्वसनीयता सुनिश्चित गरी आयोगले विभिन्न कानूनहरूको आधारमा कार्य सम्पादन गर्दै आएको छ । कार्यसम्पादन गर्न आयोगले आधार लिने मुख्य कानून एवम् कार्यविधिहरूको सूची देहाय अनुसार छः

- नेपालको संविधान

- प्रदेश लोक सेवा आयोग (आधार र मापदण्ड निर्धारण) ऐन, २०७५
- कर्मचारी समायोजन ऐन, २०७५
- निजामती सेवा ऐन, २०४९ तथा निजामती सेवा नियमावली, २०५०
- प्रदेश निजामती सेवा ऐन, २०७९
- स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०७९
- प्रदेश लोक सेवा आयोग ऐन, २०७६ तथा प्रदेश लोक सेवा आयोग नियमावली, २०७६
- नेपाल स्वास्थ्य सेवा ऐन, २०५३ तथा नेपाल स्वास्थ्य सेवा नियमावली, २०५५
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४
- मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठान ऐन, २०७६
- सङ्घ, प्रदेश र स्थानीय तह (समन्वय तथा अन्तरसम्बन्ध) ऐन, २०७७
- विभिन्न सेवा, समूह सञ्चालन सम्बन्धी प्रचलित ऐन तथा नियमावलीहरू
- प्रदेश सुशासन केन्द्र (स्थापना तथा कार्यसञ्चालन) आदेश, २०७७
- प्रदेश लोक सेवा आयोगका पदाधिकारी एवं दक्ष/विज्ञ र कर्मचारीहरूको आचारसंहिता, २०७६
- प्रदेश लोक सेवा आयोगका समय–समयका निर्णयहरू
- प्रदेश लोक सेवा आयोगबाट प्रतिपादित विभिन्न सिद्धान्तहरू
- प्रदेश लोक सेवा आयोगको कार्यसम्पादनसँग सम्बन्धित ऐन, नियम र निर्देशिकाहरू।

## २. आयोगबाट कार्यसम्पादन हुँदा अवलम्बन गरिने सिद्धान्तहरू

आयोगले योग्यताको सिद्धान्त, गोपनीयताको सिद्धान्त, स्वच्छताको सिद्धान्त, निष्पक्षताको सिद्धान्त, समावेशीताको सिद्धान्त, समान अवसरको सिद्धान्त, द्विअन्ध सिद्धान्त, परिचय-शून्यताको सिद्धान्त र असंलग्नताको सिद्धान्तलाई आफ्नो प्रमुख कार्यसम्पादनको सिद्धान्तको रूपमा अपनाउँदै आएको छ।

## ३. आयोगबाट सम्पादन भएका कामहरू

यो आर्थिक वर्षमा आयोगबाट सम्पादन भएका मुख्य मुख्य कार्यहरूको फेहरिस्त निम्नबमोजिम रहेको छः

- प्रदेश सरकारका रिक्त दरबन्दीमा पदपूर्ति गर्ने सम्बन्धी बैठक
- वार्षिक पदपूर्ति कार्यतालिका २०७९।०८० प्रकाशन

- प्रदेश लोक सेवा आयोग, लुम्बिनी प्रदेशका पदाधिकारीसँगको बैठक
- प्रदेश लोक सेवा आयोगको विज्ञापन
- दरखास्त फाराम सङ्कलन र स्वीकृति व्यवस्थापन
- लिखित परीक्षा सञ्चालन सम्बन्धी अभिमुखीकरण कार्यक्रम
- लोक सेवा आयोगहरूको द्विदिवसीय तेस्रो राष्ट्रिय सम्मेलन
- आयोगबाट विज्ञापन भई विभिन्न कारण स्थगित भएका परीक्षाहरू सञ्चालन
- मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठानका पदाधिकारीसँग बैठक
- नेपाली भाषा शुद्ध लेखनशैली विषयक अन्तरक्रिया
- प्रदेश सरकारको एघारौं तहका विभिन्न सेवा, समूह, उपसमूहका तहका पदहरूको विज्ञापन
- प्रदेश र स्थानीय तहहरूको पदपूर्तिको अवस्था सम्बन्धमा अनुगमन र निरीक्षण
- बढुवा समितिले गरेको सिफारिस उपर चित्त नबुझी परेका विभिन्न उजुरीहरूको फछ्र्यौट ।

## ४. वार्षिक पदपूर्ति कार्यतालिका

आयोगबाट प्रदेश निजामती सेवा, स्थानीय सरकारी सेवा, प्रदेश प्रहरी, प्रदेश अनुसन्धान व्यूरो, प्रदेश तथा स्थानीय तहका सङ्गठित संस्थाको आ.व. २०७९/८० मा वार्षिक पदपूर्ति कार्यतालिका मिति २०७९/०४/१९ गते प्रकाशन गरिएको थियो ।

## ५. पाठ्यक्रम निर्माण र परिमार्जन

आर्थिक वर्ष २०७९/८० को अवधिमा विभिन्न सेवा, समूह र तहका ४५ वटा पाठ्यक्रमहरू नयाँ निर्माण भएका छन् भने प्रदेश प्रशासन सेवा र स्थानीय सेवाको प्रशासन नवौं तहको पाठ्यक्रम परिमार्जन भएका छन् ।

## ६. विज्ञापन

विभिन्न सेवा सञ्चालन गर्ने निकायहरूबाट रिक्त पदपूर्तिका लागि आयोगमा माग भए अनुरूप आर्थिक वर्ष २०७९/८० को अवधिमा ८२ वटा बढुवा सूचना, ९ वटा आन्तरिक अन्तर सेवा विज्ञापन, १० वटा अन्तर सेवा विज्ञापन ५४ खुला प्रतियोगितात्मक र ६१ वटा समावेशी समूहका गरी जम्मा १३४ वटा बढुवा सूचना तथा विज्ञापनहरू प्रकाशन गरिएको छ । उक्त विज्ञापनहरूबाट बढुवातर्फ १५४, आन्तरिक अन्तर सेवातर्फ १०, अन्तर तहतर्फ ११, खुला प्रतियोगितातर्फ ४८१ तथा महिला, आदिवास/जनजाति, मधेसी, दलित, अपाङ्ग र पिछडिएको क्षेत्रका समावेशी प्रतियोगितातर्फ जम्मा २९४ गरी जम्मा ९५० पदका लागि दरखास्त माग गरिएको थियो ।

## ७. दरखास्त

आर्थिक वर्ष २०७९/८० को अवधिमा प्रकाशित आन्तरिक, खुला तथा समावेशी समूहका विज्ञापनका लागि आयोगको अनलाइन दरखास्त प्रणालीमा कुल ५२२३९ जनाले अनलाइन दरखास्त पेस गरेका थिए। जसमध्ये ४२१५९ जनाको दरखास्त स्वीकृत भएको थियो । विभिन्न सेवा, समूह र तहका पदहरूको लागि नेपालका सबै जिल्लाहरूबाट दरखास्त प्राप्त हुन आएका छन् । सबैभन्दा बढी दरखास्त पर्ने ५ जिल्लाहरूमा क्रमशः सप्तरी, सर्लाही, धनुषा, रौतहट र महोत्तरी रहेका छन् । उक्त पाँच जिल्लाहरूबाट कुल १० हजार ८१ (१९.३० प्रतिशत) दरखास्त परेका छन् । त्यस्तै सबैभन्दा न्यून दरखास्त पर्ने ५ जिल्लाहरूमा क्रमशः पाँचथर, रुकुम पूर्व, म्याग्दी, मुस्ताङ र मनाङ रहेका छन् । यी जिल्लाहरूबाट कुल ३१४ मात्र दरखास्त परेका छन् ।

## ८. प्रश्नपत्र परिमार्जन

आर्थिक वर्ष २०७९/८० को अवधिमा सञ्चालन भएका विभिन्न सेवा, समूह, उपसमूह र तहका पदहरूको लिखित परीक्षाहरूको लागि जम्मा ५८५ सेट प्रश्नपत्रहरू परिमार्जन गरिएका थिए ।

## ९. लिखित परीक्षा सञ्चालन

आर्थिक वर्ष २०७९/८० को अवधिमा सञ्चालन भएका विभिन्न सेवा, समूह, उपसमूह र तहका पदहरूको लिखित परीक्षाहरूमा ९५५९ महिला र १५६४९ पुरुष गरी कुल २५२०८ उम्मेदवार सम्मिलित भएका छन् । जसमध्ये २४७२४ जना खुला, ८७७३ जना महिला, ३९२१ जना आदिवासी/जनजाति, २८४८ जना मधेसी, ८७७ जना दलित, २५५ जना अपाङ्ग र २७ जनाले पिछडिएको क्षेत्र कोटामा आवेदन दिएका थिए ।

## १०. उत्तरपुस्तिका सङ्केतीकरण

आर्थिक वर्ष २०७९/८० को अवधिमा सञ्चालन भएका विभिन्न सेवा, समूह र तहका पदहरूको लिखित परीक्षाहरू पश्चात प्राप्त हुन आएका जम्मा २५१८८ परीक्षार्थीहरूको २४०४२ थान OMR उत्तरपुस्तिकाहरूको अर्धकट्टी र विवरण खण्ड छुट्याउने कार्य भएको थियो भने ३०८६८ थान उत्तरपुस्तिकाहरूको प्रथम तथा द्वितीय सङ्केतीकरण गरिएको थियो।

## ११. लिखित परीक्षा नतिजा तयारी

आर्थिक वर्ष २०७८/७९ र २०७९/८० को अवधिमा प्रथम तथा द्वितीय सङ्केतीकरण गरिसकेपश्चात्का विभिन्न सेवा, समूह, उपसमूह, तहका पदहरूको जम्मा ६७००१ वटा उत्तरपुस्तिकाहरू परीक्षण गराइएको छ । जसमध्ये २०११२ वटा विभिन्न सेवा, समूह र तहका पदहरूको विषयगत उत्तरपुस्तिकाहरू तत् तत् विषय विज्ञहरू मार्फत र ४६८८९ वटा वस्तुगत उत्तरपुस्तिकाहरू OMR प्रविधिबाट परीक्षण गराइएको थियो ।

## १२. लिखित परीक्षा नतिजा प्रकाशन

आर्थिक वर्ष २०७९/८० को अवधिमा विभिन्न सेवा, समूह, उपसमूह र तहका पदहरूको लिखित परीक्षा नतिजा प्रकाशनबाट कुल १४९० जना उम्मेदवारहरू अन्तर्वार्ताका लागि छनौट भएका थिए । जसमध्ये ५८५ जना महिला र ९०५ जना पुरुष उम्मेदवारहरू थिए।

## १३. अन्तर्वार्ता र सिफारिस

आर्थिक वर्ष २०७९/८० को अवधिमा कुल ७१३ जना उम्मेदवारहरू स्थायी नियुक्ति लागि सिफारिस भएका थिए । जसमध्ये १७ जना आन्तरिक प्रतियोगिता, ४४७ जना खुला, १३५ जना महिला, ६४ जना आदिवासी/जनजाती, ३२ जना मधेसी र १८ जना दलित कोटामा सिफारिस भएका थिए ।

## १४. समावेशी पदपूर्ति

आर्थिक वर्ष २०७९/८० को अवधिमा विभिन्न समावेशी समूहहरूमा कुल २४९ जना उम्मेदवारहरू स्थायी नियुक्ति लागि सिफारिस भएका थिए । जसमध्ये १३५ जना महिला, ६४ जना आदिवासी/जनजाती, ३२ जना मधेसी र १८ जना दलित कोटामा सिफारिस भएका थिए ।

## १५. सङ्गठित संस्थाको पदपूर्ति

आर्थिक वर्ष २०७९/८० को अवधिमा मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठान, बागमती प्रदेशको विभिन्न सेवा, समूह, तहका पदहरूको लागि कुल १९ जना उम्मेदवारहरू स्थायी नियुक्तिको लागि सिफारिस गरिएको थियो ।

## १६. परामर्श

आर्थिक वर्ष २०७९/८० को अवधिमा यस आयोगबाट ५ वटा कर्मचारी सेवा सर्त सम्बन्धी विषयमा परामर्श प्रदान गरिएको छ भने २ वटा निकायहरूलाई विभागीय सजायका विषयमा परामर्श प्रदान गरिएको छ ।

# विषयसूची

**परिच्छेद - १ ..................................................................१-४**

**आयोगको गठन र कार्य क्षेत्र**............................................................... १

१.१ ऐतिहासिक पृष्ठभूमि ............................................................... १

१.२ आयोगको गठन ............................................................... २

१.३ आयोगको काम, कर्तव्य र अधिकार ............................................................... ३

१.४ प्रतिवेदन ............................................................... ४

**परिच्छेद - २ ..................................................................५-१३**

**आयोगको कार्यसम्पादनका आधारहरू**............................................................... ५

२.१ संस्थागत प्रबन्ध ............................................................... ५

२.१.१ संविधान ............................................................... ५

२.१.२ कानूनहरू ............................................................... ५

२.२ सङ्गठनात्मक संरचना र कार्यक्षेत्र ............................................................... ६

२.३ आयोगबाट कार्यसम्पादन हुँदा अवलम्बन गरिने सिद्धान्तहरू............................................................... ७

२.३.१ योग्यताको सिद्धान्त (Principle of Merit) ............................................................... ७

२.३.२ गोपनीयताको सिद्धान्त (Principle of Confidentiality) ............................................................... ७

२.३.३ स्वच्छताको सिद्धान्त (Principle of Fairness) ............................................................... ७

२.३.४ निष्पक्षताको सिद्धान्त (Principle of Impartiality) ............................................................... ८

२.३.५ समावेशीताको सिद्धान्त (Principle of Inclusiveness) ............................................................... ८

२.३.६ समान अवसरको सिद्धान्त (Principle of Equal Opportunity)............................................................... ८

२.३.७ द्विअन्ध सिद्धान्त (Principle of Double Blind) ............................................................... ८

२.३.८ परिचय-शून्यताको सिद्धान्त (Principle of Identity Masking)............................................................... ९

२.३.९ असंलग्नता सिद्धान्त (Principle of Non-Involvement) ............................................................... ९

२.४ कार्यसम्पादन प्रक्रिया र कार्यप्रवाह ........ ९
२.४.१ वार्षिक कार्यतालिका ........ १०
२.४.२ विज्ञापन प्रकाशन ........ १०
२.४.३ दरखास्त सङ्कलन ........ १०
२.४.४ लिखित परीक्षा ........ ११
२.४.५ उत्तरपुस्तिका सङ्केतीकरण र परीक्षण ........ ११
२.४.६ लिखित परीक्षा नतिजा, अन्तर्वार्ता र सिफारिस ........ ११
२.५ कार्यविभाजन र अधिकार प्रत्यायोजन ........ १२
**परिच्छेद - ३ ........ १४-१९**
**प्रशासनिक तथा वित्तीय स्थिति** ........ १४
३.१ बैठक तथा निर्णय ........ १४
३.२ आयोगको दरबन्दी र पदपूर्ति ........ १६
३.३ भौतिक अवस्था ........ १६
३.४ क्षमता विकास ........ १७
३.५ निरीक्षण ........ १७
३.६ बजेट, निकासा र खर्च ........ १९
३.७ राजश्व र धरौटी ........ १९
३.८ बेरुजु ........ १९
**परिच्छेद - ४ ........ २०**
**परीक्षण प्रविधि, शैक्षिक योग्यता र पाठ्यक्रम** ........ २०
४.१ परीक्षण प्रविधि ........ २०
४.२ शैक्षिक योग्यता र पाठ्यक्रम ........ २०

**परिच्छेद - ५ ........................................................................................ २१-३१**

**विज्ञापन र दरखास्त** ........................................................................................ २१

५.१ पदपूर्ति सम्बन्धी वार्षिक कार्यतालिका ........................................................ २१

५.२ प्रतिशत निर्धारण ........................................................................................ २१

५.३ विज्ञापन ........................................................................................ २२

५.४ दरखास्त ........................................................................................ २२

क) तहअनुसार दरखास्तको वर्गीकरण (स्वीकृत दरखास्त अनुसार) ................. २३

ख) खुला तथा समावेशी अनुसार दरखास्त विवरण ........................................ २४

ग) भौगोलिक क्षेत्र अनुसार दरखास्त विवरण ................................................ २५

घ) लिङ्ग अनुसार दरखास्त विवरण ............................................................ २६

ङ) धर्मअनुसार दरखास्त विवरण ................................................................ २७

च) जिल्लाअनुसार दरखास्त विवरण ............................................................ २८

छ) प्रदेशअनुसार दरखास्त विवरण ............................................................ २९

ज) रोजगारीको अवस्थाअनुसार दरखास्त विवरण ........................................ ३०

झ) शारीरिक अवस्थाअनुसार दरखास्त विवरण ............................................ ३१

**परिच्छेद - ६ ........................................................................................ ३२-३७**

**परीक्षा र परीक्षण** ........................................................................................ ३२

६.१ प्रश्नपत्र निर्माण र परिमार्जन ........................................................................ ३२

६.२ लिखित परीक्षा ........................................................................................ ३३

६.२.१ प्रथम चरणको परीक्षा ................................................................................ ३३

६.२.२ लिखित परीक्षा सञ्चालन ............................................................................ ३३

६.२.३ लिखित परीक्षामा कुनै पनि उम्मेदवार सम्मिलित नभएका विज्ञापनहरू ............ ३४

६.२.४ लिखित परीक्षामा अनियमितता गर्ने उम्मेदवारलाई गरिएको कारवाही .............. ३४

६.३ उत्तरपुस्तिका सङ्केतीकरण ....................................................................... ३५

६.४ उत्तरपुस्तिका परीक्षण ............................................................................... ३५

६.५ लिखित परीक्षाबाट उम्मेदवार छनौट नभएका विज्ञापनहरू ........................... ३६

६.६ प्रयोगात्मक परीक्षा ....................................................................................... ३७

**परिच्छेद - ७ ............................................................................................. ३८**

**अन्तर्वार्ता तथा सिफारिस**................................................................................ ३८

७.१ अन्तर्वार्ता ................................................................................................. ३८

७.२ सिफारिस ................................................................................................... ३८

**परिच्छेद - ८ ......................................................................................... ३९-४३**

**समावेशी पदपूर्ति**.............................................................................................. ३९

८.१ समावेशी समूहतर्फ विज्ञापान र दरखास्त .................................................... ३९

८.२ प्रदेश तथा स्थानीय तहको लिखित परीक्षामा उम्मेदवारको उपस्थिति ................ ४०

८.३ समावेशी समूहतर्फ सिफारिस ........................................................................ ४०

८.४ महिला समूहतर्फ सिफारिस ............................................................................ ४१

८.५ आदिवासी/जनजाति समूहबाट सिफारिस .......................................................... ४२

८.६ मधेसी समूहबाट सिफारिस ............................................................................ ४२

८.७ दलित समूहबाट सिफारिस ............................................................................. ४३

८.८ अपाङ्गता भएका समूहबाट सिफारिस ............................................................... ४३

**परिच्छेद - ९ ......................................................................................... ४४-४५**

**परामर्श, उजुरी र अदालती मुद्दा** ....................................................................... ४४

९.१ कर्मचारी सेवाका सर्त सम्बन्धी कानूनका विषयमा परामर्श ................................ ४४

९.२ विभागीय सजायका विषयमा परामर्श .............................................................. ४४

९.३ सम्मानित अदालतमा विचाराधीन मुद्दा ............................................................. ४५

**परिच्छेद - १० ........................................................................ ४६-४७**

**साङ्गठनिक सुधार**.................................................................................... ४६

१०.१ रणनीतिक योजना ........................................................................... ४६

१०.२ परीक्षा प्रणालीमा सुधार ................................................................. ४७

१०.३ प्रविधिको प्रयोग.................................................................................. ४७

१०.३.१ अनलाइन प्रणाली .......................................................................... ४७

१०.३.२ वेवसाइट........................................................................................ ४७

**परिच्छेद - ११ ........................................................................ ४८-५३**

**आयोगबाट सम्पादन भएका कामहरू**........................................................... ४८

११.१ वार्षिक पदपूर्ति कार्यतालिका २०७९।०८० प्रकाशनः.................................. ४८

११.२ आयोगको तेस्रो वार्षिक प्रतिवेदन प्रस्तुतः ................................................. ४८

११.३ पदपूर्ति सम्बन्धमा गरिएको निरीक्षणः ...................................................... ४८

११.४ आयोगको तेस्रो वार्षिकोत्सव, २०७९ ......................................................... ४९

११.५ नेपाली भाषाको उचित प्रयोग र शुद्ध लेखनशैली/विषयक अन्तरक्रिया कार्यक्रम......५०

११.६ लोक सेवा आयोगहरूको दुई दिवसीय तेस्रो राष्ट्रिय सम्मेलनः ..........................५०

११.७ अन्तर प्रदेश लोक सेवा आयोगहरूको भ्रमणः ...............................................५१

११.८ आयोगको सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण (O & M).................................५१

११.९ मुख्य न्यायाधिवक्ताको कार्यालयसँगको छलफल एवम् अन्तरक्रिया कार्यक्रमः ........५२

११.१० माग आकृति फाराम पठाउन ध्यानाकर्षणः..................................................५२

११.११ स्वागत र विदाइ कार्यक्रमः.......................................................................५२

११.१२ प्रमुख सचिव र सचिवहरूसँग आयोगका पदाधिकारीहरूको बैठकः....................५३

**परिच्छेद — १२ ........................................................................ ५४-५६**

**आयोगले जिम्मेवारी निर्वाहमा देखेका समस्याहरू**...........................................५४

१२.१ आयोगमा कर्मचारीको कमी.......................................................................५४

१२.२ भौतिक पूर्वाधारको अभावः.........................................................................५४

१२.३ सवारी साधन र पारिश्रमिक सुविधा ....................................................५५

१२.४ रिक्त पदहरू लुकाउने प्रवृत्ति....................................................५५

१२.५ प्रदेश निजमती सेवा नियमावली र स्थानीय सेवा (गठन तथा सञ्चालन) नियमावली नहुँदा कामकारबाहीमा जटिलता....................................................५६

**परिच्छेद - १३ ....................................................५७**

**सुझाव तथा कार्यान्वयनको स्थिति** ....................................................५७

**अनुसूचीहरू ....................................................५९--१५६**

अनुसूची - १: सङ्गठन संरचना....................................................५९

अनुसूची - २: दरबन्दी तथा पदपूर्तिको अवस्था....................................................६०

अनुसूची - ३: वि. सं. २०७९ श्रावण १ गतेदेखि २०८० असार मसान्तसम्म कार्यरत कर्मचारीको विवरण....................................................६१

अनुसूची - ४: भौतिक स्रोत साधनको अवस्था....................................................६३

अनुसूची - ५: विनियोजित बजेट र सो सम्बन्धी खर्चको विवरण ....................................................६४

अनुसूची - ६: आर्थिक विवरणहरू....................................................६५

अनुसूची - ७: राजश्व र धरौटीको विवरण....................................................६९

अनुसूची - ८: बेरुजु फछ्र्यौटको स्थिति ....................................................७०

अनुसूची - ९: शैक्षिक योग्यताको निर्धारण र पाठ्यक्रम निर्माणसम्बन्धी विवरण ........७१

अनुसूची - १०: वार्षिक पदपूर्ति कार्यतालिका....................................................७४

अनुसूची - ११: आ.व. २०७९/८० मा भएका विज्ञापन सम्बन्धी विवरण.................७६

अनुसूची - १२: दरखास्त दिने उम्मेदवारहरू र परीक्षामा सम्मिलित उम्मेदवारहरूको विस्तृत विवरण ....................................................८८

अनुसूची - १३: आ.व.२०७९/८० मा लिखित परीक्षाबाट अन्तर्वार्ताका लागि छनौट भएका उम्मेदवारको समावेशी विवरण ....................................................९५

अनुसूची - १४: अन्तर्वार्ता तथा सिफारिस सम्बन्धी विस्तृत विवरण........................१००

अनुसूची - १५: प्रदेश लोक सेवा आयोग, बागमती प्रदेश विपक्षीलाई विपक्षी बनाइएका सम्मानित सर्वोच्च अदालत र उच्च अदालतहरूमा विचाराधीन रहेका मुद्दाहरू सम्बन्धी जानकारी ....................................................१०४

अनुसूची - १६: प्रदेश प्रमुख श्री यादवचन्द्र शर्मासमक्ष प्रदेश लोक सेवा आयोग, बागमती प्रदेशको तेस्रो वार्षिक प्रतिवेदन २०७८/७९ प्रस्तुती.....................१०९

अनुसूची - १७: नेपाली भाषाको उचित प्रयोग र शुद्ध लेखनशैली विषयक अन्तरक्रिया कार्यक्रम सम्बन्धी प्रेश विज्ञप्ती ...........................................११३

अनुसूची - १८: लोक सेवा आयोगहरूको तेस्रो राष्ट्रिय सम्मेलनको घोषणापत्र ...........११६

अनुसूची - १९: सङ्घीय निजामती सेवा ऐनमा समावेश गर्नुपर्ने विषयमा प्रदेश लोक सेवा आयोग, बागमती प्रदेशको सुझाव .......................................११९

अनुसूची - २०: बागमती प्रदेश अन्तर्गतका सबै स्थानीय तहहरूलाई गराइएको ध्यानाकर्षण पत्र...................................................................१२३

अनुसूची - २१: अधिकृतस्तर छैटौंको विज्ञापन एवम् नतिजा प्रकाशन र सिफारिससम्बन्धी आयोगको निर्णय..................................................................१२४

अनुसूची - २२: बढुवा सिफारिस उपर उजुरीहरूको विवरण र निर्णयको संक्षिप्त व्यहोरा.....................................................................१२७

अनुसूची - २३: आधिकारिक राय प्रतिक्रिया सहित माग गरिएको कागजातहरू प्रेषित गर्ने सम्बन्धी आयोगको निर्णय.................................................१३४

अनुसूची - २४: प्रदेश निजामती सेवाको गठन, सञ्चालन र सेवाका सर्तहरू सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक (२०७९) मा आयोगको परामर्श सम्बन्धमा । ..........................................................१४१

अनुसूची - २५: स्थानीय तहका सेवाको गठन तथा सञ्चालन सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक (२०७९) मा सुधार गर्न अत्यावश्यक कुराहरू........१४६

अनुसूची - २६: आयोगको कामकारवाहीका केही झलकहरू................................१५७

# परिच्छेद – १
# आयोगको गठन र कार्य क्षेत्र

## १.१ ऐतिहासिक पृष्ठभूमि

सरकारी सेवामा योग्य, सक्षम र प्रतिस्पर्धी व्यक्तिहरूको भर्ना सुनिश्चित गरी सरकारी सेवालाई नतिजामुखी र सेवामुखी बनाउने उद्देश्यका साथ नेपाल सरकार वैधानिक कानून, २००४ को धारा ६५ मा 'दरखास्त परिषद्' को व्यवस्था गरिएको थियो। उक्त व्यवस्थासँगै नेपालमा योग्यता प्रणालीको प्रवर्द्धन गर्ने निकायको रूपमा लोक सेवा आयोगको इतिहासको प्रारम्भ भएको हो। नेपाल सरकार वैधानिक कानून, २००४ लागू हुन नसकेको कारणले गर्दा सो परिषद्ले मूर्त रूप भने पाउन सकेन। वि.सं. २००७ सालमा जारी भएको नेपालको अन्तरिम शासन विधान, २००७ को धारा ६४ मा व्यवस्था भएबमोजिम पब्लिक सर्भिस कमिशनको स्थापना वि.सं. २००८ साल असार १ गते भएको थियो। नेपाल अधिराज्यको संविधान, २०१५ को धारा ५९ मा लोक सेवा आयोगको व्यवस्था गरी धारा ६० मा 'सरकारका सबै सेवा वा पदमा भर्नाको निमित जाँच गर्ने' कर्तव्य तोकी योग्यता प्रणालीलाई मलजल गर्ने कार्यको सुरूवात भएको थियो। लोक सेवा आयोगको स्थापना भएको करिब ६४ वर्षपछि वि.सं. २०७२ साल असोज ३ गते जारी भएको नेपालको संविधानको भाग २३ बमोजिम लोक सेवा आयोग र ७ वटा प्रदेश लोक सेवा आयोग गरी मुलुकभर आठवटा लोक सेवा आयोगहरू स्थापना भएको हो।

नेपालको संविधानको धारा २४४ को उपधारा (१) मा प्रत्येक प्रदेशमा प्रदेश लोक सेवा आयोग रहने व्यवस्था भएबमोजिम सङ्घीय सरकारको प्रदेश लोक सेवा आयोग (आधार र मापदण्ड निर्धारण) ऐन, २०७५ बमोजिमको आधार र मापदण्डलाई आत्मसात गर्दै आयोगको गठन, काम, कर्तव्य, अधिकार र कार्यविधिका सम्बन्धमा व्यवस्था गर्न प्रदेश लोक सेवा आयोग ऐन, २०७६ बागमती प्रदेशको प्रदेश सभाबाट मिति २०७६ साल भाद्र २८ गते पारित भई प्रदेश प्रमुखबाट मिति २०७६ साल असोज २८ गते प्रमाणीकरण भएको हो।

प्रदेश लोक सेवा आयोग ऐन, २०७६ को दफा (४) बमोजिम २०७६ साल मङ्सिर २ गते अध्यक्षको नियुक्तिसँगै प्रदेश लोक सेवा आयोगको गठन भएको हो। मिति २०७६ साल माघ ६ गते २ जना सदस्यहरूको नियुक्तिसँगै आयोगले पूर्णता पाएको हो।

बागमती प्रदेशको प्रदेश निजामती सेवा, प्रदेश अन्य सरकारी सेवा, स्थानीय सरकारी सेवा, प्रदेश प्रहरी सेवा, प्रदेश अनुसन्धान व्यूरो, प्रदेश संगठित संस्थाको सेवा तथा स्थानीय तहको संगठित संस्थाको सेवाको पदमा उपयुक्त उम्मेदवारको छनौटमा स्वच्छता तथा निष्पक्षता कायम गरी योग्यता प्रणालीलाई प्रवर्द्धन गर्दै सार्वजनिक प्रशासनलाई सक्षम, सुदृढ र सेवामुखी बनाउन प्रदेश लोक सेवा आयोगको स्थापना भएको हो।

## १.२ आयोगको गठन

प्रदेश लोक सेवा आयोग(आधार र मापदण्ड निर्धारण) ऐन, २०७५ र प्रदेश लोक सेवा आयोग ऐन, २०७६ अनुसार आयोगमा कम्तीमा एक जना महिला हुने गरी अध्यक्षसहित बढीमा तीन जना सदस्यहरू रहेन प्रावधान छ। प्रदेश मुख्यमन्त्रीको अध्यक्षतामा प्रदेश सभामुख र प्रदेश सभामा विपक्षी दलको नेता रहेको सिफारिस समितिले समानुपातिक समावेशी सिद्धान्तका आधारमा अध्यक्ष र सदस्यको पदमा नियुक्तिको लागि सिफारिस गर्नुपर्ने व्यवस्था रहेको छ। समितिको सिफारिसको आधारमा प्रदेश प्रमुखबाट अध्यक्ष र सदस्यको नियुक्ति हुने गर्दछ। आयोगका सदस्यहरूमध्ये कम्तीमा एकजना सदस्य बीस वर्ष वा सोभन्दा बढी अवधिसम्म कुनै सरकारी सेवामा रहेका व्यक्तिहरूमध्येबाट र बाँकी सदस्यहरू विज्ञान, प्रविधि, कला, साहित्य, कानून, जनप्रशासन, समाजशास्त्र वा राष्ट्रिय जीवनका अन्य क्षेत्रमा शोध, अनुसन्धान, अध्यापन वा अन्य कुनै महत्वपूर्ण कार्य गरी ख्याति प्राप्त व्यक्तिहरूमध्येबाट नियुक्त हुने प्रावधान छ। अध्यक्ष र सदस्यको पदावधि नियुक्ति भएको मितिले छ वर्षको हुने व्यवस्था छ। देहायका योग्यता भएको नेपाली नागरिक अध्यक्ष वा सदस्यको पदमा नियुक्तिका लागि योग्य हुनेछः-

(क) मान्यता प्राप्त विश्वविद्यालयबाट स्नातकोत्तर उपाधि प्राप्त गरेको,

(ख) नियुक्ति हुँदाको बखत कुनै राजनीतिक दलको सदस्य नरहेको,

(ग) अध्यक्षको हकमा पैंतालीस वर्ष र सदस्यको हकमा पैंतीस वर्ष उमेर पूरा भएको,

(घ) उच्च नैतिक चरित्र भएको।

## १.३ आयोगको काम, कर्तव्य र अधिकार

प्रदेश लोक सेवा आयोग ऐन, २०७६ को दफा १० मा व्यवस्था भए बमोजिम आयोगको काम, कर्तव्य र अधिकार निम्न अनुसार रहेको छः

१. प्रदेश निजामती सेवा, प्रदेश अन्य सरकारी सेवा, प्रदेश सङ्गठित संस्थाको सेवा, स्थानीय सरकारी सेवा वा स्थानीय तहको सङ्गठित संस्थाको सेवाको पदमा नियुक्तिका लागि उपयुक्त उम्मेदवार छनौट गर्न परीक्षा सञ्चालन गर्नु आयोगको कर्तव्य हुनेछ।

२. प्रदेश प्रहरी सेवा र प्रदेश अनुसन्धान ब्युरोको पदपूर्तिका लागि लिइने लिखित परीक्षा आयोगले सञ्चालन गर्नेछ।

३. प्रदेश निजामती सेवा, प्रदेश अन्य सरकारी सेवा, प्रदेश सङ्गठित संस्थाको सेवामा, स्थानीय सरकारी सेवा वा स्थानीय तहको सङ्गठित संस्थाको सेवामा स्थायी नियुक्ति गर्दा आयोगको परामर्श लिनु पर्नेछ।

४. प्रदेश सरकार वा स्थानीय तहबाट निवृत्तिभरण पाउने पदमा आयोगको परामर्श विना स्थायी नियुक्ति गरिने छैन।

५. देहायका विषयमा आयोगको परामर्श लिनु पर्नेछः-

(क) प्रदेश निजामती सेवा, प्रदेश अन्य सरकारी सेवाको पद र स्थानीय सरकारी सेवाको पदमा छ महिनाभन्दा बढी समयका लागि नियुक्ति गर्दा उम्मेदवारको उपयुक्तताको विषयमा,

(ख) प्रदेश निजामती सेवा, प्रदेश अन्य सरकारी सेवा, प्रदेश सङ्गठित संस्थाको सेवा र स्थानीय सरकारी सेवा तथा स्थानीय तहको सङ्गठित संस्थाको सेवाको पदमा कर्मचारीको सेवा, सर्त सम्बन्धी कानूनको विषयमा,

(ग) प्रदेश निजामती सेवा, प्रदेश अन्य सरकारी सेवा, प्रदेश सङ्गठित संस्थाको सेवा र स्थानीय सरकारी सेवा तथा स्थानीय तहको सङ्गठित संस्थाको सेवाको पदमा नियुक्ति,बढुवा र विभागीय कारबाही गर्दा अपनाउनु पर्ने सिद्धान्तको विषयमा,

(घ) प्रदेश प्रहरी सेवा र प्रदेश अनुसन्धान ब्युरोको पदमा नियुक्ति तथा बढुवा गर्दा अपनाउनु पर्ने सिद्धान्तको विषयमा,

(ङ) कुनै एक प्रकारको प्रदेश निजामती सेवा वा स्थानीय सरकारी सेवाको पदबाट अर्को प्रकारको प्रदेश निजामती सेवा वा स्थानीय सरकारी सेवाको पदमा वा प्रदेश अन्य सरकारी सेवाबाट प्रदेश निजामती सेवा वा स्थानीय सरकारी सेवाको पदमा सरुवा वा बढुवा गर्दा वा सेवा परिवर्तन वा स्थानान्तरण गर्दा उम्मेदवारको उपयुक्तताको विषयमा,

(च) आयोगको परामर्श लिनु नपर्ने अवस्थाको पदमा बहाल रहेको कर्मचारीलाई आयोगको परामर्श लिनुपर्ने अवस्थाको पदमा स्थायी सरुवा वा बढुवा गर्ने विषयमा,

(छ) प्रदेश निजामती सेवा, प्रदेश अन्य सरकारी सेवा वा स्थानीय सरकारी सेवाको कर्मचारीलाई दिइने विभागीय सजायको विषयमा।

(६) आयोगले आफ्नो काम, कर्तव्य र अधिकार मध्ये कुनै काम, कर्तव्य र अधिकार आयोगको अध्यक्ष वा कुनै सदस्य वा प्रदेश सरकारको कर्मचारीलाई तोकिएको सर्तको अधीनमा रही प्रयोग तथा पालना गर्ने गरी प्रत्यायोजन गर्न सक्नेछ।

(७) आयोगको अन्य काम, कर्तव्य र अधिकार प्रदेश कानून बमोजिम हुनेछ।

## १.४ प्रतिवेदन

प्रदेश लोक सेवा आयोग ऐन, २०७६ को दफा ११२ र प्रदेश लोक सेवा आयोग नियमावली, २०७६ को नियम ५४ मा आयोगले आफूले गरेको काम कारबाहीको वार्षिक प्रतिवेदन आर्थिक वर्ष समाप्त भएको मितिले तीन महिनाभित्र प्रदेश प्रमुख समक्ष पेस गर्नुपर्ने व्यवस्था रहेको छ। यसरी पेस भएको वार्षिक प्रतिवेदन मुख्यमन्त्री मार्फत प्रदेश सभामा पेस हुने र पेस भएको वार्षिक प्रतिवेदनमाथि प्रदेश मामिला समितिमा छलफल हुने प्रावधान रहेको छ। सोहीबमोजिम आयोगले यो प्रतिवेदन तयार गरेको छ।

# परिच्छेद - २

# आयोगको कार्यसम्पादनका आधारहरू

## २.१ संस्थागत प्रबन्ध

### २.१.१ संविधान

नेपालको संविधानको भाग २३ को धारा २४४ मा प्रत्येक प्रदेशमा प्रदेश लोक सेवा आयोग रहने व्यवस्था गरेको छ। प्रदेश लोक सेवा आयोगको गठन, काम, कर्तव्य र अधिकार प्रदेश कानून बमोजिम हुने र यसका लागि सङ्घीय संसदले कानून बनाई आधार र मापदण्ड निर्धारण गर्ने व्यवस्था रहेको छ।

### २.१.२ कानूनहरू

प्रदेश लोक सेवा आयोगको गठन, काम, कर्तव्य र अधिकार सम्बन्धी आधार र मापदण्ड निर्धारण गरी प्रदेश निजामती सेवा, प्रदेश प्रहरी सेवा, प्रदेश अन्य सरकारी सेवा, प्रदेश सङ्गठित संस्थाको सेवा, स्थानीय सेवा तथा स्थानीय तहको सङ्गठित संस्थाको पदमा उपयुक्त उम्मेदवारको छनौटमा स्वच्छता तथा निष्पक्षता कायम गरी योग्यता प्रणालीलाई प्रवर्द्धन गर्दै सार्वजनिक प्रशासनलाई सक्षम, सुदृढ र सेवामुखी बनाउन सङ्घीय संसदले प्रदेश लोक सेवा आयोग (आधार र मापदण्ड निर्धारण) ऐन, २०७५ बनाएको हो। यसैका आधारमा बागमती प्रदेश सभाले प्रदेश लोक सेवाको कार्यसम्पादनलाई प्रभावकारी बनाउनका लागि प्रदेश लोक सेवा आयोग ऐन, २०७६ लाई कार्यान्यवनमा ल्याएको छ । यो ऐनले दिएको अधिकारी प्रयोग गरी आयोगले प्रदेश लोक सेवा आयोग नियमावली, २०७६ बनाई कार्यान्वयनमा ल्याएको छ। आयोगले आफ्नो कार्यसम्पादनको सिलसिलामा प्रयोग गर्ने हाल प्रचलित मुख्य कानून, मापदण्ड एवम् कार्यविधिहरूको सूची देहाय अनुसार छः

- नेपालको संविधान
- प्रदेश लोक सेवा आयोग (आधार र मापदण्ड) ऐन, २०७५
- कर्मचारी समायोजन ऐन, २०७५
- निजामती सेवा ऐन, २०४९ तथा निजामती सेवा नियमावली, २०५०
- प्रदेश लोक सेवा आयोग ऐन, २०७६ तथा प्रदेश लोक सेवा आयोग नियमावली, २०७६

- नेपाल स्वास्थ्य सेवा ऐन, २०५३ तथा नेपाल स्वास्थ्य सेवा नियमावली, २०५५
- विभिन्न सेवा, समूह सञ्चालन सम्बन्धी प्रचलित ऐन तथा नियमावलीहरू
- प्रदेश निजामती सेवा ऐन, २०७९
- स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०७९
- प्रदेश लोक सेवा आयोगका पदाधिकारी एवं दक्ष/विज्ञ र कर्मचारीहरूको आचारसंहिता, २०७६
- प्रदेश लोक सेवा आयोगका समय–समयका निर्णयहरू
- लोक सेवा आयोगबाट प्रतिपादित विभिन्न सिद्धान्तहरू
- लोक सेवा आयोगको कार्यसम्पादनसँग सम्बन्धित ऐन, नियम र निर्देशिकाहरू।

## २.२ सङ्गठनात्मक संरचना र कार्यक्षेत्र

प्रदेश लोक सेवा आयोगको मुख्य कार्यालय बागमती प्रदेशको राजधानी हेटौँडामा स्थापना गरिएको छ। साथै आयोगको कामकारबाहीलाई सहज तथा सरल बनाउनका लागि प्रदेशका अन्य जिल्लाहरू खासगरी काठमाडौं उपत्यकामा पनि शाखा कार्यालय वा सम्पर्क कार्यालयको स्थापना गर्ने योजना यस आयोगले बनाएको छ। आयोग स्थापना भएको ३ वर्ष ८ महिना व्यतित भइसक्दा पनि आयोग समक्ष संरचनागत र मानव संसाधन परिपूर्ति गर्ने चुनौती खडा भएको छ। प्रदेश सरकार अन्तर्गतका कार्यालयहरूको सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण गर्ने कार्य सम्पन्न गरेबमोजिम आयोगको दरबन्दी ४९ जना निर्धारण भएता पनि २२ जना दरबन्दी मात्र पदपूर्ति भएको छ।

बागमती प्रदेश सरकारबाट स्वीकृत आयोगको अस्थायी सङ्गठन संरचना र दरबन्दी बमोजिम आयोगमा ११ औं तहको अधिकृत सचिव रहने व्यवस्था सहित कुल ४९ जनाको दरबन्दी कायम गरिएकोमा हाल सङ्गठन तथा व्यवस्थापन सर्वेक्षणमा ४२ जनाको दरबन्दी प्रस्ताव गरी स्वीकृतिको लागि मुख्यमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालयमा पठाइएको छ । यस आयोगमा प्रशासन तथा अनुगमन महाशाखा, परीक्षा महाशाखा र नतिजा प्रकाशन तथा सिफारिस महाशाखा गरी जम्मा ३ वटा महाशाखा रहेका छन् । प्रशासन तथा अनुगमन महाशाखा अन्तर्गत प्रशासन, अनुगमन तथा सूचना प्रकाशन शाखा, जिन्सी इकाई, दर्ता चलानी तथा सहायता कक्ष, कानून शाखा, सूचना प्रविधि शाखा पर्दछन भने परीक्षा महाशाखा अन्तर्गत पाठ्यक्रम तथा परीक्षण प्रविधि

शाखा, परीक्षा सञ्चालन शाखा, लिखित परीक्षा नतिजा तयारी शाखा पर्दछन । नतिजा प्रकाशन तथा सिफारिस महाशाखा अन्तर्गत नतिजा प्रश्नपत्र परिमार्जन शाखा, लिखित परीक्षा नतिजा प्रकाशन शाखा, अन्तर्वार्ता तथा सिफारिस शाखा रहेका छन्। आयोगको सङ्गठन संरचना र दरबन्दी सम्बन्धी विस्तृत विवरण अनूसूची १ मा उल्लेख गरिएको छ।

प्रदेश लोक सेवा आयोग ऐन, २०७६ र प्रदेश लोक सेवा आयोग नियमावली, २०७६ बमोजिम बागमती प्रदेश अन्तर्गत रहेका विभिन्न मन्त्रालय तथा निकायहरू, स्थानीय तहहरू, प्रदेश प्रहरी, प्रदेश अनुसन्धान ब्युरो, प्रदेश सङ्गठित संस्थाको सेवा र स्थानीय तहको सङ्गठित संस्थाको सेवामा पदपूर्ति गर्ने कार्यक्षेत्र रहेको छ।

## २.३ आयोगबाट कार्यसम्पादन हुँदा अवलम्बन गरिने सिद्धान्तहरू

### २.३.१ योग्यताको सिद्धान्त (Principle of Merit)

सम्बन्धित पदको कार्यसम्पादन गर्न आवश्यक पर्ने ज्ञान, सीप, मनोभाव आदिको परीक्षण गर्ने गरी पाठ्यक्रम निर्माण हुने र सोही पाठ्यक्रम बमोजिम परीक्षा सञ्चालन हुने हुँदा नियुक्तिका लागि सिफारिस हुने उम्मेदवार सो पदको कार्यसम्पादन गर्नका लागि योग्य हुने विश्वास गरिन्छ। आयोगबाट सञ्चालन हुने परीक्षाहरूमा उच्चतम अङ्क प्राप्त गरी अग्रस्थानमा रहेका उम्मेदवारलाई नियुक्तिको लागि सिफारिस गरिन्छ।

### २.३.२ गोपनीयताको सिद्धान्त (Principle of Confidentiality)

परीक्षा प्रणालीलाई पूर्णतः विश्वसनीय बनाउने र सरकारी सेवामा योग्य व्यक्तिहरूको भर्ना सुनिश्चित गर्ने प्रयोजनको लागि पदपूर्ति प्रक्रियाका विभिन्न चरणहरूमा आयोगले गोपनीयता कायम राख्दछ। आयोगबाट लिइने विभिन्न परीक्षाका प्रश्नपत्रहरूको निर्माण, परिमार्जन र छनौटको कार्य पूर्ण गोप्य रहन्छ। आयोगको अनलाइन डाटावेसमा रहेका व्यक्तिगत सूचनाहरू गोप्य रहेको सुनिश्चित गरिन्छ।

### २.३.३ स्वच्छताको सिद्धान्त (Principle of Fairness)

आयोगका सम्पूर्ण काम कारबाहीहरूमा इमान्दारिता, जिम्मेवारीपन, विश्वसनीयता र उत्तरदायित्व सुनिश्चित गरिन्छ। आयोगले लिने निर्णयहरू र आयोगबाट सञ्चालन हुने क्रियाकलापलाई स्वच्छ र वस्तुपरक बनाउन आवश्यक संस्थागत, संरचनागत एवं कार्यविधिगत प्रबन्ध गरिन्छ ।

### २.३.४ निष्पक्षताको सिद्धान्त (Principle of Impartiality)

योग्यता प्रणालीको संरक्षक तथा प्रवर्द्धकका रूपमा स्थापित यस आयोगका निर्णय र परीक्षासम्बन्धी कामकारबाहीहरूबाट कोही कसैलाई अन्याय नहुनेमा पूर्ण सजगता अपनाइन्छ भने कुनैपनि ढङ्गले कसैलाई पनि पक्षपात गरिँदैन। आयोगका निर्णयहरू पूर्वाग्रहरहित हुन्छन् । आयोगले परीक्षा सम्बन्धी कामकारबाहीमा भनसुन तथा दबाब जस्ता क्रियाकलापलाई अस्वीकार गरी स्वच्छ प्रतिस्पर्धाका आधारमा सबल र सक्षम व्यक्तिलाई सिफारिस गरिन्छ।

### २.३.५ समावेशीताको सिद्धान्त (Principle of Inclusiveness)

पदपूर्तिका लागि आयोगमा माग भई आएका पदहरूमा राज्यको समावेशीकरण नीति बमोजिम प्रतिशत निर्धारण गरी सम्बन्धित समूहका उम्मेदवार बीच मात्र प्रतिस्पर्धा गराई पदपूर्ति गरिन्छ। प्रदेश लोक सेवा आयोग ऐन, २०७६ बमोजिम अन्तर्वार्ता समिति गठन गर्दा समावेशी सहभागिता सुनिश्चित गर्ने प्रावधान रहेको छ।

### २.३.६ समान अवसरको सिद्धान्त (Principle of Equal Opportunity)

आयोगबाट हुने विज्ञापनमा सम्बन्धित पदका लागि योग्यता पुग्ने नेपाली नागरिकको पहुँच सुनिश्चित गर्न आवश्यक प्रबन्ध मिलाइन्छ। योग्यता पुगेका सबै सम्भाव्य नेपाली नागरिकहरूलाई कानून बमोजिम खुला एवम् समावेशी विधिबाट परीक्षामा सहभागी गराई प्रतिस्पर्धात्मक माध्यमबाट छनौट हुने समान अवसर प्रदान गरिन्छ।

### २.३.७ द्विअन्ध सिद्धान्त (Principle of Double Blind)

आयोगले पदपूर्ति प्रक्रियाको कुनै एक गोप्य चरणमा संलग्न हुने पदाधिकारी, विज्ञ वा कर्मचारीलाई सो प्रक्रियाको अन्य चरणमा संलग्न गराइँदैन र जानकारी समेत दिइँदैन। उत्तरपुस्तिका परीक्षण गर्ने परीक्षकले कुन परीक्षार्थीको उत्तरपुस्तिका परीक्षण गरेको, थाहा नपाउने विधि अवलम्बन गरिन्छ। प्राप्ताङ्क तालिकीकरण गर्ने कर्मचारी कुन प्राप्ताङ्क कसको हो भन्ने बारेमा पूर्णतः अनभिज्ञ रहन्छ। पहिलो कोडिङमा संलग्न व्यक्ति दोस्रो कोडिङमा सहभागी हुन नसक्ने व्यवस्था गरिन्छ। अन्तर्वार्ता समितिका सदस्यहरू अन्तर्वार्ता दिँदै गरेको उम्मेदवारको लिखित परीक्षाको प्राप्ताङ्कका बारेमा पूर्णतः अनभिज्ञ हुन्छन। त्यस्तै आयोगका हरेक महाशाखाहरूलाई विशिष्टीकृत जिम्मेवारी

प्रदान गरिएको हुन्छ। कुनै एक शाखा वा महाशाखाको काममा अर्को शाखा वा महाशाखाको पहुँच नहुने गरी कार्यव्यवस्था मिलइएको हुन्छ।

### २.३.८ परिचय-शून्यताको सिद्धान्त (Principle of Identity Masking)

लिखित परीक्षा सकिएपछि आयोगले उत्तरपुस्तिका परीक्षण गराउनु अगावै उम्मेदवारले उत्तरपुस्तिकामा लेखेको सबै व्यक्तिगत विवरणहरूलाई दोहोरो कोडिङ गरी उत्तर पुस्तिकाबाट अलग गराई कोड परिचय कायम गरिन्छ। यसो गर्दा विज्ञ तथा कर्मचारीले उक्त उत्तरपुस्तिका कसको हो भन्ने कुरा थाहा पाउँदैनन्। यसबाट उत्तरपुस्तिकाको निष्पक्ष र निर्वैयक्तिक परीक्षण सुनिश्चित हुन्छ। त्यस्तै उत्तरपुस्तिका परीक्षण पश्चात वैयक्तिक पहिचानविहीन रूपमा प्राप्ताङ्कको तालिका तयार पारिन्छ। अन्तर्वार्ता लगायत छनौट प्रक्रियाका सम्पूर्ण परीक्षाका अङ्कहरू एकीकृत गरेपश्चात् मात्र छनौट हुने उम्मेदवारको वैयक्तिक पहिचान विसङ्केतीकरण प्रक्रिया मार्फत पत्ता लगाइन्छ।

### २.३.९ असंलग्नता सिद्धान्त (Principle of Non-Involvement)

आयोगबाट सञ्चालन हुने परीक्षा सम्बन्धी कार्यहरूमा आयोगका पदाधिकारी, कर्मचारी वा विज्ञका परिवारका सदस्य वा नातेदार व्यक्ति सहभागी हुने भएमा उक्त परीक्षाका सबै चरणमा पदाधिकारी, कर्मचारी वा विज्ञलाई सहभागी गराइँदैन । यसबाट आयोगको कामकारबाहीमा निष्पक्षता कायम भई योग्यता प्रणालीको संरक्षण र प्रवर्द्धन हुने देखिन्छ।

## २.४ कार्यसम्पादन प्रक्रिया र कार्यप्रवाह

प्रदेश लोक सेवा आयोग, बागमती प्रदेश बागमती प्रदेशभित्रका सरकारी सेवामा योग्य व्यक्तिको छनौट गरी योग्यता प्रणालीको संरक्षण र प्रवर्द्धन गर्न नेपालको संविधानबमोजिम स्थापना भएको संवैधानिक निकाय हो। बागमती प्रदेशको प्रदेश निजामती सेवा, प्रदेश अन्य सरकारी सेवा, स्थानीय सरकारी सेवा, प्रदेश सङ्गठित संस्थाको सेवा, स्थानीय तहको सङ्गठित संस्थाको सेवाको विभिन्न पदहरूमा उपयुक्त उम्मेदवार छनौट गर्नको लागि आयोगले अवलम्बन गर्ने कार्यप्रक्रिया देहायबमोजिम उल्लेख गरिएको छः

### २.४.१ वार्षिक कार्यतालिका

आयोगले हरेक आर्थिक वर्षमा वार्षिक कार्यतालिका सार्वजनिक गर्ने नीति लिएको छ। प्रदेश निजामती सेवा, स्थानीय सरकारी सेवा र प्रदेश प्रहरी, प्रदेश अनुसन्धान ब्युरो तथा स्थानीय तहका अन्य सङ्गठित संस्थाका लागि आयोगबाट प्रत्येक आर्थिक वर्षका लागि पदपूर्ति सम्बन्धी वार्षिक कार्यतालिका तयार गरी लागू गरिने छ। जसबाट आयोगको पदपूर्ति सम्बन्धी कामकारबाहीलाई प्रभावकारी, कार्यक्षमतापूर्ण र मितव्ययी बनाउन मद्धत पुग्ने देखिन्छ। यस आ.व. २०७९/८० का लागि आयोगले मिति २०७९/०४/१९ मा आफ्नो वार्षिक पदपूर्ति कार्यतालिका सार्वजनिक गरेको थियो ।

### २.४.२ विज्ञापन प्रकाशन

प्रदेश निजामती सेवा र स्थानीय सरकारी सेवाको हकमा कार्यतालिकामा निर्धारित समयमा सम्बन्धित मन्त्रालय, निर्देशनालय र कार्यालयले रिक्त दरबन्दी अनुसारको पद, सेवा, समूह, उपसमूह र तह समेत खुल्ने गरी माग आकृति फाराम भरी पठाएपछि आयोगले कानून बमोजिम प्रतिशत निर्धारण गरी बढुवा, आन्तरिक प्रतियोगिता, खुला तथा समावेशी समूहहरूमा पदसङ्ख्या छुटयाई लिखित परीक्षा हुने मिति र समय निर्धारण गरी आयोगले विज्ञापन/सूचना प्रकाशन गरी दरखास्त आह्वान गर्दछ। यस्तो सूचना/विज्ञापन राष्ट्रियस्तरको दैनिक पत्रिका तथा आयोगको वेबसाइटबाट समेत प्रकाशन गरिन्छ।

प्रदेश सङ्गठित संस्थाको रुपमा रहेको मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठानको रिक्त दरबन्दीमा पदपूर्ति गर्ने कार्य आयोगको कार्यक्षेत्र भएकोले वार्षिक कार्यतालिकामा निर्धारित समयमा मागबमोजिम पदपूर्ति गर्नेसमेत आयोगले विज्ञापन/सूचना प्रकाशित गर्दछ ।

### २.४.३ दरखास्त सङ्कलन

विज्ञापन प्रकाशन भएपछि सूचनामा दिइएको म्यादभित्र प्रदेश निजामती सेवा र स्थानीय सरकारी सेवा तर्फका खुला तथा आन्तरिक प्रतियोगिताका विज्ञापनमा अनलाइन मार्फत दरखास्त सङ्कलन गरिन्छ भने बढुवातर्फका दरखास्त फाराम आयोगका कार्यालयमा नै बुझाउनुपर्दछ।

### २.४.४ लिखित परीक्षा

विज्ञापन प्रकाशन भएसँगै विज्ञापन भएका पदहरूको परीक्षा सञ्चालनको लागि विज्ञहरूको सेवा लिई प्रश्नपत्रहरू तयार गरिन्छ। सङ्केतका आधारमा विज्ञहरूबाट कच्चा प्रश्नपत्रहरू निर्माण गराइन्छ र प्रश्नपत्र परिमार्जन गर्ने विज्ञबाट प्राप्त कच्चा प्रश्नपत्रहरूको परिमार्जन गरी परीक्षामा प्रयोग हुने प्रश्न सेटहरू तयार गरी सिलवन्दी गरिन्छ। प्रश्नपत्र परिमार्जन गर्ने विज्ञलाई कच्चा प्रश्नपत्र निर्माण कुन विज्ञबाट गराइएको हो भन्ने जानकारी हुँदैन। दक्ष विज्ञबाट परिमार्जन भएका प्रश्नका सिलवन्दी सेटहरू मध्येबाट आयोगका अध्यक्षले तोकिदिएको प्रश्न सेटको प्रयोग गरी आयोगले विज्ञापन भएका पदहरूको लिखित परीक्षा तोकिएको मितिमा सञ्चालन गर्दछ।

### २.४.५ उत्तरपुस्तिका सङ्केतीकरण र परीक्षण

लिखित परीक्षा सञ्चालन भएपछि सम्बन्धित उम्मेदवारहरूको उत्तरपुस्तिकामा अलग अलग जनशक्तिले दुई अलग चरणमा प्रथम र द्वितीय सङ्केत नम्बर राखी सङ्केतीकरण गरिन्छ र उम्मेदवारको व्यक्तिगत विवरण भएको भागलाई उत्तरपुस्तिकाबाट अलग गरी सिलबन्दी रूपमा अलग अलग स्थानमा राखिन्छ। यसरी सङ्केतीकरण भईसकेपछि आयोगले तोकेको पदाधिकारीबाट सम्बन्धित विषय विज्ञ मनोनयन गरी उत्तरपुस्तिका परीक्षण गराइन्छ।

### २.४.६ लिखित परीक्षा नतिजा, अन्तर्वार्ता र सिफारिस

विज्ञहरूबाट उत्तरपुस्तिका परीक्षण गराई उम्मेदवारले प्राप्त गरेको प्राप्ताङ्क तथा माग पद सङ्ख्याको तुलनामा आयोगको प्रदेश लोक सेवा आयोग ऐन तथा नियमावलीमा उल्लखित व्यवस्थाका आधारमा माग पदभन्दा निश्चित थप सङ्ख्यामा सम्बन्धित विज्ञापनमा अधिकतम अङ्क प्राप्त गर्ने उम्मेदवारहरूको सङ्केत नम्बरका आधारमा नतिजा स्वीकृत गरी नतिजामा समावेश भएका सङ्केत नम्बर मात्र नतिजा प्रकाशन गर्न अर्को शाखामा पठाइन्छ र सो शाखाबाट नाम डिकोड गरी नामको वर्णानुक्रमका आधारमा लिखित परीक्षाको नतिजा प्रकाशन गरिन्छ। प्रदेश अन्य सरकारी सेवा, प्रदेश सङ्गठित संस्थाको सेवा र स्थानीय तहको सङ्गठित संस्थाको सेवाको हकमा लिखित परीक्षा नतिजा प्रकाशन गरी अन्तर्वार्ता तथा अन्य परीक्षा कार्यक्रम प्रकाशन गर्न सम्बन्धित निकायमा पठाइन्छ। प्रदेश निजामती सेवा र स्थानीय सरकारी सेवाको हकमा लिखित परीक्षामा छनौट भएका उम्मेदवारहरूको अन्तर्वार्ता एवम् सम्बन्धित पदको पाठ्यक्रम योजना

बमोजिमका प्रयोगात्मक परीक्षासमेतको परीक्षा सञ्चालन हुन्छन्। यसरी अन्तर्वार्ता, लिखित परीक्षा लगायत उक्त सबै परीक्षामा प्राप्त अङ्क जोडी कुल योगका आधारमा अधिकतम अङ्क प्राप्त गर्ने उम्मेदवारहरूलाई स्थायी नियुक्तिको लागि सिफारिस गरिन्छ।

## २.५ कार्यविभाजन र अधिकार प्रत्यायोजन

आयोगले सम्पादन गर्नुपर्ने कामको कार्य विभाजन आयोगको निर्णय बमोजिम हुने व्यवस्था प्रदेश लोक सेवा आयोग ऐन, २०७६ को दफा १३ मा रहेको छ। आयोगले संविधान, यो ऐन र यस ऐन अन्तर्गत बनेको नियम तथा अन्य प्रचलित कानून बमोजिम आफूलाई प्राप्त काम, कर्तव्य र अधिकारमध्ये कुनै काम, कर्तव्य र अधिकार आयोगले तोके बमोजिमको सर्तको अधीनमा रही प्रयोग तथा पालन गर्ने गरी कुनै सदस्य, सदस्यहरूको समिति, आयोगको कुनै कार्यालय वा कर्मचारी वा प्रदेश सरकारको अन्य कुनै कर्मचारीलाई प्रत्यायोजन गर्न सक्ने व्यवस्था प्रदेश लोक सेवा आयोग ऐन, २०७६ को दफा ११५ को उपदफा (१) मा गरिएको छ।

प्रदेश लोक सेवा आयोग ऐन, २०७६ को दफा १३ बमोजिम आन्तरिक कार्यसम्पादनका लागि अध्यक्ष तथा सदस्यहरूको कार्य विभाजन तालिका नं. १ मा उल्लेख गरिएको छ।

**तालिका नं. १**

**आन्तरिक कार्य विभाजन**

| क्र.सं. | पदाधिकारीको नाम | जिम्मेवारी |
|---|---|---|
| १ | माननीय अध्यक्ष सुरेश मान श्रेष्ठ | • प्रशासन तथा सूचना प्रकाशन<br>• आर्थिक प्रशासन<br>• प्रश्नपत्र परिमार्जन<br>• अन्तर्वार्ता तथा सिफारिस |
| २ | माननीय सदस्य सुदर्शन प्रसाद ढकाल | • नीति नियम तथा कानून<br>• परीक्षा सञ्चालन<br>• लिखित परीक्षा नतिजा प्रकाशन<br>• निरीक्षण तथा अनुगमन |
| ३ | माननीय सदस्य शर्मिला नेउपाने | • पाठ्यक्रम तथा परीक्षण प्रविधि<br>• सूचना प्रविधि<br>• लिखित परीक्षा नतिजा तयारी |




चित्र नं. १: पदपूर्ति सम्बन्धी कार्यप्रवाह

# परिच्छेद – ३
# प्रशासनिक तथा वित्तीय स्थिति

## ३.१ बैठक तथा निर्णय

आर्थिक वर्ष २०७९/८० को अवधिमा कुल ४९ पटक आयोग बैठकहरू बसी ४९ वटा निर्णयहरू भएका छन्। आयोगको निर्णय सङ्ख्या तथा तिनको विषयगत वर्गीकरण तालिका २ मा प्रस्तुत गरिएको छ।

### तालिका नं. २
### आयोगका निर्णयहरूको विषयगत विवरण

| क्र.स. | विषय | निर्णय मिति | कैफियत |
|---|---|---|---|
| १ | स्थानीय सेवा (गठन तथा सञ्चालन) अध्यादेश, २०७९ र प्रदेश निजामती सेवा अध्यादेश, २०७९ को मस्यौदामा आयोगको परामर्श | २०७९/०४/१९ | |
| २ | आ.व. ०७९/८० को वार्षिक पदपूर्ति कार्यतालिका सम्बन्धमा | २०७९/०४/१९ | |
| ३ | नतिजा प्रकाशन सम्बन्धमा | २०७९/०४/१९ | |
| ४ | पुनर्योग सम्बन्धमा | २०७९/०५/१२ | |
| ५ | हे.उ.न.पा. बाट राय परामर्श माग गरिएको सम्बन्धमा | २०७९/०५/१९ | |
| ६ | अङ्क सम्बन्धमा | २०७९/०५/१९ | |
| ७ | शैक्षिक योग्यता नपुगेको सम्बन्धी | २०७९/०५/२० | |
| ८ | कुल प्राप्ताङ्क हेर्ने व्यवस्था सम्बन्धी | २०७९/०५/२० | |
| ९ | भरतपुर म.न.पा. को स्थानीय सेवा ऐन, २०७९ मा परामर्श सम्बन्धमा | २०७९/०५/२० | |
| १० | उजुरी सम्बन्धमा | २०७९/०६/०४ | |
| ११ | अन्तर्वार्ता क्रार्यक्रम शंशोधन सम्बन्धमा | २०७९/०७/१४ | |
| १२ | नवौं तहको विज्ञापन प्रकाशन सम्बन्धमा | २०७९/०७/२० | |
| १३ | नवौं तहको पाठ्यक्रम स्वीकृत सम्बन्धमा | २०७९/०७/२० | |
| १३क | नवौं तह विज्ञापन थपघट | २०७९/०८/०७ | |
| १४ | धुलिखेल न.पा. स्थानीय सेवा ऐन परामर्श सम्बन्धमा | २०७९/०८/०७ | |
| १५ | हे.उ.न.पा. स्थानीय सेवा ऐन परामर्श सम्बन्धमा | २०७९/०८/०७ | |

| क.स. | विषय | निर्णय मिति | कैफियत |
|---|---|---|---|
| १६ | विभिन्न सेवाका सातौं र आठौं तहको पाठ्यक्रम सम्बन्धमा (प्राविधिक तर्फ) | २०७९/०८/११ | |
| १७ | सातौं र आठौं तहको विज्ञापन प्रकाशन गर्ने सम्बन्धमा | २०७९/०८/११ | |
| १८ | सातौं र आठौं तहको प्रदेश तर्फको थप विज्ञापन | २०७९/०८/११ | |
| १९ | सातौं तहको पाठ्यक्रम स्वीकृत सम्बन्धमा | २०७९/०८/२७ | |
| २० | पद थप गरी विज्ञापन प्रकाशन गर्ने | २०७९/०८/२७ | |
| २१ | न्युनतम योग्यता सम्बन्धमा | २०७९/०८/२७ | |
| २२ | पाठ्यक्रम स्वीकृत सम्बन्धमा | २०७९/०९/१० | |
| २३ | अप्राविधिक/प्राविधिक पाचौं तहको विज्ञापन गर्ने सम्बन्धमा | २०७९/०९/११ | |
| २४ | अप्राविधिक/प्राविधिक पाँचौं तहको पद थप सम्बन्धमा | २०७९/०९/१३ | |
| २४क | वैकल्पिक सङ्ख्या दोब्बर र अस्थायी सूची ३०% थप गर्ने। | २०७९/०९/१३ | |
| २५ | उत्तरपुस्तिका पुनः परीक्षण गर्ने सम्बन्धमा | २०७९/०९/१८ | |
| २६ | विभागीय कारावाही परामर्श | २०७९/१०/०९ | |
| २७ | प्रदेश निजामती सेवा गठन सञ्चालन र सेवाका सर्तहरू सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक (२०७९) मा आयोगको परामर्श सम्बन्धमा | २०७९/१०/१७ | |
| २८ | स्थानीय सेवाको गठन तथा सञ्चालन सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक (२०७९) मा आयोगको परामर्श सम्बन्धमा | २०७९/१०/१७ | |
| २९ | जेष्ठता र कार्यसम्पादन तथा कार्यक्षमताको मूल्याङ्कनबाट हुने बढुवा सम्बन्धमा | २०७९/१०/२७ | |
| ३० | परीक्षा केन्द्र तोक्ने सम्बन्धमा | २०७९/११/१० | |
| ३१ | स्वीकृत नामावली प्रकाशन र OMR उत्तरपुस्तिका प्रयोग गर्ने सम्बन्धमा | २०७९/११/१० | |
| ३२ | परीक्षा मिति र समय सम्बन्धमा | २०७९/११/१४ | |
| ३३ | परीक्षार्थीलाई कारवाही सम्बन्धमा | २०७९/१२/१४ | |
| ३४ | अख्तियारको उजुरी सम्बन्धमा | २०७९/१२/०३ | |
| ३५ | सङ्घीय निजामती सेवा ऐनमा समावेश गर्नु पर्ने विषयमा लोक सेवा आयोग बागमती प्रदेशको सुझाव | २०७९/१२/१५ | |
| ३६ | आयोगको सचिवलाई अधिकार प्रत्यायोजन | २०७९/१२/१५ | |
| ३७ | समान तह तथा तल्लो तहमा पुनः सिफारिस नगर्ने सम्बन्धमा | २०७९/१२/२७ | |
| ३८ | ११ औं तहको बढुवाको विज्ञापन प्रकाशन गर्ने सम्बन्धमा | २०८०/०१/१० | |

| क्र.स. | विषय | निर्णय मिति | कैफियत |
|---|---|---|---|
| ३८क | छैटौं तहको विज्ञापन एवम् नतिजा प्रकाशन गर्ने सम्बन्धमा | २०८०/०१/२५ | |
| ३९ | ११ औं तहको बढुवाको सूचना संशोधन गरी प्रकाशन गर्ने सम्बन्धमा | २०८०/०१/२६ | |
| ४० | स्वास्थ्य सेवा/हे.ई. समुह/ पाचौं तहको बढुवा सिफारिस उपरको उजुरी सम्वन्धमा | २०८०/०२/०१ | |
| ४१ | आधिकारिक राय प्रतिक्रिया सहित माग गरिएको कागजातहरु प्रेषित गर्ने | २०८०/०२/०४ | |
| ४२ | वि.नं. ०७८/७९ को सेवा समुहको पदमा दरखास्त पेस गरी अन्तर्वार्ताको लागि छनौंट भएका उम्मेद्वारलाई प्रतिस्पर्धाबाट हटाई दरखास्त रद्ध गरिएको | २०८०/०२/२५ | |
| ४३ | परीक्षा रद्ध गरी अन्तरवार्ता सूचीबाट हटाईएको | २०८०/०२/२९ | |
| ४४ | विभागीय सजायको परामर्श सम्बन्धमा | २०८०/०३/२७ | |
| ४५ | आयोगको आ.व. ०८०/८१ को पदपूर्ति कार्यतालिका | २०८०/०३/२९ | |
| ४६ | प्रशासन सेवा सा.प्र. समुह अधिकृत नवौं तहको पाठ्यक्रम परिमार्जन सम्बन्धी | २०८०/०३/२९ | |

## ३.२ आयोगको दरबन्दी र पदपूर्ति

बागमती प्रदेश सरकारबाट स्वीकृत दरबन्दी अनुसार प्रदेश लोक सेवा आयोगको कार्यालयमा कुल ४९ जना कर्मचारीहरूको दरबन्दी रहेको छ । जसमा अधिकृतस्तर १६, सहायकस्तर २५ र तह विहीन ८ दरबन्दी पर्दछन् । आयोगको सङ्गठन संरचना अनुसूची १ मा, दरबन्दी तथा पदपूर्तिको अवस्था अनुसूची २ मा र वि.सं. २०७९ श्रावण १ गतेदेखि २०८० असार मसान्तसम्म कार्यरत कर्मचारीको विवरण अनुसूची ३ मा उल्लेख गरिएको छ ।

## ३.३ भौतिक अवस्था

२०७६ मङ्सिर २ गते अध्यक्षको नियुक्ति भई मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय परिसरमा उपलब्ध गराइएको ३ वटा कोठामा आयोगले ४ महिनासम्म कार्यसञ्चालन गरेको र २०७६ चैत्र १ गतेदेखि २०७९ कार्तिक मसान्तसम्म घरभाडामा लिई कामकारबाही सञ्चालन गरिएको थियो। उक्त घरमा कार्यालयको कोठा अपुग भएकोले २०७९ मङ्सीर १ देखि पुनः

नयाँ घरमा सरी आयोगको कार्यसम्पादन भइरहेको छ । आयोगको आफ्नै घर जग्गा व्यवस्थातर्फ प्रदेश सरकारले सोच्नु पर्ने अवस्था छ, जसबाट आयोगको अन्य भौतिक संरचना र गतिविधिमा सहजता हुनेछ। आयोगका अध्यक्षलाई उपलब्ध गराइएको एउटा सवारी साधन आयोगको नाममा शीघ्र हस्तान्तरण हुनु पर्ने अवस्थामा रहेको छ भने अर्को सवारी साधन मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय बागमती प्रदेश, हेटौंडाबाट उपलब्ध गराइएको तर मर्मत सम्भारमा धेरै रकम लाग्ने अवस्था भएकोले हाल चालू हालतमा नभएको स्थिति छ। आयोगको भौतिक स्रोत साधनहरूको अवस्था अनुसूची ४ मा उल्लेख गरिएको छ।

## ३.४ क्षमता विकास

आयोगले आयोगमा कार्यरत कर्मचारीहरूको क्षमता विकासका लागि कर्मचारीहरूलाई सेवाकालीन तालिमका अवसरका साथसाथै कार्यसम्पादन सम्बन्धी छोटो र लामो अवधिका तालिम तथा गोष्ठीहरू सञ्चालन गर्ने नीति लिएको छ। साथै आयोगले आयोगमा दक्ष/विज्ञहरूका लागि सन्दर्भ सामग्री समेत हुने गरी विभिन्न महत्वपूर्ण पुस्तकहरू खरिद गरी र उपहार स्वरूप प्राप्त पुस्तकहरू एवं महत्वपूर्ण प्रकाशनहरू संग्रहित गरी राखिएका छन् । आ.व. २०७९/८० मा आयोगमा कार्यरत कर्मचारीहरूको क्षमता विकास र तालिमको लागि रु. २०००००.०० विनियोजन भएकोमा कुनै पनि क्षमता विकासको कार्यक्रम सञ्चालन हुन नसकेकोले विनियोजित रकम खर्च नभएको अवस्था छ।

## ३.५ निरीक्षण

संविधान, ऐन, नियमावली र प्रचलित कानून तथा आयोगले समय समयमा तोकेको कार्यविधि र सर्तबमोजिम नियुक्ति, बढुवा र विभागीय कारबाही भएको छ, छैन भन्ने सम्बन्धमा आयोगले प्रदेश सरकारका विभिन्न मन्त्रालय, विभाग, निर्देशनालय र कार्यालय, स्थानीय तह, प्रदेश अन्य सरकारी सेवा सञ्चालन गर्ने निकाय, प्रदेश संगठित संस्था र स्थानीय तहको सङ्गठित संस्थाको निरीक्षण गर्नुपर्ने कानूनी व्यवस्था रहेको छ। ती निकायहरूबाट भए गरेका नियुक्ति, बढुवा तथा विभागीय कारबाहीसम्बन्धी कार्यहरू प्रचलित कानून अनुकूल हुनेगरी परिपालना गराउन आयोगको निरीक्षण कार्यले महत्वपूर्ण भूमिका खेल्ने गर्दछ। कार्यालयहरूको निरीक्षण गर्ने क्रममा उक्त निकायहरूको दरबन्दी संरचना, पूर्ति भएका र रिक्त दरबन्दी, पदपूर्तिका किसिमहरू, अस्थायी, करार तथा

ज्यालादारीमा भएका नियुक्तिहरू, आयोगबाट अवलम्बन गरिएको सिद्धान्त अनुसार कर्मचारीको पदस्थापना, नियुक्ति भए/नभएको लगायतका विषयहरूलाई आधार मानिन्छ । आ.व. २०७९/८० मा बागमती प्रदेशको ११९ स्थानीय तहहरूमध्ये जम्मा १६ वटा स्थानीय तहहरूको मात्र निरीक्षण भएको छ। निरीक्षण भएका स्थानीय तहको विवरण देहायको तालिकामा उल्लेख गरिएको छ।

| सि.नं. | निरीक्षण मिति | निरीक्षण गरेको स्थानीय तह | जिल्ला | निरीक्षण टोली |
|---|---|---|---|---|
| १ | २०७९/१/१५ | टोखा नगरपालिका | काठमाडौं | माननीय अध्यक्ष श्री सुरेश मान श्रेष्ठ<br>माननीय सदस्य श्री शर्मिला नेउपाने<br>सचिव श्री बाबुराम ज्ञवाली<br>अधिकृत सातौं श्री टेकेन्द्र अधिकारी<br>अधिकृत सातौं श्री राजु राज अर्याल |
| २ | २०७९/१/१७ | बुढानिलकण्ठ नगरपालिका | | |
| ३ | २०७९/१/१७ | तारकेश्वर नगरपालिका | | |
| ४ | २०७९/१/१७ | गोदावरी नगरपालिका | ललितपुर | |
| ५ | २०७९/१/२० | भक्तपुर नगरपालिका | भक्तपुर | |
| ६ | २०७९/१/२१ | चाँगुनारायण नगरपालिका | | |
| ७ | २०७९/१/२२ | नागार्जुन नगरपालिका | काठमाडौं | |
| ८ | २०७९/१/२४ | उत्तरगया गाउँपालिका | रसुवा | अधिकृत आठौं श्री श्रीराम पुडासैनी<br>अधिकृत सातौं श्री पदम ओझा<br>अधिकृत छैटौं श्री चिन्ताहरी बास्तोला<br>अधिकृत छैटौं श्री किशोर जोशी<br>सहायक पाँचौं श्री यमुना शर्मा<br>सहायक पाँचौं श्री प्रदिप वाग्ले<br>का.स. श्री खिल बहादुर आले |
| ९ | २०७९/१/२५ | बेनिघाट रोराङ गाउँपालिका | धादिङ | |
| १० | २०७९/१/२६ | कालिका गाउँपालिका | रसुवा | |
| ११ | २०७९/१/२७ | गजुरी गाउँपालिका | धादिङ | |
| १२ | २०७९/१/१३ | राप्ती नगरपालिका | चितवन | अधिकृत छैटौं श्री शक्तिमान कुमाल |

| सि.नं. | निरीक्षण मिति | निरीक्षण गरेको स्थानीय तह | जिल्ला | निरीक्षण टोली |
|---|---|---|---|---|
| १३ | २०७९/१/१४ | भरतपुर महानगरपालिका | | सहायक पाँचौं श्री दिपेश महर्जन |
| १४ | २०७९/१/१५ | कालिका नगरपालिका | | |
| १५ | २०७९/१/१६ | रत्ननगर नगरपालिका | | |
| १६ | २०७९/१/१७ | खैरहनी नगरपालिका | | |

### ३.६ बजेट, निकासा र खर्च

आर्थिक वर्ष २०७९/०८० को लागि विभिन्न शीर्षकहरूमा विनियोजित बजेट र सो सम्बन्धी खर्चको विवरण अनुसूची ५ मा प्रस्तुत गरिएको छ। आर्थिक वर्ष २०७९/०८० मा चालु तर्फ ५६.९२ प्रतिशत र पुंजीगत तर्फ ९४.२६ प्रतिशत मात्र खर्च हुन सकेको छ।आ.व. २०७९/८० को आयोगको आर्थिक विवरण अनुसूची-६ मा प्रस्तुत गरिएको छ ।

### ३.७ राजस्व र धरौटी

आर्थिक वर्ष २०७९/०८० मा आयोगबाट जम्मा रु. ४,८१,७२,७१३.०० (अक्षरुपी चार करोड एकासी लाख बहत्तर हजार सात सय तेह्र मात्र) राजश्व सङ्कलन भएको छ। त्यस्तै आयोगमा जम्मा रु. ९,९५,२१५.०० (अक्षरुपी दश लाख पन्चानब्बे हजार दुई सय पन्ध्र रुपैयाँ) धरौटी मौज्दात रहेको छ। राजश्व र धरौटीको विवरण अनुसूची ७ मा उल्लेख गरिएको छ।

### ३.८ बेरुजु

प्रदेश लोक सेवा आयोग, बागमती प्रदेशको आर्थिक वर्ष २०७९/०८० सम्मको कुल बेरुजु र फछ्यौंट सम्बन्धी विवरण अनुसूची ८ मा प्रस्तुत गरिएकोछ।

# परिच्छेद – ४

# परीक्षण प्रविधि, शैक्षिक योग्यता र पाठ्यक्रम

## ४.१ परीक्षण प्रविधि

व्यक्तिले हासिल गरेको शैक्षिक योग्यताको स्तर र क्षेत्रलाई सार्वजनिक सेवाको पदमा उम्मेदवार बन्ने न्यूनतम सर्तका रूपमा लिइन्छ। पदपूर्ति गर्नुपर्ने सङ्गठन विशेष वा काम विशेषलाई दृष्टिगत गर्दै त्यसका लागि आवश्यक पर्ने ज्ञान, सीप, मनोवृत्ति र व्यवहार शैलीको परीक्षण गर्ने गरी परीक्षण प्रविधिको विकास गरिन्छ। निश्चित पदमा नभई तह विशेषका लागि कर्मचारी भर्ना हुने भएकोले प्रदेश निजामती लगायत विभिन्न सार्वजनिक सेवामा कर्मचारी छनौट गर्दा पद विशेषको भन्दा सेवा/समूह विशेषका साझा गुणहरूको परीक्षण गर्ने गरी विभिन्न परीक्षण प्रविधिहरूको प्रयोग गर्ने गरिन्छ।

## ४.२ शैक्षिक योग्यता र पाठ्यक्रम

प्रदेश निजामती सेवा तथा स्थानीय तहका विभिन्न सेवा, समूह, उपसमूह, तहका पदहरूको शैक्षिक योग्यता निर्धारण र पाठ्यक्रम निर्माण गरिएको छ। यसको विस्तृत विवरण अनुसूची ९ मा उल्लेख गरिएकोछ ।

# परिच्छेद – ५

## विज्ञापन र दरखास्त

### ५.१ पदपूर्ति सम्बन्धी वार्षिक कार्यतालिका

प्रदेश लोक सेवा आयोगले सार्वजनिक सेवाका विभिन्न पदहरूमा पदपूर्ति सम्बन्धी क्रियाकलापहरूको आर्थिक वर्षभरि सम्पादन हुने कार्यहरू समेटिएको वार्षिक कार्यतालिका सम्बन्धित आर्थिक वर्षको पहिलो दिन सार्वजनिक गर्ने नीति लिएको छ। आयोगका पदपूर्ति सम्बन्धी सम्पूर्ण काम कारबाहीहरू सोही कार्यतालिकामा आधारित भई सञ्चालन गरिन्छ। वार्षिक कार्यतालिकामा प्रतिशत निर्धारण, विज्ञापन प्रकाशन, लिखित परीक्षा सञ्चालन, अन्तर्वार्ता तथा सिफारिस लगायतका क्रियाकलापहरू समावेश गरिएका हुन्छन्। आयोगले प्रकाशन गरेका आ.व. २०७९/०८० को पदपूर्ति सम्बन्धी वार्षिक कार्यतालिकाहरू अनुसूची १० मा समावेश गरिएको छ।

### ५.२ प्रतिशत निर्धारण

प्रदेश निजामती सेवा र स्थानीय सरकारी सेवामा रिक्त रहेका पदहरूमा पदपूर्तिका लागि रिक्त भएको एक महिना भित्र सम्बन्धित सेवा सञ्चालन गर्ने मन्त्रालयहरू तथा स्थानीय तहहरूले प्रदेश लोक सेवा आयोगमा माग गरी पठाउनु पर्ने व्यवस्था रहेको छ। यसरी पदपूर्तिको लागि माग प्राप्त भएपछि कुल रिक्त पदहरूमध्ये के कति पद कुन विधिबाट पूर्ति गर्ने भन्ने विषयमा सम्बन्धित सेवा सम्बन्धी कानूनका आधारमा प्रदेश लोक सेवा आयोगबाट प्रतिशत निर्धारण गरिन्छ। आर्थिक वर्ष २०७९/०८० मा विभिन्न सेवा सञ्चालन गर्ने नेपाल सरकारका प्रदेश मन्त्रालय तथा स्थानीय तहहरूबाट प्राप्त मागहरूलाई प्रतिशत निर्धारण गरी पदपूर्तिका कामकारबाहीहरू अगाडि बढाइएको छ।

## ५.३ विज्ञापन

आर्थिक वर्ष २०७९/८० मा आयोगबाट बढुवा, आन्तरिक प्रतियोगिता र खुला तथा समावेशीतर्फ कुल ९५० पदका विज्ञापनहरू प्रकाशन गरिएको थियो । जसमा बढुवातर्फ १५४, अन्तर तहतर्फ ११, आन्तरिक अन्तर सेवातर्फ १०, खुलातर्फ ४८१ र समावेशीतर्फ २९४ पदहरू रहेका थिए। आर्थिक वर्ष २०७९/०८० मा भएका विज्ञापन सम्बन्धी विवरण अनुसूची ११ मा प्रस्तुत गरिएको छ।

## ५.४ दरखास्त

आर्थिक वर्ष २०७९/८० को अवधिमा प्रकाशित आन्तरिक, खुला तथा समावेशी समूहका विज्ञापनका लागि आयोगको अनलाइन दरखास्त प्रणालीमा कुल ५२२३९ जनाले अनलाइन दरखास्त पेस गरेकोमा ४२६८७ जनाको अनलाइन दरखास्त स्वीकृत भएका थिए। जसमा अधिकृतस्तरमा ५,७५५ दरखास्त सङ्कलन र सहायकस्तरमा ३६,९३२ दरखास्त सङ्कलन भएको थियो। आयोगबाट आ.व. २०७९।०८० मा सङ्कलन भएको दरखास्तको विवरण अनुसूची १२ मा उल्लेख गरिएको छ।

प्रतिवेदन अवधिमा सङ्कलन भएको दरखास्तको विवरण तलको तालिका र चित्रमा विश्लेषणात्मक तरिकाले प्रस्तुत गरिएको छ।

क) तहअनुसार दरखास्तको वर्गीकरण (स्वीकृत दरखास्त अनुसार)

तालिका नं. ३

| सि.नं. | तह | दरखास्त सङ्ख्या |
|---|---|---|
| १ | सहायकस्तर पाँचौं | ३६९३२ |
| २ | अधिकृतस्तर सातौं | ४८२१ |
| ३ | अधिकृतस्तर आठौं | ५५८ |
| ४ | अधिकृतस्तर नवौं | ३७६ |
| जम्मा | | ४२,६८७ |



**ख)** **खुला तथा समावेशी अनुसार दरखास्त विवरण**

तालिका नं. ४

| सि.नं. | विवरण | उम्मेदवार सङ्ख्या | | |
|---|---|---|---|---|
| | | आ.व. २०७९/८० | आ.व. २०७८/७९ | आ.व. २०७७/७८ |
| १ | खुला | ४१९१८ | ८०४६९ | ४९४०३ |
| २ | महिला | १३८५५ | २९४९१ | १३१२३ |
| ३ | आदिवासी जनजाति | ६२६१ | ११९१३ | ५९१५ |
| ४ | मधेशी | ४४८४ | १००२४ | ५६४१ |
| ५ | दलित | १४२३ | २३४२ | ७७८ |
| ६ | अपाङ्ग | ३८० | ० | ० |
| ७ | पिछडिएको क्षेत्र | ४० | ० | ० |



## ग) भौगोलिक क्षेत्र अनुसार दरखास्त विवरण

तालिका नं. ५

| सि. नं. | विवरण | उम्मेदवार सङ्ख्या | | |
|---|---|---|---|---|
| | | आ.व. २०७९/८० | आ.व. २०७८/७९ | आ.व. २०७७/७८ |
| १ | हिमाल | १८६१५ | ३५०६१ | १८८४६ |
| २ | पहाड | ५६९२ | १२५४१ | ८०५९ |
| ३ | तराई | १८३०० | ३३८४१ | १९४८९ |
| ४ | अन्य | ८० | २९१ | १६५ |



## घ) लिङ्ग अनुसार दरखास्त विवरण

तालिका नं. ६

| सि.नं. | विवरण | उम्मेदवार सङ्ख्या | | |
|---|---|---|---|---|
| | | आ.व. २०७९/८० | आ.व. २०७८/७९ | आ.व. २०७७/७८ |
| १ | महिला | १५४३९ | ३६०४२ | १७२९२ |
| २ | पुरुष | २७२४६ | ४५६९१ | २९२६७ |
| ३ | अन्य | २ | १ | |



## ङ) धर्मअनुसार दरखास्त विवरण

तालिका नं. ७

| सि.नं. | विवरण | उम्मेदवार सङ्ख्या | | |
|---|---|---|---|---|
| | | आ.व. २०७९/८० | आ.व. २०७८/७९ | आ.व. २०७७/७८ |
| १ | हिन्दु | ३९८४० | ७६०९६ | ४३०९९ |
| २ | बौद्ध | १५४८ | २८३८ | १९८४ |
| ३ | ईसाई | ३४८ | ६०७ | ४०९ |
| ४ | मुस्लिम | ३९७ | ८६५ | ४९० |
| ५ | अन्य | ५५४ | १३२८ | ५७७ |



## च)	जिल्लाअनुसार दरखास्त विवरण

तालिका नं. ८

| सि. नं. | जिल्ला | आ.व. २०७९-८० | आ.व. २०७८-७९ | आ.व. २०७७-७८ | सि.नं. | जिल्ला | आ.व. २०७९-८० | आ.व. २०७८-७९ | आ.व. २०७७-७८ |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | अछाम | ६८४ | १२५७ | ६५७ | ४० | प्यूठान | ५७१ | ९१० | ५२५ |
| २ | अर्घाखाँची | ५८४ | ८७४ | ६७४ | ४१ | बझाङ | ७९५ | १६५८ | ८२० |
| ३ | इलाम | २३२ | ४७२ | २५१ | ४२ | बर्दिया | ६७७ | ११२९ | ७०३ |
| ४ | उदयपुर | ४९१ | ९०२ | ५९० | ४३ | बाँके | ३८१ | ६६२ | ४२५ |
| ५ | ओखलढुङ्गा | ४५४ | ११२५ | ४९० | ४४ | बागलुङ | ४५७ | ८५४ | ५०९ |
| ६ | कञ्चनपुर | ६८० | ११४५ | ८१९ | ४५ | बाजुरा | ४३५ | १०३६ | ३८३ |
| ७ | कपिलवस्तु | ४८३ | ९१४ | ५२७ | ४६ | बारा | १८७१ | २४८४ | १४२७ |
| ८ | काठमाडौं | ७५६ | ८८० | ९७१ | ४७ | बैतडी | ६८५ | १२१३ | ५७६ |
| ९ | काभ्रेपलाञ्चोक | ७२२ | ११५६ | १०८६ | ४८ | भक्तपुर | ४२१ | ४४२ | ६२६ |
| १० | कालिकोट | ५६४ | १६५३ | ५४८ | ४९ | भोजपुर | २६९ | ५०० | २४७ |
| ११ | कास्की | ४९२ | ६१३ | ४९० | ५० | मकवानपुर | १६९९ | २०९० | १७९६ |
| १२ | कैलाली | ८१७ | १२६४ | ८११ | ५१ | मनाङ | २ | ७ | ३ |
| १३ | खोटाङ | ५९९ | १००१ | ५६८ | ५२ | महोत्तरी | १९२० | ३३१५ | १९६८ |
| १४ | गुल्मी | ८३६ | ११५२ | ८७२ | ५३ | मुगु | २३० | ७४८ | २७४ |
| १५ | गोरखा | ७२८ | १३२७ | ९४८ | ५४ | मुस्ताङ | ५ | ३६ | २५ |
| १६ | चितवन | १३०८ | १५३१ | २१२८ | ५५ | मोरङ | ६७४ | ११७९ | ८१७ |
| १७ | जाजरकोट | ५६७ | १३२० | ४८२ | ५६ | म्याग्दी | ८२ | २०९ | १३६ |
| १८ | जुम्ला | १०११ | १९१८ | १००४ | ५७ | रसुवा | १२५ | २१० | १४४ |
| १९ | झापा | ४७१ | ६७८ | ६०६ | ५८ | रामेछाप | ६७३ | ११८८ | ९१५ |
| २० | डँडेलधुरा | ३६५ | ५७६ | ३२९ | ५९ | रुकुम (पश्चिम भाग) | १०२४ | २९२३ | ११८२ |
| २१ | डोटी | ३७३ | ७०० | ३४३ | ६० | रुकुम (पूर्वी भाग) | १०३ | १९८ | १०३ |
| २२ | डोल्पा | १६० | ४१३ | १६९ | ६१ | रुपन्देही | ६५१ | ९६५ | ७७० |
| २३ | तनहुँ | ४६८ | ६६० | ५६३ | ६२ | रोल्पा | ४६१ | १०१७ | ४२५ |
| २४ | ताप्लेजुङ | १४१ | २४० | १२३ | ६३ | रौतहट | १९६८ | ४०४३ | १८५४ |
| २५ | तेह्रथुम | १२३ | १८८ | ११९ | ६४ | लमजुङ | २९५ | ५४६ | ४२२ |
| २६ | दाङ | ७०१ | १२५२ | ७९३ | ६५ | ललितपुर | ४१३ | ५४२ | ५५१ |
| २७ | दार्चुला | ६९४ | १३०४ | ५९० | ६६ | संखुवासभा | २४१ | ६४० | ३१४ |
| २८ | दैलेख | १००३ | १६९२ | ८७४ | ६७ | ससरी | २१३१ | ३८७९ | २३३८ |

| सि.नं. | जिल्ला | आ.व. २०७९-८० | आ.व. २०७८-७९ | आ.व. २०७७-७८ | सि.नं. | जिल्ला | आ.व. २०७९-८० | आ.व. २०७८-७९ | आ.व. २०७७-७८ |
|---|---|---|---|---|---|---|---|---|---|
| २९ | दोलखा | ६८९ | १२९८ | १०३२ | ६८ | सर्लाही | २०७३ | ३७७६ | २०८४ |
| ३० | धनकुटा | २२८ | ४५५ | २१९ | ६९ | सल्यान | ७४२ | १८०१ | ६३७ |
| ३१ | धनुषा | १९८९ | ३३८७ | २१४० | ७० | सिन्धुपाल्चोक | ७२५ | ९७६ | ७७८ |
| ३२ | धादिङ | ८९४ | ११२३ | १२७७ | ७१ | सिन्धुली | १२५१ | १९८७ | १६१५ |
| ३३ | नवलपरासी (बर्दघाट सुस्ता पश्चिम) | ३५३ | ५०० | ३८५ | ७२ | सिरहा | १७०१ | ३२३० | १९०३ |
| ३४ | नवलपरासी (बर्दघाट सुस्ता पूर्व) | ४३३ | ६२५ | ५३४ | ७३ | सुनसरी | ५१८ | १०५३ | ६२६ |
| ३५ | नुवाकोट | ५९५ | ८०२ | ७०७ | ७४ | सुर्खेत | ७४० | १२१४ | ६३६ |
| ३६ | पर्वत | ५०० | ७०५ | ४८९ | ७५ | सोलुखुम्बु | २२९ | ५१८ | २५७ |
| ३७ | पर्सा | ११११ | १४३२ | ८८५ | ७६ | स्याङजा | ७६० | ९०१ | ७२० |
| ३८ | पाँचथर | १२२ | ३३७ | १७२ | ७७ | हुम्ला | ३६२ | ८४२ | ३७६ |
| ३९ | पाल्पा | ४५८ | ७४६ | ४०५ | | | | | |

## छ) प्रदेशअनुसार दरखास्त विवरण

तालिका नं. ९

| सि.नं. | विवरण | उम्मेदवार सङ्ख्या | | |
|---|---|---|---|---|
| | | आ.व. ०७९/८० | आ.व. ०७८/७९ | आ.व. ०७७/७८ |
| १ | कोशी प्रदेश | ३८१४ | १३४६६ | ५२१५ |
| २ | मधेस प्रदेश | ११७०६ | २२८४४ | १२१७० |
| ३ | बागमती प्रदेश | ८९९९ | १२८८६ | ११५४९ |
| ४ | गण्डकी प्रदेश | ३५६१ | ८३४८ | ४२१८ |
| ५ | लुम्बिनी प्रदेश | ५०९० | ९२३२ | ५२४९ |
| ६ | कर्णाली प्रदेश | ५११२ | ५७५५ | ३७४८ |
| ७ | सुदूरपश्चिम प्रदेश | ४४०५ | ९२०३ | ४३५२ |

ज) रोजगारीको अवस्थाअनुसार दरखास्त विवरण

तालिका नं. १०

| सि. नं. | विवरण | उम्मेदवार सङ्ख्या | | |
|---|---|---|---|---|
| | | आ.व. २०७९/८० | आ.व. २०७८/७९ | आ.व. २०७७/७८ |
| १ | सरकारी सेवा | ४६०२ | ६१८९ | ७०९९ |
| २ | गैर सरकारी सेवा | २२७२ | ४५६४ | ३४९४ |
| ३ | स्वरोजगार भएका | १२८७ | २३८५ | १६६२ |
| ४ | बेरोजगार भएका | ३३७३७ | ६७२८८ | ३३३६० |
| ५ | अन्य | ७८९ | १३०८ | ९४४ |



## झ) शारीरिक अवस्थाअनुसार दरखास्त विवरण

तालिका नं. ११

| सि.नं. | विवरण | उम्मेदवार सङ्ख्या | | |
|---|---|---|---|---|
| | | आ.व. २०७९/८० | आ.व. २०७८/७९ | आ.व. २०७७/७८ |
| १ | स्वस्थ शारीरिक अवस्था भएका | ४२१०९ | ८१२४९ | ४६०९१ |
| २ | भिन्न प्रकारका क्षमता भएका | ५७८ | ४८५ | ४६८ |



# परिच्छेद - ६
# परीक्षा र परीक्षण

## ६.१ प्रश्नपत्र निर्माण र परिमार्जन

आर्थिक वर्ष २०७९/८० मा बागमती प्रदेश अन्तर्गत रहेका मन्त्रालय तथा स्थानीय तहहरू तर्फ ५८५ र गत आ.व. २०७८/७९ को मौज्दात ३२० गरी जम्मा ९०५ सेट परिमार्जित प्रश्नपत्र निर्माण गरी २७० सेट प्रश्नपत्र छनौट गरी उपयोग गरियो। प्रयोगमा नआएका ६३५ सेट परिमार्जित प्रश्नपत्रहरूलाई आयोगको प्रश्नपत्र बैङ्कमा सञ्चय गरी पछि हुने परीक्षाहरूमा उपयोग गर्नका लागि गोप्य राखिएको छ। प्रश्नपत्र निर्माण र परिमार्जन गर्ने कार्यका लागि विभिन्न दक्ष/विज्ञहरूलाई सहभागी गराइएको थियो। प्रश्नपत्र निर्माण र परिमार्जन तथा छपाई सम्बन्धी विवरण तालिका १२ मा समावेश गरिएको छ।

तालिका १२

प्रश्नपत्र निर्माण र परिमार्जन तथा छपाई सम्बन्धी विवरण

| क्र.सं. | तह | अप्रा./ प्रा. | प्रश्नपत्र परिमार्जन सम्बन्धी विवरण | | | | छपाई सम्बन्धी विवरण |
|---|---|---|---|---|---|---|---|
| | | | गत आ.व. को मौज्दात सेट | चालु आ.व.मा परिमार्जित सेट | खर्च सेट | मौज्दात बाँकी सेट | प्रश्नपत्र छपाई सङ्ख्या |
| १ | ९ | अप्रा. | - | २० | ४ | १६ | १५३ |
| २ | ९ | प्रा. | ८ | ७२ | २६ | ५४ | ७०५ |
| ३ | ८ | प्रा. | ६ | १५ | ५ | १६ | ६६१ |
| ४ | ७ | अप्रा. | - | १२ | ४ | ८ | ६४५७ |
| ५ | ७ | प्रा. | ३० | २०० | ९७ | १३३ | ५८४ |
| ६ | ६ | अप्रा. | १६ | १२ | ४ | २४ | १४७४ |
| ७ | ६ | प्रा. | ६७ | ३ | - | ७० | - |

| क्र.सं. | तह | अप्रा./ प्रा. | प्रश्नपत्र परिमार्जन सम्बन्धी विवरण | | | | छपाई सम्बन्धी विवरण |
|---|---|---|---|---|---|---|---|
| | | | गत आ.व. को मौज्दात सेट | चालु आ.व.मा परिमार्जित सेट | खर्च सेट | मौज्दात बाँकी सेट | प्रश्नपत्र छपाई सङ्ख्या |
| ८ | ५ | अप्रा. | २५ | १८ | ६ | ३७ | १८४९४ |
| ९ | ५ | प्रा. | ९६ | २२४ | ११६ | २०४ | ४२१९९ |
| १० | ४ | अप्रा. | १४ | ९ | ८ | १५ | १२० |
| ११ | ४ | प्रा. | ५८ | - | - | ५८ | - |
| जम्मा | | | ३२० | ५८५ | २७० | ६३५ | ७०८४७ |

### ६.२ लिखित परीक्षा

### ६.२.१ प्रथम चरणको परीक्षा

एकीकृत र संयुक्त परीक्षा प्रणाली अन्तर्गत अधिकृतस्तर छैटौं, सहायकस्तर पाँचौं र सहायकस्तर चौथो वा सो सरहका प्राविधिक तथा अप्राविधिक तर्फका पदहरूका लागि पहिलो चरणको परीक्षा पद्धति अवलम्बन गरिएको छ। प्रथम चरणको परीक्षामा उत्तीर्णाङ्क प्राप्त गर्ने परीक्षार्थी मात्र दोश्रो चरणको परीक्षामा सम्मिलित हुन पाउँछन्। आ.व २०७९/८० मा विज्ञापन भएका पदहरूमध्ये अप्राविधिकतर्फ ३५३ जना परीक्षार्थीहरू दोश्रो चरणको परीक्षाका लागि छनौट भएका छन् भने प्राविधिकतर्फ ११३७ जना परीक्षार्थीहरू अन्तर्वार्ताका लागि छनौट भएका छन् । सोको विस्तृत विवरण अनुसूची १३ मा राखिएको छ।

### ६.२.२ लिखित परीक्षा सञ्चालन

आ.व. २०७९/८० मा भएका अन्तर तह, आन्तरिक अन्तर सेवा, खुला र समावेशी गरी विभिन्न ७० वटा विज्ञापनबाट विज्ञापित पद सङ्ख्या ८२५ पदका लागि मात्र लिखित परीक्षा सम्पन्न

भएका छन्। ती परीक्षाहरूमा २५२१० जना परीक्षार्थी सम्मिलित भएका छन्। लिखित परीक्षामा सम्मिलित उम्मेदवार सङ्ख्या अनुसूची १२ मा उल्लेख गरिएको छ।

### ६.२.३ लिखित परीक्षामा कुनै पनि उम्मेदवार सम्मिलित नभएका विज्ञापनहरू

आर्थिक वर्ष २०७९/०८० मा विज्ञापन भएका ३ वटा विज्ञापनको लिखित परीक्षामा कुनै पनि उम्मेदवार सम्मिलित भएका थिएनन् । जसमध्यै १ वटा विज्ञापनमा कुनै पनि दरखास्त नपरेको, १ वटा विज्ञापन दरखास्त दिने कुनै पनि उम्मेदवार सम्मिलित नभएका थिए भने १ वटा विज्ञापनमा कुनै पनि दरखास्त स्वीकृत भएको थिएन । सो को विवरण तालिका नं. १३ मा प्रस्तुत गरिएको छ ।

**तालिका नं. १३**

| सि.नं. | वि.नं. ०७९/८० | तह | पद | सेवा | समूह/उपसमूह | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | ५१० (आ.अ.से.) | नवौं | मे.सु. | स्वास्थ्य | ज.हे.स. | दरखास्त नपरेको |
| २ | ५११ (अन्तर तह) | नवौं | डिभिजनल इन्जिनियर | इन्जिनियरिङ | सिभिल/जनरल | कुनै पनि उम्मेदवार सम्मिलित नभएको |
| ३ | ५६२ (अन्तर तह) | सातौं | अधिकृत सातौं | कृषि | विभिन्न | कुनै पनि दरखास्त स्वीकृत नभएको |

### ६.२.४ लिखित परीक्षामा अनियमितता गर्ने उम्मेदवारलाई गरिएको कारवाही

प्रतिवेदन अवधिमा आयोगबाट सञ्चालित परीक्षाहरूमा अनियमितता गर्ने उम्मेदवारहरूको विवरण तालिका नं. १४ मा प्रस्तुत गरिएको छ जस अनुसार १ जना पुरुष परीक्षामा अनियमितता गरेका कारण कारबाहीमा परेका छन्। आयोगबाट गरिएको कारबाहीको विवरण तपसिलको तालिकामा उल्लेख गरिएको छ।

तालिका नं. १४

| सि.नं. | बिज्ञापन नं | सेवा, समूह, तह | अनियमितता गरेको कार्य | कारबाहीको विवरण |
|---|---|---|---|---|
| १ | १३-१९/०७८-७९ | प्रशासन, सामान्य प्रशासन/लेखा, पाँचौं | प्रश्नपत्र फिर्ता गर्नु पर्नेमा आफैसँग लगेको | परीक्षा रद्द गरी निजलाई आयोगबाट सञ्चालन हुने कुनै पनि परीक्षामा एक वर्षसम्म उम्मेदवार हुन नपाउने गरी निलम्बन गरिएको |

## ६.३ उत्तरपुस्तिका सङ्केतीकरण

आर्थिक वर्ष २०७९/८० को अवधिमा सञ्चालन भएका विभिन्न सेवा, समूह र तहका पदहरूको लिखित परीक्षाहरू पश्चात प्राप्त हुन आएका जम्मा २५१८८ परीक्षार्थीहरूको २४०४२ थान OMR उत्तरपुस्तिकाहरूको अर्धकट्टी र विवरण खण्ड छुट्याउने कार्य भएको थियो भने ३०८६८ थान उत्तरपुस्तिकाहरूको प्रथम तथा द्वितीय सङ्केतीकरण गरिएको थियो ।

## ६.४ उत्तरपुस्तिका परीक्षण

आयोगबाट प्रतिवेदन अवधिमा प्रदेश निजामती सेवा र स्थानीय सेवातर्फ गरी जम्मा ६७,००१ उत्तरपुस्तिकाहरू परीक्षण भएका छन् । उक्त सङ्ख्या मध्ये १,४०७ र विषयगत ४६,८८९ वस्तुगत उत्तरपुस्तिकाहरू परीक्षण गरिएको छ। उत्तरपुस्तिका परीक्षण सम्बन्धी विवरण तालिका १५ मा दिइएको छ।

तालिका १५

उत्तरपुस्तिका परीक्षण सम्बन्धी विवरण

| क्र.सं. | तह | प्रथम पत्र | | द्वितीय पत्र | तृतीय पत्र | सीप परीक्षण | जम्मा उ.पु.सङ्ख्या |
|---|---|---|---|---|---|---|---|
| | | बस्तुगत | विषयगत | | | | |
| १ | ४ | ३५९०९ | ० | ३१६२ | २६५२ | ४७ | ४१७७० |
| २ | ५ | ९८२३ | ० | ३८०४ | ४१०२ | २३८ | १७९६७ |

| क्र.सं. | तह | प्रथम पत्र | | द्वितीय पत्र | तृतीय पत्र | सीप परीक्षण | जम्मा उ.पु.सङ्ख्या |
|---|---|---|---|---|---|---|---|
| | | बस्तुगत | विषयगत | | | | |
| ३ | ७ | ५३९ | ५०९ | १६०८ | ० | ० | २६५६ |
| ४ | ८ | ६१८ | ६१८ | २४७२ | ० | ० | ३७०८ |
| ५ | ९ | ० | २८० | ६२० | ० | ० | ९०० |
| जम्मा | | ४६८८९ | १४०७ | ११६६६ | ६७५४ | २८५ | ६७००१ |

## ६.५ लिखित परीक्षाबाट उम्मेदवार छनौट नभएका विज्ञापनहरू

प्रतिवेदन अवधिमा कुल ७ विज्ञापनहरूको लिखित परीक्षाबाट कुनै पनि उम्मेदवार छनौट भएका थिएनन् । सो को विवरण तालिका नं. १६ मा उल्लेख गरिएको छ ।

### तालिका नं. १६
### आ.व.२०७९/८० मा लिखित परीक्षाको नतिजा प्रकाशन गर्दा कुनै पनि उम्मेदवार छनौट नभएका विज्ञापनहरूको विवरण

| क्र. सं. | विज्ञापन नं. ०७८-७९ | तह | पद | सेवा, समूह, उपसमूह | खुला/ समावेशी | माग पद सङ्ख्या | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १ | ५३७ | ५ | हेल्थ असिष्टेन्ट | स्वास्थ्य/हेल्थ इन्सपेक्सन | आ.प्र. | २ | |
| २ | ९ | ५ | लेखापाल | प्रशासन/लेखा | आ.ज. | १ | |
| ३ | ४C | ५ | प्रशासन सहायक | प्रशासन/प्राज्ञिक | मधेसी | १ | मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठान तर्फ |
| ४ | ५A | ५ | लेखा सहायक | प्रशासन/लेखा | महिला | १ | |
| ५ | ६२५ | ९ | स्वास्थ्य शिक्षा प्रशासक | स्वास्थ्य/हेल्थ एजुकेशन | आ.प्र. | १ | |

| क्र. सं. | विज्ञापन नं. ०७८-७९ | तह | पद | सेवा, समूह, उपसमूह | खुला/ समावेशी | माग पद सङ्ख्या | कैफियत |
|---|---|---|---|---|---|---|---|
| ६ | ५८३ | ७ | फार्मेसी अधिकृत | स्वास्थ्य/फार्मेसी | आ.प्र. | १ | |
| ७ | ५८५ | ७ | मे.ल्या. टेक्नोलोजिष्ट | स्वास्थ्य/मे.ल्या. टे./ज.मे.ल्या.टे. | आ.प्र. | १ | |

## ६.६ प्रयोगात्मक परीक्षा

आयोगले लिने प्राविधिक तथा अप्राविधिक सेवातर्फका विभिन्न पदका पाठ्यक्रम बमोजिम सीप परीक्षण तथा प्रयोगात्मक परीक्षाहरू सञ्चालन गर्ने गर्दछ। प्रतिवेदन अवधिमा आयोगले १४ पदका उम्मेदवारहरूका लागि कम्प्युटर सीप परीक्षण परीक्षाहरू सञ्चालन गरिएको छ।सिप परीक्षण सञ्चालन भएका पदहरूको विवरण देहाय बमोजिम रहेका छन् ।

| क्र.सं. | विज्ञापन नं. /०७८-७९ | तह | पद | सेवा, समूह, उपसमूह |
|---|---|---|---|---|
| १ | ५०१/५२८ | ५ | तथ्याङ्क सहायक | आ.यो.त./तथ्याङ्क |
| २ | ५०६/५३५ | ५ | कम्प्युटर अपरेटर | विविध |
| ३ | २२८-२३२/०७७-७८ | ५ | सहायक पाँचौं | प्रशासन/सामान्य प्रशासन |
| ४ | २२८-२३२/०७७-७८ | ५ | ले.पा./आ.ले.प.सहायक | प्रशासन/लेखा |
| ५ | १-३, ७-१० | ५ | सहायक पाँचौं | प्रशासन/सामान्य प्रशासन |
| ६ | १-३, ७-१० | ५ | लेखापाल/आ.ले.प.सहायक | प्रशासन/लेखा |
| ७ | ४-४C | ५ | प्रशासन सहायक | प्रशासन/प्राज्ञिक |
| ८ | ५-५A | ५ | लेखा सहायक | प्रशासन/लेखा |
| ९ | ५१९ | ५ | कार्यालय सहायक | प्राज्ञिक/प्राज्ञिक |
| १० | ६-६A | ५ | सूचना प्रविधि सहायक | प्रशासन/सूचना प्रविधि |
| ११ | ५६५ | ४ | स.म.वि.नि. | विविध |
| १२ | ११ | ४ | सहायक चौथो | प्रशासन/सा.प्र./लेखा |
| १३ | १२-१५ | ४ | सहायक चौथो | प्रशासन/सा.प्र./लेखा |
| १४ | ५९२-५९५ | ७ | तथ्याङ्क अधिकृत | आ.यो.त./तथ्याङ्क |

# परिच्छेद - ७

# अन्तर्वार्ता तथा सिफारिस

## ७.१ अन्तर्वार्ता

लिखित परीक्षाबाट छनौट भएका उम्मेदवारहरूलाई अन्तर्वार्तामा सहभागी गराइन्छ। प्रतिवेदन अवधिसम्म प्रदेश निजामती सेवा र स्थानीय सरकारी सेवातर्फ जम्मा १३०२ जना उम्मेदवारहरूको अन्तर्वार्ता सञ्चालन गरिएको थियो।

## ७.२ सिफारिस

लिखित परीक्षाबाट छनौट भएका उम्मेदवारहरूको प्रयोगत्मक परीक्षा तथा सीप परीक्षण र अन्तर्वार्ता लिइसकेपछि लिखित परीक्षाको प्राप्ताङ्क, प्रयोगात्मक परीक्षा तथा सीप परीक्षणको प्राप्ताङ्क र अन्तर्वार्ताको प्राप्ताङ्क जोडी योग्यता क्रमको आधारमा उम्मेदवारको सिफारिस गर्ने गर्दछ। प्रतिवेदन अवधिसम्म विभिन्न सेवा, समूह सञ्चालन गर्ने निकाय तथा कार्यालयहरूका रिक्त पदमा नियुक्तिका लागि कुल ७१३ जना उम्मेदवार सिफारिस भएका छन् । सिफारिस भएका उम्मेदावारहरूमध्ये २८३ महिला र ४३० पुरुष रहेका छन्। प्रतिवेदन अवधिमा भएका अन्तर्वार्ता तथा सिफारिस सम्बन्धी विवरण अनुसूची १४ मा प्रस्तुत गरिएको छ।

**तालिका १७**

**विभिन्न विज्ञापनहरूबाट सिफारिस भएका समावेशी समूहसमेतका उम्मेदवारहरूको विवरण**

| सिफारिस समूह | समूह अनुसार सिफारिस उम्मेदवार सङ्ख्या | जम्मा |
|---|---|---|
| आ.प्र. | १७ | १७ |
| खुला | ४४७ | ४४७ |
| महिला | १३५ | १३५ |
| आ.ज. | ६४ | ६४ |
| मधेसी | ३२ | ३२ |
| दलित | १८ | १८ |
| अपाङ्ग | ० | ० |
| **जम्मा** | **७१३** | **७१३** |

# परिच्छेद - ८
# समावेशी पदपूर्ति

प्रदेश निजामती सेवा ऐन २०७९ को दफा १० को उपदफा (१) तथा स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०७९ को दफा ११ को उपदफा (१) मा रहेको प्रावधान अनुसार खुला प्रतियोगितात्मक परीक्षाद्वारा पूर्ति हुने पदहरू मध्ये पैतालीस प्रतिशत पद छुट्याई सो प्रतिशतलाई शतप्रतिशत मानी महिलाका लागि अठतीस प्रतिशत, आदिवासी/जनजातीका लागि पैतीस प्रतिशत, दलितका लागि नौ प्रतिशत, मधेसीका लागि चार प्रतिशत, अपाङ्गता भएका व्यक्तिका लागि तीन प्रतिशत, पिछडिएको क्षेत्रका लागि तीन प्रतिशत र अल्पसंख्यक समुदायको लागि तीन प्रतिशत पदहरू छुट्याई सोही समूह भित्रकै उम्मेदवारहरूबीच प्रतिस्पर्धा गराई पदपूर्ति गरिन्छ।

## ८.१ समावेशी समूहतर्फ विज्ञापान र दरखास्त

प्रतिवेदन अवधिमा भएका प्रदेश निजामती सेवा तथा स्थानीय सेवा तर्फका जम्मा १३४ बिज्ञापनहरू मध्ये ६१ विज्ञापनहरू विभिन्न समावेशी समूहका लागि विज्ञापन गरिएको थियो । सो मध्ये १६८ वटा महिला, ९५ वटा आ.ज., ८ वटा मधेसी, १८ वटा दलित, ४ वटा अपाङ्ग र १ वटा पिक्षडिएको क्षेत्र गरी जम्मा २९४ वटा पदहरू छन्। यसरी गरिएको विज्ञापनहरूमा समावेशी समूहका लागि मात्र २६,२१४ दरखास्त परेका थिए। विज्ञापनको पदसङ्ख्या र सङ्कलित दरखास्त सम्बन्धी विवरण तालिका नं. १८ मा उल्लेख गरिएको छ।

**तालिका नं. १८**

**आ.व २०७९/८० मा भएका समावेशी विज्ञापन र दरखास्तको विवरण**

| समावेशी समूह | महिला | आ.ज | मधेसी | दलित | अपाङ्ग | पिक्षडिएको क्षेत्र | जम्मा |
|---|---|---|---|---|---|---|---|
| विज्ञापन सङ्ख्या | २८ | १९ | ३ | ८ | २ | १ | ६१ |
| पद सङ्ख्या | १६८ | ९५ | ८ | १८ | ४ | १ | २९४ |
| दरखास्त सङ्ख्या | १३,७५२ | ६,१९४ | ४,४५७ | १,४१२ | ३६४ | ३५ | २६,२१४ |

## ८.२ प्रदेश तथा स्थानीय तहको लिखित परीक्षामा उम्मेदवारको उपस्थिति

प्रतिवेदन अवधिमा भएका प्रदेश निजामती सेवा तथा स्थानीय सेवा तर्फका सबै तहमा गरी जम्मा २५,२०८ उम्मेदवारहरू उपस्थित भएका थिए । सो मध्ये ९,९५९ जना महिला र १५,६४९ जना पुरुष छन् । प्रदेश तथा स्थानीय तहको लिखित परीक्षामा उम्मेदवारको उपस्थितिको विवरण तालिका नं. १९ मा प्रस्तुत गरिएको छ।

**तालिका नं. १९**

**प्रदेश तथा स्थानीय तहको लिखित परीक्षामा उम्मेदवारको उपस्थितिको विवरण**

| पद/तह | प्रथम चरण परीक्षामा सम्मिलित सङ्ख्या | | |
|---|---|---|---|
| | महिला | पुरुष | जम्मा |
| अधिकृत नवौं | २९ | १५६ | १८५ |
| अधिकृत आठौं | ९० | २४९ | ३३९ |
| अधिकृत सातौं | ७८२ | २,१५९ | २,९४१ |
| सहायक पाँचौं | ८,६५८ | १३,०८५ | २१,७४३ |
| **जम्मा** | **९,५५९** | **१५,६४९** | **२५,२०८** |

## ८.३ समावेशी समूहतर्फ सिफारिस

कुल सिफारिस सङ्ख्या ७१३ मध्ये सम्बन्धित समावेशी समूहका विज्ञापनबाट २४९ जना उम्मेदवार समावेशी समूहबाट सिफारिस भएका छन्। यस सम्बन्धी विवरण तालिका नं. २० मा प्रस्तुत गरिएको छ।

**तालिका नं. २०**

**समावेशी समूहतर्फको सिफारिस विवरण**

| विज्ञापनको प्रकार | महिला | | | पुरुष | | | कुल जम्मा |
|---|---|---|---|---|---|---|---|
| | सहायक स्तर | अधिकृत स्तर | जम्मा | सहायक स्तर | अधिकृत स्तर | जम्मा | |
| महिला | १२९ | ६ | १३५ | - | - | - | १३५ |
| आ.ज. | २२ | ० | २२ | ४० | २ | ४२ | ६४ |

| विज्ञापनको प्रकार | महिला | | | पुरुष | | | कुल जम्मा |
|---|---|---|---|---|---|---|---|
| | सहायक स्तर | अधिकृत स्तर | जम्मा | सहायक स्तर | अधिकृत स्तर | जम्मा | |
| मधेसी | ३ | ० | ३ | २६ | ३ | २९ | ३२ |
| दलित | ४ | ० | ४ | १३ | १ | १४ | १८ |
| **जम्मा** | **१५८** | **६** | **१६४** | **७९** | **६** | **८५** | **२४९** |

## ८.४ महिला समूहतर्फ सिफारिस

यस आर्थिक वर्षमा महिलाहरूका लागि मात्र गरिएको समावेशी विज्ञापनमा कुल १३५ जना महिला उम्मेदवार सिफारिस भएका छन् । आन्तरिक, खुला र सबै समावेशी विज्ञापन समेत गरी जम्मा २८५ जना महिला उम्मेदवार स्थायी नियुक्तिका लागि सिफारिस भएका छन्। जसलाई तालिका नं. २१ मा प्रस्तुत गरिएका छ।

**तालिका नं. २१**
**महिला उम्मेदवारतर्फको सिफारिश विवरण**

| विज्ञापनको प्रकार | सहायक स्तर | अधिकृत स्तर | जम्मा |
|---|---|---|---|
| आ.प्र. | ० | १ | १ |
| खुला | ११२ | ८ | १२० |
| महिला | १२९ | ६ | १३५ |
| आ.ज. | २२ | ० | २२ |
| मधेसी | ३ | ० | ३ |
| दलित | ४ | ० | ४ |
| अपाङ्ग | ० | ० | ० |
| **जम्मा** | **२७०** | **१५** | **२८५** |

## ८.५ आदिवासी/जनजाति समूहबाट सिफारिस

प्रतिवेदन अवधिमा ६४ जना आदिवासी/जनजाति वर्गका उम्मेदवार नियुक्तिका लागि सिफारिस भएका छन्। विभिन्न विज्ञापनबाट सिफारिस भएका आदिवासी/जनजातिको सङ्ख्या तालिका नं. २२ मा प्रस्तुत गरिएका छन्।

**तालिका नं. २२**
**आदिवासी/जनजाति समूहतर्फको सिफारिश विवरण**

| विज्ञापनको प्रकार | महिला | | | पुरुष | | | कुल जम्मा |
|---|---|---|---|---|---|---|---|
| | सहायक स्तर | अधिकृत स्तर | जम्मा | सहायक स्तर | अधिकृत स्तर | जम्मा | |
| आ.ज. | २२ | ० | २२ | ४० | २ | ४२ | ६४ |
| **जम्मा** | २२ | ० | २२ | ४० | २ | ४२ | ६४ |

## ८.६ मधेसी समूहबाट सिफारिस

प्रतिवदेन अवधिमा मधेसीका लागि मात्र लक्षित समावेशी विज्ञापनहरूबाट ३२ जना उम्मेदवारहरू सिफारिस भएका छन्। विभिन्न विज्ञापनबाट सिफारिस भएका मधेसी उम्मेदवारको सङ्ख्या तालिका नं. २३ मा प्रस्तुत गरिएका छन्।

**तालिका नं. २३**
**मधेसी समूहतर्फको सिफारिस विवरण**

| विज्ञापनको प्रकार | महिला | | | पुरुष | | | जम्मा |
|---|---|---|---|---|---|---|---|
| | सहायक स्तर | अधिकृत स्तर | जम्मा | सहायक स्तर | अधिकृत स्तर | जम्मा | |
| मधेसी | ३ | ० | ३ | २६ | ३ | २९ | ३२ |
| **जम्मा** | ३ | ० | ३ | २६ | ३ | २९ | ३२ |

## ८.७ दलित समूहबाट सिफारिस

प्रतिवदेन अवधिमा दलितका लागि मात्र लक्षित समावेशी विज्ञापनहरूबाट ९ जना उम्मेदवारहरू सिफारिस भएका छन्। विभिन्न विज्ञापनबाट सिफारिस भएका दलित उम्मेदवारको सङ्ख्या तालिका नं. २४ मा प्रस्तुत गरिएका छन्।

**तालिका नं. २४**
**दलित समूहतर्फको सिफारिस विवरण**

| विज्ञापनको प्रकार | महिला | | | पुरुष | | | जम्मा |
|---|---|---|---|---|---|---|---|
| | सहायक स्तर | अधिकृत स्तर | जम्मा | सहायक स्तर | अधिकृत स्तर | जम्मा | |
| दलित | ४ | ० | ३ | १३ | १ | ६ | ९ |
| **जम्मा** | ४ | ० | ३ | १३ | १ | ६ | ९ |

## ८.८ अपाङ्गता भएका समूहबाट सिफारिस

प्रतिवदेन अवधिमा अपाङ्गता भएका समूहका लागि मात्र लक्षित समावेशी विज्ञापनहरूमा कुनै पनि उम्मेदवारहरू लिखित परीक्षामा उत्तीर्ण नभएको ।

## परिच्छेद - ९

## परामर्श, उजुरी र अदालती मुद्दा

### ९.१ कर्मचारी सेवाका सर्त सम्बन्धी कानूनका विषयमा परामर्श

प्रतिवेदन अवधिमा देहायबमोजिमका निकायका कर्मचारी सेवाका सर्त सम्बन्धी कानूनका विषयमा आयोगबाट देहायका उल्लेखित परामर्शहरू प्रदान गरिएको छ । जसको विस्तृत विवरण तालिका नं. २५ मा प्रस्तुत गरिएको छ।

**तालिका नं. २५**

**कर्मचारी सेवा सर्त सम्बन्धमा प्रदान गरिएको राय परामर्श सम्बन्धी विवरण**

| क्र.नं. | विषय | निर्णय मिति |
|---|---|---|
| १. | "भरतपुर महानगरपालिकाको स्थानीय सेवा ऐन, २०७९" को मस्यौदाको सम्बन्धमा परामर्श उपलब्ध गराएको । | २०७९/०५/१९ |
| २. | "धुलीखेल नगरपालिकाको स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०७८" को मस्यौदा सम्बन्धमा परामर्श उपलब्ध गराएको । | २०७९/०८/०७ |
| ३. | "हेटौंडा उपमहानगरपालिका सेवा (गठन तथा सञ्चालन) ऐन, २०७९" को मस्यौदा सम्बन्धमा परामर्श उपलब्ध गराएको । | २०७९/०८/०७ |
| ४. | "प्रदेश निजामती सेवाको गठन, सञ्चालन र सेवाका सर्तहरू सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक" को मस्यौदा सम्बन्धमा राय परामर्श उपलब्ध गराएको । | २०७९/१०/१७ |
| ५. | "स्थानीय तहका सेवाको गठन तथा सञ्चालन सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक" को मस्यौदा सम्बन्धमा राय परामर्श उपलब्ध गराएको। | २०७९/१०/१७ |

## ९.२ विभागीय सजायका विषयमा परामर्श

आयोगबाट आ.व. २०७८/७९ मा विभिन्न स्थानीय तहहरूलाई विभागीय सजायका विषयमा प्रदान गरिएका परामर्शहरूको विस्तृत विवरण तालिका नं. २६ मा प्रस्तुत गरिएको छ ।

**तालिका नं. २६**

| क्र.सं. | विषय | निर्णय मिति |
|---|---|---|
| १. | मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठान, हेटौंडामा ननमेडिकल समूह, नवौं तहमा कार्यरत विजया पराजुलीलाई भविष्यमा सरकारी सेवामा अयोग्य नठहरिने गरी सेवाबाट हटाउने । | २०८०/०२/०५ |
| २. | हेटौंडा उपमहानगरपालिकाको पाँचौं तह, वरिष्ठ सहायक पदमा कार्यरत विनोद सुवेदीलाई भविष्यमा सरकारी सेवामा अयोग्य नठहरिने गरी सेवाबाट हटाउने । | २०८०/०३/२७ |

## ९.३ सम्मानित अदालतमा विचाराधीन मुद्दा

प्रदेश लोक सेवा आयोग,  बागमती प्रदेशलाई विपक्षी बनाई सम्मानित सर्वोच्च अदालत र उच्च अदालतमा विभिन्न प्रकृतिका दश वटा मुद्दाहरू हालसम्म पनि फैसला नआई विचाराधीन अवस्थामा रहेका छन् । विचाराधीन मुद्दाहरूको विस्तृत जानकारी अनुसूची-१५ मा उल्लेख गरिएको छ ।

# परिच्छेद - १०

# साङ्गठनिक सुधार

## १०.१ रणनीतिक योजना

प्रदेश निजामती सेवा, स्थानीय सेवा तथा अन्य सरकारी सेवाका लागि योग्य मानव संशाधन सिफारिस गर्ने प्रमुख कार्यलाई प्रभावकारी रूपमा सम्पन्न गर्न सहयोग पुऱ्याउने मुख्य उद्देश्य आयोगले लिएको छ। सो उद्देश्य प्राप्तिका लागि सेवा प्रवाहमा सुधार, विज्ञ र सेवाग्राहीहरूको संलग्नता अभिवृद्धि र संस्थागत क्षमता सुदृढीकरण गर्ने विषय प्रमुख उपलब्धिका क्षेत्रको रूपमा पहिचान गरिएको छ। सो लक्ष्य हासिल गर्नका लागि निम्न रणनीतिहरू तय गरिएका छन्ः

- सेवा प्रवाहमा सुधार गर्ने
  - सार्वजनिक सेवामा क्षमतामा आधारित (Competency Based) छनौट प्रणाली लागू गर्ने।
  - सार्वजनिक सेवाका निकाय, सुरक्षा निकाय र सङ्गठित संस्थाहरूबाट वार्षिक पदपूर्ति तालिका अनुसारको माग समयमै उपलब्ध गराउने,
  - सरकार र सङ्गठित संस्थाका उच्च तहका व्यवस्थापकहरूको छनौट गर्दा कार्यक्षमतामा आधारित (Competency Based) नेतृत्व प्रणाली चरणबद्ध रूपमा लागू गर्ने,
  - सहायक स्तरका उम्मेदवारको छनौट पश्चात अल्पकालीन अभिमुखीकरण कार्यक्रम सञ्चालन गर्ने।
- विज्ञहरू र सेवाग्राहीहरूको संलग्नता अभिवृद्धि गर्ने
  - विशेष विज्ञता आवश्यक भएका क्षेत्रहरूमा विज्ञहरूको संलग्नता बढाउने,
  - नेपालको संविधानको धारा २४३ को व्यवस्था बमोजिम दिइएको सामान्य सिद्धान्त सम्बन्धी परामर्शको पालना सुनिश्चित गर्ने,
  - विशेष शैक्षिक योग्यता आवश्यक पर्ने वा कम दरखास्त भई पदपूर्ति हुन नसकेको अवस्था वा तत्काल पदपूर्ति गर्नुपर्ने पदहरूका लागि विशेष व्यवस्था गर्ने,
  - आयोगमा अनुसन्धानका परिणाम र सामुहिक छलफलको आधारमा निर्णय गर्ने पद्धति अवलम्बन गर्ने।
- संस्थागत क्षमता सुदृढीकरण गर्ने

- परिवर्तित सन्दर्भमा संस्थागत परिणाममुखी बनाउन पुनर्संरचना गर्ने
- नयाँ प्रविधि तथा सेवा सञ्चालनको लागि आवश्यक पर्ने पूर्वाधारहरू विकास गर्ने

उक्त रणनीतिक लक्ष्य प्राप्तिका निमित्त कार्यसम्पादन सूचक, समयसीमा, जिम्मेवार निकाय तथा सफलताका लागि निर्णायक तत्वको पहिचान समेत गरिएको छ।

## १०.२ परीक्षा प्रणालीमा सुधार

धेरै सङ्ख्यामा दरखास्त पर्ने सहायकस्तर पाँचौं तथा सहायकस्तर चौथो तहका पदहरूमा पदपूर्तिका लागि दुई चरणमा लिखित परीक्षा सञ्चालन गरिएको छ। त्यस्तै उम्मेदवारले परीक्षामा नेपाली वा अङ्ग्रेजी वा दुवै भाषामा उत्तर लेख्न पाउने व्यवस्था गरिएको छ। आयोगले आ.व. २०७९/८० को परीक्षा सञ्चालनका लागि OMR प्रविधि प्रयोग गर्ने गरी व्यवस्था मिलाएको छ। परीक्षा सञ्चालनमा खटिने जनशक्तिहरूलाई परीक्षालाई मर्यादित तवरले सञ्चालन गर्नका लागि आवश्यक तालिम तथा अभिमुखीकरण गराई उक्त जनशक्तिहरूको रोष्टर तयार गरिएको छ।

## १०.३ प्रविधिको प्रयोग

### १०.३.१ अनलाइन प्रणाली

मिति २०७७ पौष १२ गते देखि आयोगका पाँचौं र छैटौं तहका लागि गरिएका विभिन्न सेवा , समूह, उपसमूह, तहका पदहरूको विज्ञापनको दरखास्त सङ्कलन गर्ने, दरखास्त दस्तुर बुझाउने, दरखास्त स्वीकृत गर्ने, रोल नम्बर कायम गर्ने, परीक्षा केन्द्र र परीक्षा समय, स्वीकृत नामावली तयार गर्ने लगायतका कार्यहरू आयोगको अनलाइन प्रणाली मार्फत सम्पादन हुँदै आएको छ।

### १०.३.२ वेवसाइट

प्रयोगकर्ताहरूलाई सहज हुने गरी आयोगको वेवसाइट www.ppsc.bagamati.gov.np र ई-मेलः info.ppsc@bagamati.gov.np प्रयोगमा आईरहेको छ। प्रदेश लोक सेवा आयोगको इतिहासमा अनलाइन दरखास्त लिन शुरु भएको मिति २०७७/०९/१२ देखि हो र २०८० साल असार मसान्तसम्म आयोगको वेवसाइट ५० लाखभन्दा बढी पटक हेरिएको छ ।

# परिच्छेद - ११

## आयोगबाट सम्पादन भएका कामहरू

### ११.१ वार्षिक पदपूर्ति कार्यतालिका २०७९।०८० प्रकाशनः

आयोगले २०७९ श्रावण १९ मा आयोगको बैठक बसी आयोगको वार्षिक पदपूर्ति कार्यतालिकामा स्वीकृत गरी आयोगको वेवसाइटमा अपलोड समेत गरिएको थियो । उक्त स्वीकृत कार्यतालिका संलग्न गरी २०७९ कार्तिक मसान्तसम्म माग आकृति फाराम भरी पठाउन बागमती प्रदेशका मन्त्रालयहरू तथा ११९ स्थानीय तहहरूमा पत्राचार पनि गरिएको थियो ।

### ११.२ आयोगको तेस्रो वार्षिक प्रतिवेदन प्रस्तुतः

आयोगको तेस्रो वार्षिक प्रतिवेदन मिति २०७९।०५।१५ मा माननीय प्रदेश प्रमुख श्री यादवचन्द्र शर्मासमक्ष प्रस्तुत गरिएको थियो। प्रदेश लोक सेवा आयोग ऐन, २०७६ को दफा ११२ बमोजिम आयोगको २०७८ श्रावण १ गते देखि २०७९ असार मसान्तसम्म आयोगले सम्पादन गरेका काम कारबाहीहरू प्रतिवेदनमा समेटिएका थिए । माननीय प्रदेश प्रमुख समक्ष पेस गरेको आयोगको तेस्रो वार्षिक प्रतिवेदन सम्बन्धी मिति २०७९/०५/१५ को प्रेस विज्ञप्ति अनुसूची-१६ मा प्रस्तुत गरिएको छ ।

### ११.३ पदपूर्ति सम्बन्धमा गरिएको निरीक्षणः

प्रदेश लोक सेवा आयोग ऐन, २०७६ को दफा ८० बमोजिम संविधान, यस ऐन नियमावली र प्रचलित कानून तथा आयोगले समय समयमा तोकेको कार्यविधि र सर्त बमोजिम नियुक्ति, बढुवा र विभागीय कारबाही भएको छ छैन भन्ने सम्बन्धमा आयोगले प्रदेश सरकारका विभिन्न मन्त्रालय, विभाग, निर्देशनालय र कार्यालय, स्थानीय तह, प्रदेश अन्य सरकारी सेवा सञ्चालन गर्ने निकाय प्रदेश सङ्गठित संस्था र स्थानीय तहको सङ्गठित संस्थाको निरीक्षण गर्न सक्नेछ भन्ने व्यवस्था भएको।

कानून प्रासङ्गिक कुरा

- प्रदेश निजामती सेवा ऐन २०७९ र स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०७९ ले कुनै पनि कार्यालयमा स्वीकृत स्थायी दरबन्दी रिक्त भएमा लोक सेवा आयोगमा स्थायी पदपूर्तिका लागि माग गरी पठाउनुपर्ने व्यवस्था गरेको।
- ऐनले स्वीकृत स्थायी दरबन्दीमा करारमा काम लगाउन नपाइने व्यवस्था गरेको।
- प्रदेश लोक सेवा आयोग ऐन २०७६ ले प्रदेश र स्थानीय तहहरूमा आयोगले रिक्त पदपूर्ति, नियुक्ति, वढुवा र विभागीय कारबाहीको सम्बन्धमा निरीक्षण गर्न सक्ने व्यवस्था गरेको।

## ११.४ आयोगको तेस्रो वार्षिकोत्सव, २०७९

प्रदेश लोक सेवा आयोग, बागमती प्रदेशको तेस्रो स्थापना दिवसको अवसरमा मिति २०७९/१०/०६ गते आयोगको तेस्रो वार्षिकोत्सव कार्यक्रम सम्पन्न भएको थियो । कोरोना र अन्य विविध कारणबाट प्रदेश लोक सेवा आयोगले तीन वर्ष पूरा गरेता पनि प्रथम पटक वार्षिकोत्सव समारोह भएको थियो । यसरी पहिलो पटक आयोजना गरिएको आयोगको तेस्रो वार्षिक उत्सवका अवसरमा आयोगको आ.व. २०७९/८० मा उत्कृष्ट कार्यसम्पादन गर्ने कर्मचारीहरूलाई नगद र प्रमाणपत्र सहित सम्मान गरिएको थियो । उत्कृष्ट कार्यसम्पादन गरी सम्मानित हुने कर्मचारीहरूको नामावली तालिका नं. २७ मा उल्लेख गरिएको छ ।

**तालिका नं. २७**

**उत्कृष्ट कार्यसम्पादन गरी सम्मानित हुने कर्मचारीहरूको नामावली**

| क्र.सं. | पद | नाम, थर | शाखा |
|---|---|---|---|
| १ | अधिकृत सातौं | श्री राजु राज अर्याल | लिखित परीक्षा नतिजा तयारी शाखा |
| २ | अधिकृत सातौं | श्री पदम ओझा | परीक्षा सञ्चालन शाखा |
| ३ | अधिकृत छैटौं | श्री किशोर जोशी | परीक्षा सञ्चालन शाखा |
| ४ | कार्यालय सहयोगी | श्री सरिता कार्की | - |

### ११.५ नेपाली भाषाको उचित प्रयोग र शुद्ध लेखनशैली' विषयक अन्तरक्रिया कार्यक्रम

प्रदेश लोक सेवा आयोग, बागमती प्रदेशको वार्षिक स्वीकृत कार्यक्रम अनुसार मिति २०८०/०३/११ गते बिहान ११:०० बजे नेपाल प्रज्ञा प्रतिष्ठान, कमलादी, काठमाडौंमा 'नेपाली भाषाको उचित प्रयोग र शुद्ध लेखनशैली' विषयक अन्तरक्रिया कार्यक्रम आयोजना गरिएको थियो । यससम्बन्धी विस्तृत जानकारी मिति २०८०/०३/११ को आयोगको प्रेस विज्ञप्तिबाट अवगत गर्न सकिन्छ । (अनुसूची १७)

### ११.६ लोक सेवा आयोगहरूको दुई दिवसीय तेस्रो राष्ट्रिय सम्मेलनः

सुदुरपश्चिम प्रदेश, कैलालीको धनगढी नगरपालिकामा मिति २०७९ फागुन १९ र २० गते लोक सेवा आयोगको समन्वयमा प्रदेश लोक सेवा आयोगहरू सम्मिलित लोक सेवा आयोगहरूको दुई दिवसीय तेस्रो राष्ट्रिय सम्मेलन (Third National Conference of Public Service Commissions of Nepal) लोक सेवा आयोग र प्रदेश लोक सेवा आयोगहरूका माननीय अध्यक्षहरू, माननीय सदस्यहरू, आयोगका श्रीमान् सचिवहरू सहित सम्बद्ध राष्ट्रसेवक कर्मचारीहरूको गरिमामय उपस्थितिमा सम्मेलन भएको थियो।

उक्त सम्मेलनमा लोक सेवा आयोगको योग्यता, निष्पक्षता, स्वच्छता र विश्वसनीयताको मूल मर्मप्रति सम्मान व्यक्त गर्दै, योग्यता प्रणालीको प्रवर्द्धक र संरक्षकको जिम्मेवारी बोध गर्दै, भर्ना र छनौट पद्धतिमा विद्यमान सिद्धान्त, मापदण्ड र मूल्य मान्यतालाई अक्षुण्ण राखी समयानुकूल सुधार गर्दै, सार्वजनिक प्रशासनमा समयानुकूल सुधार गर्न आयोगको परीक्षा प्रणालीमा नवीनतम प्रविधिलाई आवश्यकतानुसार अवलम्बन एवं उपयोग गर्दै जान, नेपालको संविधान र कानूनको मर्म एवं भावना अनुसार समावेशी व्यवस्थालाई प्रभावकारी रूपमा कार्यान्यवन गर्न, कर्मचारीको वृत्ति विकासको सुनिश्चितता, व्यवस्थापन र सार्वजनिक प्रशासनमा रहेको सङ्क्रमणको अन्त्य गर्न यथाशीघ्र सङ्घीय निजामती सेवा ऐन, प्रदेश निजामती सेवा ऐन र स्थानीय सरकारी सेवा ऐन जारी गर्न नेपाल सरकार र प्रदेश सरकारसँग अनुरोध गर्न, सार्वजनिक प्रशासनलाई सक्षम, सुदृढ, सेवामुखी, मर्यादित र व्यवस्थित बनाउन निरन्तर क्रियाशील रहन, लोक सेवा आयोगहरूलाई योग्यता उतकृष्ट केन्द्रको रूपमा कायम राख्न प्रतिबद्ध रहन र लोक सेवा आयोग र प्रदेश लोक

सेवा आयोगहरूबीच निरन्तर समन्वय र सहयोगको वातावरण कायम राख्न प्रतिबद्ध भएको कुरासहित घोषणापत्र जारी गरिएको थियो।

लोक सेवा आयोगका संस्थागत मूल्यहरू योग्यता, निष्पक्षता, स्वच्छताको मूल मर्म अनुसार गोपनीयता एवं विश्वसनीयता सुनिश्चित हुने गरी कार्यसम्पादन गर्नका लागि प्रदेश लोक सेवा आयोगहरूको सङ्गठन संरचना र शाखागत कार्यविवरणमा एकरूपता कायम गर्न लोक सेवा आयोगका प्रशासन तथा निरीक्षण महाशाखा प्रमुखको संयोजकत्वमा प्रदेश लोक सेवा आयोगका सचिवहरू सदस्य रहने गरी समिति गठन गर्ने लगायतका १० बुँदे निर्णयहरू पनि गरिएको थियो। ती घोषणापत्र र निर्णयहरू अनुसूची १८ मा उल्लेख गरिएको छ।

### ११.७ अन्तर प्रदेश लोक सेवा आयोगहरूको भ्रमणः

अन्तर प्रदेश लोक सेवा आयोगहरूसँगको अनुभव आदान प्रदान एवं कार्यगत एकताका लागि आयोगको माननीय अध्यक्ष तथा सदस्यहरूबाट विभिन्न मितिहरूमा भ्रमण गरिएको थियो । सो को विवरण तालिका नं. २८ मा उल्लेख गरिएको छ ।

**तालिका नं. २८**

| सि.नं. | पद | पदाधिकारीको नाम | भ्रमण स्थान | मिति |
|---|---|---|---|---|
| १ | माननीय सदस्य | श्री सुदर्शन प्र.ढकाल | प्रदेश लोक सेवा आयोग, मधेश प्रदेश | २०७९/०७/०२ देखि ०६ गते सम्म |
| २ | माननीय अध्यक्ष | श्री सुरेश मान श्रेष्ठ | प्रदेश लोक सेवा आयोग, गण्डकी प्रदेश | २०८०/०२/०८ देखि १२ गते सम्म। |
| ३ | माननीय अध्यक्ष | श्री सुरेश मान श्रेष्ठ | प्रदेश लोक सेवा आयोग, लुम्बिनी प्रेदश | २०८०/०३/१५ देखि १८ गते सम्म। |

### ११.८ आयोगको सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण (O & M)

प्रदेश लोक सेवा आयोगको दरबन्दी संरचना हालसम्म पनि अस्थायी नै रहेको छ । स्थायी पदका लागि सिफारिस गर्ने निकाय नै अस्थायी रहनु सान्दर्भिक नभएको तथ्यलाई मध्यनजर गरी

मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको पत्रानुसार आयोगको संक्षिप्त सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण गरी कुल ४२ स्थायी दरबन्दीको स्वीकृतिको लागि मिति २०७९/१२/१७ मा मुख्यमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालय, हेटौंडामा पठाइएको छ । प्रतिवेदन अवधिमा उक्त दरबन्दी स्वीकृत भई आएको अवस्था छैन ।

### ११.९ मुख्य न्यायाधिवक्ताको कार्यालयसँगको छलफल एवम् अन्तरक्रिया कार्यक्रमः

प्रदेश लोक सेवा आयोगका वार्षिक कार्यक्रम अनुसारका कार्यक्रमहरू विशेषत अन्तर्वार्ता सिफारिस, बढुवा सिफारिस उपरको उजुरी सम्बन्धमा द्विविधा उत्पन्न भएका शैक्षिक योग्यता, सम्भाव्य उम्मेदवार हुने वा नहुने तथा अन्य कानूनी जटिलता र सम्मानित अदालतहरूमा आयोगलाई विपक्षी बनाई दायर भएका मुद्दाहरू र त्यसको प्रतिरक्षा गर्ने लगायत विविध विषयमा मिति २०८०/०३/२८ मा आयोगमा मुख्य न्यायाधिवक्ताज्यूको उपस्थितिमा आयोग र मुख्य न्यायाधिवक्ताको कार्यालयका पदाधिकारीहरूबीच छलफल एवम् अन्तरक्रिया कार्यक्रम सञ्चालन भएको थियो । सो छलफल आयोगको कार्यसम्पादनका लागि अत्यन्तै उपलब्धिमूलक रहेको थियो ।

### ११.१० माग आकृति फाराम पठाउन ध्यानाकर्षणः

बागमती प्रदेश सरकारद्वारा मिति २०७९/११/१८ मा प्रदेश निजामती सेवा ऐन, २०७९ र स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०७९ जारी भएपश्चात् उपरोक्त ऐनहरूमा भएको प्रावधानबमोजिम यथासमयमा माग आकृति फाराम भरी पदपूर्तिका लागि मन्त्रालय र प्रदेश लोक सेवा आयोग पठाउन मिति २०८०/०१/०५ मा बागमती प्रदेशस्थित सबै ११९ वटा स्थानीय तहहरूलाई ध्यानाकर्षण गराइएको छ । ध्यानाकर्षण पत्रको विस्तृत जानकारी अनुसूची-२० मा प्रस्तुत गरिएको छ ।

### ११.११ स्वागत र विदाइ कार्यक्रमः

यस आयोगमा प्रदेश सचिवको रुपमा खटिई आउनु भएका प्रदेश सचिव श्री बाबुराम ज्ञवालीको स्वागत एवम् करिब १५ महिना यस आयोगमा रही कार्यरत रहनु भएका प्रदेश सचिव श्री रामकृष्ण अधिकारीको विदाइसमेतको एक संयुक्त कार्यक्रम मिति २०७९/११/१९ मा आयोगमा

गरियो । कार्यक्रममा आयोगका पदाधिकारी लगायत सम्पूर्ण कर्मचारीहरूको उपस्थिति रहेको थियो ।

### ११.१२ प्रमुख सचिव र सचिवहरूसँग आयोगका पदाधिकारीहरूको बैठकः

आर्थिक वर्ष २०८०/८१ मा आयोगबाट सम्पादन गरिने पदपूर्तिसम्बन्धी क्रियाकलापहरूको वार्षिक कार्यतालिका निर्माण गर्न आयोगले दुई चरणमा प्रमुख सचिव र सचिवहरूसँग छलफल कार्यक्रम आयोजना गरेको थियो । मिति २०८०/०३/२५ मा प्रशासनसँग सम्बन्धित सचिवहरूज्यूसँग र सो को भोलिपल्ट प्राविधिकसम्बन्धित मन्त्रालयका सचिवज्यूसँग छलफल गरिएको थियो । उक्त छलफलका आधारमा आयोगको आ.व. २०८०/८१ को वार्षिक कार्यतालिकालाई अन्तिम रुप दिइएको थियो ।

# परिच्छेद – १२

# आयोगले जिम्मेवारी निर्वाहमा देखेका समस्याहरू

## १२.१ आयोगमा कर्मचारीको कमी

प्रदेश सरकारबाट स्वीकृत अस्थायी दरबन्दी अनुसार प्रदेश लोक सेवा आयोगको कार्यालयमा स्वीकृत दरबन्दी कुल ४९ जना भएता पनि राजपत्राङ्कित प्रथम श्रेणी १, राजपत्राङ्कित द्वितीय श्रेणी १, अधिकृत आठौं १, अधिकृत सातौं ३, राजपत्राङ्कित तृतीय श्रेणी ३, अधिकृत छैठौं ३ र सहायक पाँचौं ४, सहायक चौथो १ तथा कार्यालय सहयोगी ५ र हलुका सवारी चालक २ गरी जम्मा २४ जना कर्मचारीबाट कार्यालय व्यवस्थापन गरिएको आयोगको सङ्गठनात्मक संरचना, दरबन्दी तथा पदपूर्तिको अवस्था र आयोगमा कार्यरत कर्मचारीहरूको विवरण क्रमशः अनुसूची-१, अनुसूची-२ र अनुसूची-३ मा उल्लेख गरिएको छ। स्वीकृत अस्थायी दरबन्दीको झण्डै ५० प्रतिशत मात्र कर्मचारीले आयोगको माग सङ्कलन, विज्ञापन, विशेषज्ञबाट प्रश्न पत्र निर्माण र परिमार्जन, लिखित परीक्षा सञ्चालन, दोहोरो कोडिङ, उत्तर पुस्तिका परीक्षण, लिखित परीक्षाको नतिजा प्रकाशन, अन्तर्वार्ता सञ्चालन, सिफारिस, सिफारिस भएका कर्मचारीलाई अभिमुखीकरण कार्यक्रम र सिफारिस पत्र वितरणजस्ता अत्यन्त गहन कार्य सहज हिसाबबाट सम्पादन गर्न कठिनाइ भईरहेको छ।जिम्मेवारी र कार्य प्रकृति अनुसार न्यूनतम सङ्ख्यामा पनि जनशक्ति उपलब्ध हुन सकेको छैन। यसले काममा ढिलाईका साथै गुणस्तरमा सुधार गर्न कठिनाइ भई रहेको छ। नियमित अनुगमन तथा प्रवर्द्धनात्मक कामहरूलाई आयोगले बाध्य भएर नजरअन्दाज गरेको अवस्था रहेको छ।

## १२.२ भौतिक पूर्वाधारको अभावः

२०७६ मङ्सिर २ गते अध्यक्षको नियुक्ति भई मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय परिसरमा उपलब्ध गराइएको ३ कोठामा आयोगले ४ महिना कार्यसञ्चालन गरेको थियो र २०७६ चैत्र १ गते देखि २०७९ कार्तिक मसान्तसम्म घर भाडामा लिई काम कारवाही

सञ्चालन गरिएको थियो । उक्त घरमा आयोगका लागि चाहिने कोठाहरू अपर्याप्त भएको हुँदा २०७९ मङ्सीर १ गतेदेखि अर्को घर भाडामा लिई कार्यसम्पादन भइरहेको छ । आयोगको क्रियाकलाप र कामको प्रकृति तथा गरिमा उच्च बनाउन भाडाको भवन अपर्याप्त मात्रै होइन उपयुक्त पनि नहुने हुँदा आयोगको आफ्नै भवन आवश्यक देखिन्छ। आयोगको लागि पर्याप्त कोठा र सुरक्षा अति नै महत्त्वपूर्ण हुन्छ। यसतर्फ आयोगले बेलाबखत माननीय मुख्यमन्त्रीसमक्ष गम्भीर रूपमा ध्यान दिनु पर्ने कुरा राखिरहिएको छ।

## १२.३ सवारी साधन र पारिश्रमिक सुविधा

नतिजामुखी कार्यसम्पादनको हिसाबबाट सफल यस प्रदेश लोक सेवा आयोगमा अन्य प्रदेश लोक सेवा आयोगहरूको तुलनामा सवारी साधनहरू र पदाधिकारीको पारिश्रमिकको अवस्था सबैभन्दा कम छ। आयोगको कार्यबोझ र कार्य प्रकृतिका आधारमा परीक्षा सामाग्री ढुवानी तथा यातायातका लागि सवारी साधनको अभाव रहेको छ। आयोगका दुई पदाधिकारीहरूलाई हालसम्म सरकारी सवारी उपलब्ध गराउन सकिएको छैन। प्रतिष्ठा र सुरक्षाको हिसाबबाट आयोगका सदस्यहरूलाई गाडीको सुविधा हुन जरुरी देखिएको छ । आयोगको भौतिक स्रोत साधनहरूको अवस्था अनुसूची ४ मा उल्लेख गरिएको छ।

## १२.४ रिक्त पदहरू लुकाउने प्रवृत्ति

आयोगको वार्षिक कार्यतालिका बमोजिम गत आर्थिक वर्षमा ११९ वटा स्थानीय तहहरूमध्ये ६९ वटाले मात्र रिक्त पदहरू पदपूर्तिका लागि माग गरी पठाएका थिए । मागको आधारमा आयोगले पदपूर्तिको प्रक्रियाहरू पूरा गरी सिफारिसहरू गरिरहेको छ। केही स्थानीय तहहरू रिक्त पदहरू पदपूर्तिका लागि माग पठाउने विषयमा अनुदार देखिएका छन्। त्यस्तै गरी प्रदेशका मन्त्रालयहरूमा रिक्त रहेका दरबन्दीमा पदपूर्ति गर्नका लागि माग आकृति फाराम भरी पठाउन अपेक्षा गरे अनुरुप उत्साहित देखिएका छैनन् ।

### १२.५ प्रदेश निजमती सेवा नियमावली र स्थानीय सेवा (गठन तथा सञ्चालन) नियमावली नहुँदा कामकारबाहीमा जटिलता

प्रदेश निजामती सेवा ऐन, २०७९ र स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०७९ मिति २०७९/११/१८ मा बागमती प्रदेश सरकारबाट जारी भई लागू भएको तर उक्त ऐनलाई कार्यान्वयनमा ल्याउन आवश्यक पर्ने तत् तत् नियमावलीहरू जारी नहुँदा प्रतिवेदन अवधिमा प्रकाशित भएका बढुवा सूचनाहरू विशेषत एघारौं तहका पदहरूको सिफारिसलाई टुंगोमा पुऱ्याउन विभिन्न जटिलताहरू उत्पन्न भएका छन् । अतः यथाशीघ्र ती नियमावलीहरू जारी हुनुपर्ने देखिन्छ। त्यस्तै प्रदेश निजामती सेवा ऐन, २०७९ र नेपाल स्वास्थ्य सेवा ऐन, २०५३ तथा सो को नियमावलीसँग शैक्षिक योग्यतालगायत कतिपय विषयमा बाझिएकोले पदपूर्ति पश्चात् सो विषयलाई लिएर आयोग एवम् सम्मानित अदालतहरूमा उजुरीहरू पर्दा आयोगको कामकारवाहीमा विलम्ब हुने गरेको छ ।

# परिच्छेद - १३
## सुझाव तथा कार्यान्वयनको स्थिति

१. सरकारका अस्थायी प्रकृतिका आयोग, समिति, निकाय, सचिवालय, कार्यालय वा आयोजनामा स्वीकृत अस्थायी दरबन्दी रहन सक्ने व्यवस्था छ। त्यस्ता निकायहरूको वार्षिक बजेट तथा कार्यक्रम बमोजिम वार्षिक रूपमा आवश्यक पर्ने जनशक्ति निजामती सेवाको स्थायी कर्मचारी काजमा खटाई काम काज गराउनु पर्ने र स्थायी कर्मचारीबाट पदपूर्ति हुन नसकेमा मात्र आयोजना प्रमुख, लेखा प्रमुख र जिन्सी संरक्षक बाहेकका पदमा करारबाट कामकाज गराउनु पर्नेमा प्रतिवेदन अवधिमा बागमती प्रदेश सरकारका निकायहरूमा करिव १५०० भन्दा बढी अस्थायी दरबन्दी सृजना गरी १ वर्षका लागि करारबाट मात्र कामकाज गराइएको र नेपालको संविधान, प्रदेश लोक सेवा आयोग (आधार र मापदण्ड) ऐन तथा प्रदेश लोक सेवा आयोग ऐनहरूमा भएको ६ महिना भन्दा बढी अवधिका लागि नियुक्ति गर्दा उम्मेदवारको उपयुक्तताको विषयमा प्रदेश लोक सेवा आयोगको परामर्श लिनु पर्नेमा कुनै पनि पदमा आयोगको परामर्श लिएको छैन।

२. प्रदेश लोक सेवा आयोग ऐन २०७६ को दफा १० को उपदफा ५ को खण्ड (ख) मा प्रदेश निजामती सेवा प्रदेश अन्य सरकारी सेवा प्रदेश सङ्गठित संस्थाको सेवा र स्थानीय सरकारी सेवा तथा स्थानीय तहको सङ्गठित संस्थाको सेवाको पदमा कर्मचारीको सेवा सर्त सम्बन्धी कानूनको विषयमा आयोगको परामर्श लिनु पर्ने व्यवस्था छ। बागमती प्रदेश सरकारद्वारा मिति २०७९।११।१८ मा जारी भएका प्रदेश निजामती सेवा ऐन २०७९ र स्थानीय सेवा गठन तथा सञ्चालन ऐन २०७९ तर्जुमाका क्रममा औपचारिक रूपमा आयोगसँग कुनै परामर्श माग गरिएन। आयोग आफै अग्र कृयाशील भै उक्त दुवै कानूनका विधेयकहरूमा ११ पृष्ठ लामो परामर्श दिइएको भएता पनि उक्त परामर्शलाई पूरै बेवास्ता गरी ऐन पारित गरियो। यस प्रतिवेदनमा उक्त परामर्श अनुसूची-२४ र अनुसूची-२५ मा समावेश गरिएको छ।

प्रदेश सभाले बनाएको प्रदेश लोक सेवा आयोग ऐन, २०७६ को दफा १० को उपदफा (५) को खण्ड (क) र (ख) बमोजिम कर्मचारीको नियुक्तिको विषयमा र सेवा सर्त सम्बन्धी कानूनको विषयमा परामर्श लिनु पर्ने बाध्यात्मक व्यवस्थाहरूको पालना नभएकोले पालना गरी कानूनको सम्मान गर्न सम्बन्धित प्रदेश सरकारका मन्त्रालय र स्थानीय तहहरूले कञ्जुस्याइँ गर्न नहुने।

३. प्रदेश लोक सेवा आयोग ऐन २०७६ को दफा (९) को उपदफा (१) सँग अनुसूची-१(क) मा प्रदेश लोक सेवा आयोगका अध्यक्ष तथा सदस्यहरूको पारिश्रमिक सेवा र सुविधाको बारेमा उल्लेख गरिएको छ। उक्त पारिश्रमिक र सुविधा प्रदेश सरकारको एघारौं तहको भन्दा पनि न्यून छ। उक्त सुविधा आयोगका पदाधिकारी नियुक्ति गर्दाको बखत २०७६ सालको भएको र निजामती तथा अन्य सरकारी कर्मचारीको २०७६ साल पछि २०७८ साल र २०७९ सालमा तलव सुविधा वुद्धि भइसक्दापनि त्यतिवेला व्यवस्था गरिएको पारिश्रमिक र सेवा सुविधामा हालसम्म पनि वृद्धि गरिएको छैन। उक्त अनुसूची प्रदेश सरकार मन्त्रिपरिषदले हेरफेर गर्न सक्ने व्यवस्था छ। आयोगले

पारिश्रमिक र सुविधा वृद्धिका लागि २०७९ असार १३ मा निर्णय गरी प्रदेश सरकारलाई अनुरोध गरेको र तत्पश्चात् पटक पटक ताकेता गरिएको भएतापनि हालसम्म सुनुवाइ नहुँदा आयोगको प्रतिष्ठाबमोजिम अचम्भ मान्नुपर्ने अवस्था सिर्जना भएको छ।

४. आयोगबाट पेस भएको वार्षिक प्रतिवेदन प्रदेश प्रमुखमार्फत प्रदेश सभामा पेस हुने र पेस भएको प्रतिवेदनमाथि प्रदेश मामिला समितिमा छलफल हुने प्रावधान भए पनि हालसम्म कुनै पनि वर्षको वार्षिक प्रतिवेदनमा आयोगका पदाधिकारीहरूलाई बोलाई छलफल भएको छैन। प्रदेश सरकार र स्थानीय तहको सुशासन कायम राख्नु पर्ने कर्मचारीको पदपूर्ति र पदपूर्ति गर्न आइपरेको समस्याहरूमा प्रदेश मामिला समितिले आयोगसँग गम्भीर भएर छलफल गर्नुपर्ने।

५. प्रदेश लोक सेवा आयोग ऐन, २०७६ बमोजिम आयोगले प्रदान गरेको परामर्शको सबै सरोकारवाला निकायहरूले पालना गर्नुपर्ने।

६. सम्मानित सर्वोच्च अदालतले सरकारविरुद्धमा उजुरी परेको खण्डमा सरकारी कार्यलाई सुशासनयुक्त बनाउन प्रथम प्राथमिकताका साथ फैसला दिनु पर्ने र उजुरी परेको दिनदेखि बढीमा ३ महिना वा निश्चित अधिकतम समय सीमा तोकी उक्त समयभित्र न्यायिक फैसला दिइसक्नु पर्ने बाध्यात्मक व्यवस्था हुन सकेमा कर्मचारी व्यवस्थापनमा चुस्तता आउने।

७. सङ्घ, प्रदेश र स्थानीय तह (समन्वय तथा अन्तरसम्बन्ध) ऐन, २०७७ को दफा ४ र दफा ५ बमोजिम स्थानीय तहले सङ्घीय र प्रदेश कानून प्रतिकूल नहुने गरी कानून कार्यान्वयन गर्नु वा कानून बनाउनु पर्नेछ भन्ने व्यवस्थाको प्रमुख प्रशासकीय अधिकृतले अक्षरशः पालना गर्नु पर्ने।

| ३३ | २०७९-०६-२६ | ५५० | ४ | अमिन | इन्जि./सर्भे | | | | ५ |
| ३४ | २०७९-०६-२७ | ५५१-५५४ | ४ | अ.स.इ. | इन्जि./सिभिल | | २९ | | ६३ |
| ३५ | २०७९-०६-२८ | ५५५ | ४ | खा.पा.स.टे. | इन्जि./सिभिल/स्यानिटरी | | | | १० |
| ३६ | २०७९-०६-२९ | ५५६-५५८ | ४ | ना.प्रा.स. | कृषि | | २६ | | ३३ |
| ३७ | २०७९-०६-२९ | ५६६ | ४ | वैद्य | स्वास्थ्य/आयुर्वेद | | ४ | | २ |
| ३८ | २०७९-०६-३० | ५५९-५६२ | ४ | ना.प्रा.स. | कृषि/भेटेरिनरी/ला.पो.डे.डे | | २२ | | ३६ |
| ३९ | २०७९-०६-३० | ५६३-५६४ | ४ | ना.प्रा.स. | कृषि/मत्स्य | | ४ | | ४ |
| ४० | २०७९-०६-३१ | ५६७-५७१ | ४ | अ.न.मि. | स्वास्थ्य/क.न./प.हे.न. | | १३२ | | |
| ४१ | २०७९-०६-३१ | ५७२-५७५ | ४ | ल्याब असिष्टेन्ट | स्वास्थ्य/मे.ल्या.टे./ज.मे. ल्या.टे. | | ७ | | ११ |
| ४२ | २०७९-०७-०१ | ५७६-५८० | ४ | अ.हे.व. | स्वास्थ्य/हेल्थ इन्सपेक्सन | | ६२ | | १५६ |
| ४३ | २०७९-०८-१५ | ५९६-६०० | ८ | मेडिकल अधिकृत | स्वास्थ्य/ज.हे.स. | | ८ | | २२ |
| ४४ | २०७९-०८-२१ | ६०९ | ८ | बायोमेडिकल इन्जिनियर | स्वास्थ्य/विविध | | | | २ |
| ४५ | २०७९-०८-२१ | ६१० | ७ | इन्टोमोलोजिष्ट | स्वास्थ्य/हेल्थ इन्सपेक्सन | | २ | | १ |
| ४६ | २०७९-१०-१० | १-३, ७-१० | ५ | सहायक पाँचौं | प्रशासन/सामान्य प्रशासन | ११ | | २२ | |

| क्र. सं. | नतिजा प्रकाशन मिति | विज्ञापन नं. /०७८-७९ | तह | पद | सेवा, समूह, उपसमूह | महिला जम्मा | | पुरुष जम्मा | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | अप्रा. | प्रा. | अप्रा. | प्रा. |
| ४७ | २०७९-१०-१० | १-३, ७-१० | ५ | लेखापाल/आ.ले.प.सहायक | प्रशासन/लेखा | ४ | | १४ | |
| ४८ | २०७९-१०-१५ | ४-४C | ५ | प्रशासन सहायक | प्रशासन/प्राज्ञिक | ३ | | ३ | |
| ४९ | २०७९-१०-१५ | ५-५A | ५ | लेखा सहायक | प्रशासन/लेखा | | | १ | |
| ५० | २०७९-१०-१५ | ५१९ | ५ | कार्यालय सहायक | प्राज्ञिक/प्राज्ञिक | १ | | १ | |
| ५१ | २०७९-१०-१५ | ५२०-५२०A | ५ | लाइब्रेरी सहायक | प्राज्ञिक/लाइब्रेरी/लाइब्रेरी | | १ | | |
| ५२ | २०७९-१०-१७ | ५१८-५१८A | ५ | ल्याब सहायक | स्वास्थ्य/प्राज्ञिक | | ४ | | ३ |
| ५३ | २०७९-१०-१७ | ५२१ | ५ | इलेक्ट्रिसियन | इन्जि./प्राविधिक | | | | ३ |
| ५४ | २०७९-१०-१७ | ६-६A | ५ | सूचना प्रविधि सहायक | प्रशासन/सूचना प्रविधि | | २ | | ३ |
| ५५ | २०७९-११-०७ | ५६५ | ४ | स.म.वि.नि. | विविध | | ११ | | |
| ५६ | २०७९-११-१२ | ११ | ४ | सहायक चौथो | प्रशासन/सा.प्र./लेखा | | | ३ | |
| ५७ | २०७९-११-१३ | १२-१५ | ४ | सहायक चौथो | प्रशासन/सा.प्र./लेखा | २६ | | ४३ | |
| ५८ | २०८०-०१-२८ | ६१५ | ९ | अधिकृत नवौं | प्रशासन/सा.प्र. | १ | | १ | |
| ५९ | २०८०-०१-२९ | ६१७/६२७ | ९ | क. पेडिइट्रिसियन | स्वास्थ्य/पेडियाट्रिक्स/पे.मे. | | २ | | १ |
| ६० | २०८०-०१-२९ | ६१८/६२८ | ९ | क.ज.फिजिसियन | स्वास्थ्य/मेडिसिन/पेज.मे. | | | | ३ |
| ६१ | २०८०-०१-२९ | ६१९/६२९ | ९ | क.एनेस्थेसियोलोजिष्ट | स्वास्थ्य/एनेस्थेसियोलोजी | | १ | | २ |
| ६२ | २०८०-०१-२९ | ६२०/६३० | ९ | क.अर्थोपेडिक सर्जन | स्वास्थ्य/सर्जरी/अर्थो. सर्जरी | | | | ३ |
| ६३ | २०८०-०१-२९ | ६२१/६३१ | ९ | क. सर्जन | स्वास्थ्य/सर्जरी/जनरल सर्जरी | | १ | | २ |
| ६४ | २०८०-०१-२९ | ६२२/६३२ | ९ | क.रेडियोलोजिष्ट | स्वास्थ्य/रेडियोलोजी/रे.डा. | | - | | - |
| ६५ | २०८०-०२-०१ | ६२३/६३३ | ९ | क.साइक्याट्रिष्ट | स्वास्थ्य/साइक्याट्री | | १ | | २ |

| क्र. सं. | नतिजा प्रकाशन मिति | विज्ञापन नं. /०७८-७९ | तह | पद | सेवा, समूह, उपसमूह | महिला जम्मा | | पुरुष जम्मा | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | अप्रा. | प्रा. | अप्रा. | प्रा. |
| ६६ | २०८०-०२-०१ | ६२४/६३४ | ९ | क.अब्स.एण्ड गाइनोकोलोजिष्ट | स्वास्थ्य/अब्स.एण्ड गाइनोकोलोजी | | | | ४ |
| ६७ | २०८०-०२-०१ | ६२५ | ९ | स्वास्थ्य शिक्षा प्रशासक | स्वास्थ्य/हेल्थ एजुकेशन | | | | |
| ६८ | २०८०-०२-०१ | ६२६/६३५ | ९ | जनस्वास्थ्य प्रशासक | स्वास्थ्य/हेल्थ इन्सपेक्सन | | १ | | ४ |
| ६९ | २०८०-०२-०२ | ५८१/६०१-६०२ | ७ | क.नर्सिङ अधिकृत | स्वास्थ्य/क.न./प.हे.न. | | ७ | | |
| ७० | २०८०-०२-०२ | ५८२/६०३ | ७ | नर्सिङ अधिकृत | स्वास्थ्य/जनरल नर्सिङ | | ४ | | |
| ७१ | २०८०-०२-०३ | ५८३/६०४ | ७ | फार्मेसी अधिकृत | स्वास्थ्य/फार्मेसी | | २ | | १ |
| ७२ | २०८०-०२-०३ | ५८४/६०५ | ७ | फिजियोथेरापिष्ट | स्वास्थ्य/फिजियोथेरापी | | २ | | १ |
| ७३ | २०८०-०२-०४ | ५८५/६०६-६०८ | ७ | मे.ल्या.टेक्नोलोजिष्ट | स्वास्थ्य/मे.ल्या.टे./ज.मे.ल्या.टे. | | ८ | | ३ |
| ७४ | २०८०-०२-०४ | ५९२-५९५ | ७ | तथ्याङ्क अधिकृत | आ.यो.त./तथ्याङ्क | | ४ | | ५ |
| ७५ | २०८०-०२-०५ | ५८६/६११-६१४ | ७ | जनस्वास्थ्य अधिकृत | स्वास्थ्य/हेल्थ इन्सपेक्सन | | १० | | ७ |
| **जम्मा** | | | | | | ९९ | ४८६ | २५४ | ६५१ |
| **प्रथम चरणको नतिजा प्रकाशन** | | | | | | | | | |
| १ | २०७९-१०-२३ | ६-१२/०७९-८० | ७ | अधिकृत सातौं वा सो सरह | प्रशासन/सा.प्र./लेखा/राजस्व | २८ | | ११२ | |
| २ | २०७९-१२-१७ | १३-१९/०७९-८० | ५ | सहायक पाँचौं | प्रशासन/सा.प्र./लेखा | ११८ | | ५४८ | |
| **जम्मा** | | | | | | १४६ | | ६६० | |

## अनुसूची – १४:

## अन्तर्वार्ता तथा सिफारिस सम्बन्धी विस्तृत विवरण

| क्र.सं | विज्ञापन नं. /०७८-७९ | तह | सेवा/समुह/उपसमुह | पद | माग सङ्ख्या | जम्मा सिफारिस |
|---|---|---|---|---|---|---|
| १ | ५५० | ४ | इञ्जि./सर्भे | अमिन | ३ | ३ |
| २ | ५५१ | ४ | इञ्जि./सिभिल | अ.स.ई. | ४३ | ४३ |
| ३ | ५५५ | ४ | इञ्जि./सिभिल/स्यानिटरी | खापासटे. | ३ | ३ |
| ४ | ५५६ | ४ | कृषि/विभिन्न | ना.प्रा.स. | २३ | २३ |
| ५ | ५६६ | ४ | स्वास्थ्य/आयुर्वेद | वैद्य | ४ | ४ |
| ६ | ५५९-५६२ | ४ | कृषि/बिभिन्न | भेटेरीनरी/ला.पो.डे.डे. | ४१ | ३४ |
| ७ | ५६३-५६४ | ४ | कृषि/मत्स्य | ना.प्रा.स. | २ | २ |
| ८ | ५७२-५७५ | ४ | स्वास्थ्य/मे.ल्या.टे/ज.मे.ल्या.टे. | ल्याब असिष्टेन्ट | ८ | ८ |
| ९ | ५६७-५७१ | ४ | स्वास्थ्य/प.हे.न./क.न. | अ.न.मी. | ८९ | ७६ |
| १० | ५७६-५८० | ४ | स्वास्थ्य/हे.ई. | अ.हे.व. | १४५ | १४५ |
| ११ | ५६५ | ४ | विविध | स.म.वि.नी. | ७ | ६ |
| १२ | ११ | ४ | प्रशासन/सा.प्र./लेखा | सहायक चौथो/सलेपा | १० | २ |
| १३ | १२-१५ | ४ | प्रशासन/सा.प्र./लेखा | सहायक चौथो/सलेपा | ५३ | ३८ |
| १४ | ५०१ | ५ | आ.यो.तथा तथ्याङ्क | तथ्याङ्क सहायक | १ | १ |
| १५ | ५२८ | ५ | आ.यो.तथा तथ्याङ्क | तथ्याङ्क सहायक | २ | २ |

| क.सं | विज्ञापन नं. /०७८-७९ | तह | सेवा/समुह/उपसमुह | पद | माग सङ्ख्या | जम्मा सिफारिस |
|---|---|---|---|---|---|---|
| १६ | ५०२-५०३ | ५ | ईन्जि, सिभिल | सब-ई. | १० | ८ |
| १७ | ५०४ | ५ | कृषि | प्रा.स. | १२ | १२ |
| १८ | ५०७ | ५ | शिक्षा | प्रा.स. | ६ | ६ |
| १९ | ५३६ | ५ | शिक्षा | प्रा.स. | १ | १ |
| २० | ५०५, ५२० | ५ | कृषि | ला.पो.डे.डे. | १२ | १२ |
| २१ | ५३३ | ५ | कृषि,एगृ.ई. | एगृ.ईन्जि.प्रा.स. | १ | १ |
| २२ | ५३४ | ५ | कृषि,खा.पो.गु.नि. | प्रा.स. | १ | १ |
| २३ | ५४२-५४३ | ५ | स्वास्थ्य/विविध | वायो मे.टे. | २ | २ |
| २४ | ५०८ | ५ | स्वास्थ्य/हे.ई. | हे.अ. | १३ | १३ |
| २५ | ५१३ | ५ | स्वास्थ्य/आयुर्वेद | कविराज | २ | २ |
| २६ | ५३१ | ५ | कृषि(मत्स्य) | प्रा.स. | २ | २ |
| २७ | ५४८ | ५ | स्वास्थ्य/विविध | एनेस्थेसिया सहायक | २ | १ |
| २८ | ५१२ | ५ | स्वास्थ्य प.हे.न. | प.हे.न. | १ | १ |
| २९ | ५१४, ५४४-५४६ | ५ | स्वास्थ्य (ज.न.) | स्टाफ नर्स | ६ | ६ |
| ३० | ५०६, ५३५ | ५ | विविध | क.अप्रेटर | ४ | ४ |
| ३१ | ५४७ | ५ | स्वास्थ्य फार्मेसी | फा.स. | १ | १ |
| ३२ | ५०९-५११ | ५ | स्वास्थ्य हे.ई. | हे.अ. | ३५ | ३५ |
| ३३ | ५३८-५४१ | ५ | स्वास्थ्य, हे. ई. | हे.अ. | ९ | ९ |

| क्र.सं | विज्ञापन नं. /०७८-७९ | तह | सेवा/समुह/उपसमुह | पद | माग सङ्ख्या | जम्मा सिफारिस |
|---|---|---|---|---|---|---|
| ३४ | २२८-२३२ | ५ | प्रशासन/सा.प्र. | सहायक पाँचौं | १०६ | ९८ |
| ३५ | २२८-२३२ | ५ | प्रशासन/लेखा | सहायक पाँचौं | २९ | २९ |
| ३६ | १-३, ७-१० | ५ | प्रशासन/सा.प्र. | सहायक पाँचौं | १८ | १८ |
| ३७ | १-३, ७-१० | ५ | प्रशासन/लेखा | लेखापाल/आलेप.स. | ११ | ९ |
| ३८ | ४-४c | ५ | प्राज्ञिक/मदन भण्डारी | प्रशासन सहायक | ६ | ४ |
| ३९ | ५-५a | ५ | प्राज्ञिक/मदन भण्डारी | लेखा सहायक | ३ | १ |
| ४० | ५१९ | ५ | प्राज्ञिक/मदन भण्डारी | कार्यालय सहायक | १ | १ |
| ४१ | ५२०-५२०a | ५ | प्राज्ञिक/मदन भण्डारी | लाइब्रेरी सहायक | २ | १ |
| ४२ | ६-६a | ५ | प्राज्ञिक/मदन भण्डारी | सूचनाप्रविधि सहायक | २ | २ |
| ४३ | ५१८-५१८a | ५ | प्राज्ञिक/मदन भण्डारी | ल्याब सहायक | २ | २ |
| ४४ | ६१० | ७ | स्वास्थ्य/हे.ई. | इन्टोमोलोजिष्ट | १ | १ |
| ४५ | ६०५ | ७ | स्वास्थ्य/फिजियोथेरापी | फिजियोथेरापिष्ट | १ | १ |
| ४६ | ६०४ | ७ | स्वास्थ्य/फार्मेसी | फार्मेसी अधिकृत | १ | १ |
| ४७ | ६०६ | ७ | स्वास्थ्य/मे.ल्या.टे/ज.मे.ल्या.टे. | मेडीकल ल्याब टेक्नोलोजिष्ट | २ | २ |
| ४८ | ५९२-५९५ | ७ | आ.यो.तथा तथ्याङ्क | तथ्याङ्क अधिकृत | ६ | ४ |
| ४९ | ५९६-६०० | ८ | स्वास्थ्य/ज.हे.स. | मेडीकल अधिकृत | १८ | १३ |
| ५० | ६०९ | ८ | स्वास्थ्य/विविध | बायो.मे. इन्जिनियर | १ | १ |
| ५१ | ५२२ | ९ | मदनभण्डारी (प्याथोलोजी) | लेक्चरर | १ | १ |

| क्र.सं | विज्ञापन नं. /०७८-७९ | तह | सेवा/समुह/उपसमुह | पद | माग सङ्ख्या | जम्मा सिफारिस |
|---|---|---|---|---|---|---|
| ५२ | ५२३ | ९ | मदनभण्डारी (फिजियोलोजी) | लेक्चरर | १ | १ |
| ५३ | ५२४ | ९ | मदनभण्डारी (बायोकेमिष्ट) | लेक्चरर | १ | १ |
| ५४ | ५२५ | ९ | मदनभण्डारी (प.हे.) | लेक्चरर | ३ | ३ |
| ५५ | ५२६ | ९ | मदनभण्डारी(फर्माकोलोजी) | लेक्चरर | १ | १ |
| ५६ | ५२७ | ९ | मदनभण्डारी(स्पेक्ट्रोलोजी) | लेक्चरर | १ | १ |
| ५७ | ६१५ | ९ | प्रशासन/सा. प्र | अधिकृत नवौं | १ | १ |
| ५८ | ६२७ | ९ | स्वास्थ्य/पेडियाट्रिक्स/पे.मेडिसिन | कन्सल्टेन्ट पेडियाट्रिसियन | १ | १ |
| ५९ | ६२८ | ९ | स्वास्थ्य/मेडिसिन/ज.मे | क.ज.फिजिसियन | १ | १ |
| ६० | ६२९ | ९ | स्वास्थ्य/एनेस्थेसियोलोजी | क.एनेस्थेसियोलोजिष्ट | १ | १ |
| ६१ | ६३० | ९ | स्वास्थ्य/सर्जरी/अ.सर्जरी | अर्थोपेडिक सर्जन | १ | १ |
| ६२ | ६३१ | ९ | स्वास्थ्य/सर्जरी/ज.सर्जरी | कन्सल्टेन्ट सर्जन | १ | १ |
| ६३ | ६३३ | ९ | स्वास्थ्य/साइक्याट्री/ | कन्सल्टेन्ट साइक्याट्रिष्ट | १ | १ |
| ६४ | ६३४ | ९ | स्वास्थ्य/अ.एण्ड गाइनोकोलोजी | क.अ. एणड गाइनोकोलोजिष्ट | १ | १ |
| ६५ | ६२६ | ९ | स्वास्थ्य/हे.ई. | जनस्वास्थ्य प्रशासक | १ | १ |
| ६६ | ६३५ | ९ | स्वास्थ्य/हे.ई. | जनस्वास्थ्य प्रशासक | १ | १ |
| जम्मा | | | | | ७८२ | ७१३ |

## अनुसूची – १५:

### प्रदेश लोक सेवा आयोग, बागमती प्रदेश विपक्षीलाई विपक्षी बनाइएका सम्मानित सर्वोच्च अदालत र उच्च अदालतहरूमा विचाराधीन रहेका मुद्दाहरू सम्बन्धी जानकारी

| सि. नं. | मुद्दा तथा अदालत | मद्धाको नाम | पक्ष/विपक्ष | मुद्धाको स्थिति | विषयवस्तुको संक्षिप्त विवरण |
|---|---|---|---|---|---|
| १. | ०७९-WO-०७१४ (सर्वोच्च अदालत) (रिट) | उत्प्रेषण/ परमादेश | अधिवक्ता श्रवण कुमारी चौधरी समेत वि. प्रदेश लोक सेवा आयोग बागमती प्रदेश समेत | चालु | नेपालको संविधान बमोजिम समावेशीतर्फ थारु समुदायको छुट्टै क्लस्टर हुनुपर्नेमा नछुट्याई विज्ञापन गरेको हुँदा सम्पूर्ण थारु समुदायको मौलिक हक माथि आघात पुगेको । थारु समुदायको परीक्षार्थीले सम्बन्धित समावेशी समुदायमा पर्ने सिफारिसका आधारमा थारु समुदायका परीक्षार्थीहरूलाई सिफारिस भई आएअनुसारको समावेशी समूहमा परीक्षाका लागि आवेदन दिन मिल्ने व्यवस्था गरिएको हुँदा रिट निवेदन खारेज गरी पाउँ भन्ने व्यहोराको लिखित जवाफ फिराइएको । |
| २. | ०७९-WO-०३९२ (उच्च अदालत पाटन) (रिट) | उत्प्रेषण/ परमादेश | गणेश भण्डारी वि. प्रदेश लोक सेवा आयोग बागमती प्रदेश समेत | रिट खारेज | आयोगको सूचना बमोजिम दरखास्त दिएकोमा कानून विपरित मेरो दरखास्त लिखित परीक्षा रद्द गरी अन्तर्वार्ताको सूचीबाट हटाउने निर्णय भएकोले अन्यायमा परेको<br>विज्ञापन गरिएको पद प्राविधिक भएकोले प्राविधिक कामको लागि चाहिने प्राविधिक योग्यताको माग गरेको विज्ञापन उचित होइन भन्न नसकिने तथा आयोगले ऐन बमोजिम सूचना सच्याउन सक्ने कानूनी |

| सि. नं. | मुद्धा तथा अदालत | मद्धाको नाम | पक्ष/विपक्ष | मुद्धाको स्थिति | विषयवस्तुको संक्षिप्त विवरण |
|---|---|---|---|---|---|
| | | | | | व्यवस्था भएको हुँदा रिट निवेदन खारेज गरी पाउँ भन्ने व्यहोराको लिखित जवाफ फिराइएको । |
| ३. | ०७९-WO-००२१ (उच्च अदालत हेटौंडा इजलास) | उत्प्रेषण/ परमादेश | राधा कुमारी चौधरी\ प्रदेश लोक सेवा आयोग बागमती प्रदेश | फैसाला (रिट खारेज) | र.न.पा., चितवनबाट म रिट निवेदकलाई छैठौं तहमा बढुवा गरेकोमा प्रदेश लोक सेवा आयोगको निर्णयबाट बदर भएकोले मेरो रोजगारीको हकमा समेत आघात पुगेको प्रदेश लोक सेवा आयोग ऐन, २०७६ को दफा १० को उपदफा (५) को खण्ड (ग) बमोजिमको प्रकिया पूरा नभएकोले आयोगको निर्णय कानून सम्मत भएकोले रिट निवेदन खारेज गरी पाउँ भन्ने व्यहोराको लिखित जवाफ फिराइएको |
| | ०७९-WO-००१७ (उच्च अदालत हेटौंडा इजलास) | उत्प्रेषण/ परमादेश | प्रकाश चन्द्र ढुंगाना समेत वि. प्रदेश लोक सेवा आयोग बागमती प्रदेश समेत | फैसाला (रिट खारेज) | र.न.पा., चितवनबाट म रिट निवेदकलाई छैठौं तहमा बढुवा गरेकोमा प्रदेश लोक सेवा आयोगको निर्णयबाट बदर भएकोले मेरो रोजगारीको हकमा समेत आघात पुगेको प्रदेश लोक सेवा आयोग ऐन, २०७६ को दफा १० को उपदफा (५) को खण्ड (ग) बमोजिमको प्रकिया पूरा नभएकोले आयोगको निर्णय कानून सम्मत भएकोले रिट निवेदन खारेज गरी पाउँ भन्ने व्यहोराको लिखित जवाफ फिराइएको |

| सि. नं. | मुद्धा तथा अदालत | मद्धाको नाम | पक्ष/विपक्ष | मुद्धाको स्थिति | विषयवस्तुको संक्षिप्त विवरण |
|---|---|---|---|---|---|
| ५. | ०७९-wo-००१७ (सर्वोच्च अदालत) | उत्प्रेषण/ परमादेश समेत | ल.जि.ल.म.न.पा वडा नं. १० बस्ने वर्ष ३५ को डा. ज्वलन्त पौडेल वि. प्रदेश लोक सेवा आयोग बागमती प्रदेश समेत | रिट खारेज | बागमती प्रदेश लोक सेवा आयोगबाट प्रकाशित बढुवा सूचना नं. मा. मे.ल्या.टे./ प्याथोलोजी समूह/उपसमूह एकै गरी प्रकाशन भएको तर प्याथोलोजी फरक र विशिष्ट पद भएको हुँदा अन्यायमा परेको<br>रिट निवेदक बागमती प्रदेशको स्वास्थ्य क्षेत्रको कर्मचारी नभएकोले अदालत प्रवेश गर्ने हकदैया नपुगेको निवेदक सफा हात र नियतले अदालत प्रवेश नगरेको हुँदा रिट निवेदन खारेज गरी पाउँ भन्ने व्यहोराको लिखित जवाफ फिराइएको । |
| ६. | ०७९-wo-००८४ (सर्वोच्च अदालत) | उत्प्रेषण/ परमादेश समेत | वरिष्ठ जन स्वास्थ्य प्रशासक (दशौ तहमा सेवारत) महेन्द्र ध्वज अधिकारी वि. प्रदेश लोक सेवा आयोग बागमती प्रदेश समेत | चालु | निजामती सेवा ऐन, २०४९ तथा कर्मचारी समायोजन ऐन, २०७५ को प्रतिकुल हुने गरी प्रदेश निजामती सेवा ऐन, २०७९ को दफा ३१ को उपदफा (४) को प्रतिबन्धात्मक वाक्यांशलाई अमान्य तथा बदर गरी पुन बढुवाको सूचना प्रकिया आरम्भ गरिपाउँ ।<br>निवेदकले प्रथमत सङ्घ रोजी पछि हिसाब किताब गरी समायोजन संशोधन गरी प्रदेश आएको प्रारम्भबाट प्रदेशमा काम गरेका कर्मचारीको अधिकार छिन्ने दुषित र दुराशाययुक्त मनाशाय राखेको र निजले दाबी गरेजस्तो सङ्घीय |

| सि. नं. | मुद्धा तथा अदालत | मद्धाको नाम | पक्ष/विपक्ष | मुद्धाको स्थिति | विषयवस्तुको संक्षिप्त विवरण |
|---|---|---|---|---|---|
| | | | | | कानूनसँग नबाझिएकोले रिट निवेदन खारेज गरी पाउँ भनी लिखित नवाफ फिराइएको । |
| ७. | ०७९-WO-००८१ (उच्च अदालत हेटौंडा इजलास) | उत्प्रेषण/ परमादेश | कृषि प्रसार अधिकृतस्तर दशौं तहमा कार्यरत झलकनाथ कंडेल स. वि. प्रदेश लोक सेवा आयोग बागमती प्रदेश समेत | चालु | प्रदेश निजामती सेवा ऐन, २०७९ बमोजिम कृषिका कृषि समूहकृत हुन नहुने<br>नवौं तहको न्यूनतम शैक्षिक योग्यता विना एघारौं तहमा बढुवा हुन नसक्ने, रिट निवेदक मध्येका तेजप्रसाद दवाडीले आयोगमा बढुवाको लागि दरखास्त आवेदन समेत दिइसकेको सन्दर्भमा रिट निवेदनको औचित्य समेत समाप्त भईसकेकोले रिट निवेदन खारेज गरी पाउँ भन्ने व्यहोराको लिखित जवाफ फिराइएको । |
| ८. | ०७९-WO-००८३ (उच्च अदालत हेटौंडा इजलास) | उत्प्रेषण/ परमादेश | देवकी खतिवडा वि. प्रदेश लोक सेवा आयोग समेत | चालु | छैटौं तहका लिखित परीक्षा समेत सम्पन्न भए पनि लामो अवधि सम्म नतिजा प्रकाशन नगर्दा रोजगारीको हकमा आघात पुगेको प्रदेश निजामती सेवा ऐन, २०७९ मा भएको कानूनी व्यवस्थाले गर्दा नतिजा प्रकाशन गर्न कानूनी अड्चन भएको र त्यो आयोगसँग सम्बन्धित नभएकोले रिट निवेदन खारेज गरी पाउँ भन्ने व्यहोराको लिखित जवाफ फिराइएको । |
| ९. | ०७९-WO-१७२७ (उच्च अदालत, | उत्प्रेषण/ परमादेश | डा. अञ्जु कार्की विरुद्ध प्रदेश लोक सेवा | चालु | न्यूनतम सेवा अवधि तथा माथिल्लो शैक्षिक योग्यता हुँदा हुँदै पनि न्यूनतम शैक्षिक योग्यता तथा तल्लो |

| सि. नं. | मुद्धा तथा अदालत | मद्धाको नाम | पक्ष/विपक्ष | मुद्धाको स्थिति | विषयवस्तुको संक्षिप्त विवरण |
|---|---|---|---|---|---|
| | पाटन) | | आयोग समेत बागमती प्रदेश समेत | | समूह नभएको भनी गैर कानूनी तवरले मेरो बढुवा हुने हकलाई अन्यायी प्रदेश लोक सेवा आयोगले आघात पुऱ्याएको<br>न्यूनतम शैक्षिक योग्यता र सम्बन्धित समूह नभएकोले प्रचलित कानून बमोजिम रिट निवेददन खारेज गरी पाउँ भन्ने व्यहोराको लिखित जवाफ फिराइएको । |
| १०. | ०७९-WO-१७४३ (उच्च अदालत, पाटन) | उत्प्रेषण/ परमादेश | अञ्जना खड्का विरुद्ध प्रदेश लोक सेवा आयोग बागमती प्रदेश समेत | रिट जारी | न्यूनतम सेवा अवधि तथा माथिल्लो शैक्षिक योग्यता हुँदा हुँदै पनि न्यूनतम शैक्षिक योग्यता तथा तल्लो समूह नभएको भनी गैर कानूनी तवरले मेरो बढुवा हुने हकलाई अन्यायी प्रदेश लोक सेवा आयोगले आघात पुऱ्याएको<br>न्यूनतम शैक्षिक योग्यता र सम्बन्धित समूह नभएकोले प्रचलित कानून बमोजिम रिट निवेददन खारेज गरी पाउँ भन्ने व्यहोराको लिखित जवाफ फिराइएको । |

## अनुसूची १६:

## प्रदेश प्रमुख श्री यादवचन्द्र शर्मासमक्ष प्रदेश लोक सेवा आयोग, बागमती प्रदेशको तेस्रो वार्षिक प्रतिवेदन २०७८/७९ प्रस्तुती

# प्रदेश लोक सेवा आयोग

बागमती प्रदेश

हेटौंडा, नेपाल

पत्र सङ्ख्याः-

चलानी नं.:-

मितिः

**प्रेश विज्ञप्ति**

मितः २०७९।०५।१५

प्रदेश प्रमुख श्री यादवचन्द्र शर्मासमक्ष प्रदेश लोक सेवा आयोग, बागमती प्रदेशको तेस्रो वार्षिक प्रतिवेदन २०७८।०७९ प्रस्तुति

आज मिति २०७९ भाद्र १५ गते बुधबार अपरान्ह ३ बजे प्रदेश लोक सेवा आयोग, बागमती प्रदेशले बागमती प्रदेशका माननीय प्रदेश प्रमुख श्री यादवचन्द्र शर्माज्यू समक्ष आयोगको तेस्रो वार्षिक प्रतिवेदन २०७८।०७९ पेश गरेको छ। प्रदेश लोक सेवा आयोग ऐन, २०७६ को दफा ११२ बमोजिम मिति २०७८ श्रावण १ गते देखि २०७९ आषाढ ३२ गते सम्म आयोगले सम्पादन गरेका काम कारबाहीहरू प्रतिवेदनमा समेटिएका छन्।

प्रतिवेदनमा आयोगको गठन र कार्य क्षेत्र, कार्यसम्पादन हुँदा अवलम्बन गरिने सिद्धान्तहरू प्रशासनिक तथा वित्तीय स्थिति, परीक्षण प्रविधि, शैक्षिक योग्यता र पाठ्यक्रम, आयोगबाट परीक्षा सञ्चालन सम्बन्धमा सम्पादन भएका कामहरू, परामर्श र उजुरी सम्बन्धी काम, आयोगले कार्य सम्पादन गर्दा आइपरेका कठिनाइ तथा आयोगका तर्फबाट सुझावहरू प्रस्तुत गरिएको छ।

नेपालको संविधानको धारा २४४ अनुसार सङ्घीय संसदले पारित गरेको प्रदेश लोक सेवा आयोग (आधार र मापदण्ड निर्धारण) ऐन, २०७५ बमोजिम बागमती प्रदेशको प्रदेश सभाले प्रदेश लोक सेवा आयोग ऐन, २०७६ पारित गरी मिति २०७६ साल मङ्सिर २ गतेबाट प्रदेश लोक सेवा आयोग, बागमती प्रदेशको गठन भएको हो। संवैधानिक प्रावधानअनुसार लोक सेवा आयोगको स्थापित मूल्य, मान्यता र मापदण्डलाई आत्मसात गर्दै बागमती प्रदेश सरकार र प्रदेश भित्रका स्थानीय तहहरूका विभिन्न निकायमा विभिन्न सेवा समूह र तहका रिक्त पदहरू पदपूर्तिका लागि उपयुक्त उम्मेदवार छनौट गरी नियुक्तिका लागि सिफारिस गर्न आयोग क्रियाशील रहँदै आएको छ। आयोगले आफ्नो काम सम्पादन गर्दा योग्यता, गोपनीयता, स्वच्छता, निष्पक्षता, समावेशीता, समान अवसर, ब्दिअन्ध, परिचय शून्यता र असंलग्नताको सिध्दान्तलाई अनुसरण गर्ने गरेको छ।

यस क्रममा आयोगद्वारा आर्थिक बर्ष २०७८/७९ मा विभिन्न सेवा/समूह/तहका पदहरूको विज्ञापन प्रकाशन गरी ती पदहरूको परीक्षा सञ्चालन लगायतका परीक्षा सम्बन्धी कार्य सम्पादन गर्नुका अतिरिक्त गत आर्थिक बर्ष २०७७/७८ मा विज्ञापन भई स्थायी नियुक्तिका लागि सिफारिस हुन बाँकी पदहरूमा उपयुक्त उम्मेदवार छनौट गरी नियुक्तिका लागि सिफारिस गरिएको छ।

# प्रदेश लोक सेवा आयोग

बागमती प्रदेश

हेटौंडा, नेपाल

पत्र सङ्ख्या:-

मिति:

चलानी नं.:-

साथै कानून बमोजिम प्रदेश सरकार, सम्बन्धित स्थानीय तहहरू एवं अन्य सरोकारवाला निकायहरूबाट ती निकायका कर्मचारीहरूको सेवाको सर्त सम्बन्धी कानून, विभागीय सजाय लगायतका विषयमा आयोग ऐन बमोजिम माग भई आएका विषयमा आयोगबाट परामर्श उपलब्ध गराइएको छ।

प्रदेश भित्रका विभिन्न स्थानीय तहहरूले प्रचलित कानूनी प्रावधान विपरीत आयोगको परामर्श विना आफूखुसी कानून बनाई वा कार्यकारी निर्णयका आधारमा गरिएको गैरकानूनी बढुवा खारेज गरिएको छ। साथै आयोगलाई विपक्षी बनाई सम्मानित सर्वोच्च अदालत र उच्च अदालतमा दायर भएका विभिन्न मुद्दाहरूमा आयोगको प्रतिरक्षा र आरोपहरूको प्रतिवाद गरिएको छ।

आर्थिक वर्ष २०७८/०७९ मा आयोगद्वारा सम्पादित कार्यहरूको कार्यकारी सारांश देहाय बमोजिम रहेको छः

- प्रमुख कार्यहरू अन्तर्गत थप ३३ पदहरूका लागि ५९ वटा पाठ्यक्रम निर्माण गरी स्वीकृत कार्यतालिका बमोजिम ८२५ पदहरू पदपूर्तिका लागि विज्ञापन गरी परीक्षाहरू सञ्चालन गरेको थियो।
- प्रतिवेदन अवधिमा अनलाइन मार्फत ८५,०८४ जनाले दरखास्त गरेका थिए। यसमा अधिकृतस्तरका लागि ९२७१ र सहायकस्तरका लागि ७५८१३ दरखास्त प्राप्त भएको थियो।
- यस अवधिमा प्रदेश निजामती सेवा र स्थानीय सेवामा जम्मा ५४० जना महिला र ६३४ जना पुरुष गरी ११७४ जना उम्मेदवारहरू अन्तर्वार्तामा सहभागी भएका थिए भने २९३ महिला र ५१६ पुरुष सहित जम्मा ८०९ जना सिफारिस भएका छन्। समावेशी तर्फ ८०९ जनामा २१५ जना रहेका छन्। २१५ जनामा ११५ महिला, ६३ आदिवासी, २६ मधेसी, ९ दलित र २ अपाङ्गहरू रहेका छन्।
- यस अवधिमा ५ वटा सेवासम्बन्धी कानुन एवम् २ जना कर्मचारीलाई दिन प्रस्ताव गरिएको विभागीय सजायसम्बन्धमा आयोगले परामर्श दिएको छ।
- दरखास्त दिने काम अनलाइन सेवामा आधारित छ भने उम्मेदवारलाई एसएमएस मार्फत सूचना दिने गरिएको छ। आयोगको वेबसाइट **http://spsc.bagamati.gov.np/** २०७९ असार मसान्तसम्म ३४ लाख भन्दा बढी पटक हेरिएको छ।
- काठमाडौं र ललितपुर महानगरपालिका एवम् हेटौंडा उपमहानगरपालिकाहरूले गरेका अनियमित बढुवाहरू आयोगले खारेज गरेको छ।
- नक्कली परीक्षार्थी पहिचान गरी कारबाहीका लागि प्रहरीमा बुझाइएको र सम्बन्धित उम्मेदवारलाई ५ वर्षसम्म आयोगबाट सञ्चालन हुने कुनै पनि परीक्षामा उम्मेदवार बन्न नपाउने गरी कारबाही गरिएको छ।

# प्रदेश लोक सेवा आयोग

बागमती प्रदेश

लोक सेवा आयोग बागमती प्रदेश हेटौंडा, मकवानपुर

हेटौंडा, नेपाल

पत्र सङ्ख्याः-

मितिः

चलानी नं.:-

आयोगले देहायका कठिनाइहरूको सामना गरिरहनु परेको छः-

१. भौतिक पूर्वाधार अन्तर्गत भवन र सवारी साधनको अभाव रहेको छ।

२. नीतिगत अन्यौलका कारण विगत ४ वर्षदेखि बढुवाका प्रक्रियाहरू अवरुध्द छन्। प्रदेश सरकारका बहुसंख्यक पदहरू रिक्त रहेका छन्।

३. हालै जारी भएको अध्यादेशहरू कार्यान्वयनमा आएपछि काममा सहजता आउने देखिन्छ। यद्यपि केही व्यवस्थाहरू आयोगको दृष्टिकोणमा फरक धारणा रहेको छ।

४. जनशक्तिको अभाव छ। हाल प्रदेश लोक सेवा आयोगमा स्वीकृत अस्थायी दरबन्दी कुल ४९ जना भएता पनि जम्मा २१ जना कर्मचारीबाट कार्यालय व्यवस्थापन गरिएको छ। यति थोरै कर्मचारीले आयोगको गहन कार्य सहज हिसाबबाट सम्पादन गर्न कठिनाइ भइरहेको छ।

५. यस वर्ष स्वास्थ्य मन्त्रालय, सामाजिक विकास मन्त्रालय, आर्थिक मामिला तथा योजना मन्त्रालय, भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालय र प्रदेश सभा सचिवालय गरी प्रदेश सरकारका पाँचवटा मन्त्रालय/निकायहरूबाट २०० वटा पदहरूको पदपूर्तिका लागि माग आकृति फाराम प्राप्त भएको थियो। भरतपुर महानगरपालिका, ललितपुर महानगरपालिका, हेटौंडा उपमहानगरपालिका लगायत ६१ वटा स्थानीय तहहरूको ६२५ वटा पदहरूको माग आकृति फाराम प्राप्त भएको थियो भने सबैभन्दा बढी रिक्त भएको काठमाडौं महानगरपालिकाले भने एउटा पनि पदको पदपूर्तिको लागि माग गरेन। आफूले नियुक्त गरेका व्यक्तिहरूको संरक्षणको लागि पनि रिक्त दरबन्दीको माग आकृति फाराम भरी समयमा नै आयोगमा नपठाउनु, प्रदेश अन्तर्गतका मन्त्रालय र कार्यालयहरूले समेत रिक्त दरबन्दी हुँदा पनि विज्ञापनको लागि कुनै चासो नदेखाउनु, कथम् कदाचित कुनै कार्यालयले माग आकृति फाराम भरी पठाएमा सम्बन्धित निकायको अपेक्षित सहयोग प्राप्त हुनसक्दा ठुलो सङ्ख्यमा रिक्त दरबन्दीहरूमा पदपूर्ति हुन सकेको छैन।

६. सरकारलाई दिइएको प्रमुख सुझावहरू

(क) प्रदेश सरकार र सबै स्थानीय तहहरूले रिक्त पदहरू पदपूर्तिका लागि आयोगको वार्षिक कार्यतालिका अनुसार आयोग समक्ष माग गर्ने ।

(ख) बढुवा समितिको सचिवालयलाई क्रियाशील बनाई लामो अवधिदेखि थाति रहेका बढुवाका प्रक्रियाहरू टुङ्गयाउने,

(ग) आयोगको दरबन्दी संरचना स्थायी गर्ने,

(घ) सबै सार्वजनिक निकायमा ६ महिना भन्दा बढी अवधिका लागि नियुक्ति दिंदा अनिवार्य रुपमा आयोगको परामर्श लिने व्यवस्था मिलाउने,

# प्रदेश लोक सेवा आयोग

बागमती प्रदेश

हेटौंडा, नेपाल

पत्र सङ्ख्याः-

चलानी नं.:-

मितिः

प्रदेश लोक सेवा आयोग बागमती प्रदेश हेटौंडा, मकवानपुर

(ङ) प्रदेश लोक सेवा आयोग ऐन, २०७६ बमोजिम परामर्श लिनु पर्ने बाध्यात्मक व्यवस्थाहरूको पालना गर्ने,

(च) सम्मानित अदालतको फैसलामा हुने ढिलाईले आयोगको कार्यतालिका प्रभावित हुने गरेको तर्फ ध्यान आकृष्ट गराउने,

(छ) सङ्घ,प्रदेश र स्थानीय तह (समन्वय तथा अन्तरसम्बन्ध) ऐन, २०७७ को दफा ४ र दफा ५ बमोजिम स्थानीय तहले सङ्घीय र प्रदेश कानून प्रतिकूल नहुने गरी कानून कार्यान्वयन गर्नु वा कानून बनाउनु पर्नेछ भन्ने व्यवस्थाको प्रमुख प्रशासकीय अधिकृतले अक्षरशः पालना गर्नु पर्ने।

(ज) नेपाल सरकारबाट २०७६ वैशाख १६ गते निर्धारण गरिएको प्रदेश लोक सेवा आयोगको अध्यक्ष र सदस्यको मर्यादाक्रम परिमार्जनका बारेमा अघिल्ला दुवै वार्षिक प्रतिवेदनहरूमा स्पष्ट आधारहरूसहित गम्भीर ध्यान आकृष्ट गरिएकोमा हालसम्म परिमार्जन नभएकोले प्रदेश लोक सेवा आयोगका अध्यक्ष र सदस्यको मर्यादाक्रम १२ नम्बरमा संवैधानिक निकायका सदस्य तथा आयुक्तको लगत्तै पछि राख्ने व्यवस्थाका लागि प्रदेश सरकार मार्फत नेपाल सरकारलाई अनुरोध हुनु पर्ने।

(झ) स्थानीय तहका सेवाको गठन तथा सञ्चालनसम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक र प्रदेश निजामती सेवाको गठन, सञ्चालन र सेवाका सर्तहरूको सम्बन्धमा व्यवस्था गर्न बनेको प्रतिस्थापन विधेयक २०७९ मा गरिएको व्यवस्थाले आयोगले लिएको छैठौं तहका सबै परीक्षाहरू अलपत्र पर्ने अवस्था सिर्जना भएको छ। आयोगको काम प्रति जनविश्वास कमजोर हुने र सहभागी हजारौं परीक्षार्थीहरू उपर अन्याय हुने अवस्था आउन सक्ने अवस्था उपर उक्त अध्यादेश जारी हुनु अघिनै आयोगले उपलब्ध गराएको परामर्श समेत नजर अन्दाज गरिनु उपयुक्त नभएको हुँदा परामर्श अनुसार हुन प्रदेश सरकारसँग अनुरोध छ।

५।१५

(रामकृष्ण अधिकारी)
सचिव

## अनुसूची १७:
## नेपाली भाषाको उचित प्रयोग र शुद्ध लेखनशैली विषयक अन्तरक्रिया कार्यक्रम सम्बन्धी प्रेश विज्ञप्ती

# प्रदेश लोक सेवा आयोग
बागमती प्रदेश
हेटौंडा, मकवानपुर।

प.सं.: ०७९/८०
च.नं.
मिति:२०८०।०३।११

विषयः प्रेस विज्ञप्ति

प्रदेश लोक सेवा आयोग, बागमती प्रदेशको वार्षिक कार्यक्रम अनुसार मिति २०८०।०३।११ गते बिहान ११:०० बजे नेपाल प्रज्ञा प्रतिष्ठान, कमलादी, काठमाडौंको लेखनाथ हलमा 'नेपाली भाषाको उचित प्रयोग र शुद्ध लेखनशैली' विषयक अन्तरक्रिया कार्यक्रम आयोजना गरियो। नेपालको संविधानको धारा ७ मा देवनागरी लिपिमा लेखिने नेपाली भाषा नेपालको सरकारी कामकाजको भाषा हुनेछ भन्ने व्यवस्थालाई सम्मान प्रकट गर्दै प्रदेश लोक सेवा आयोग, बागमती प्रदेशले नेपालको निजामती सेवाका सहायक चौथो र पाँचौं तथा अधिकृतस्तर छैठौं, सातौं र आठौं तहका पाठ्यक्रममा नेपाली भाषा शुद्ध लेखनशैली राखिएको छ। यसै सन्दर्भमा प्राविधिक सेवातर्फका अधिकृतका लागि तीन अङ्क र प्रशासन सेवाको अधिकृतको लागि दश अङ्कसम्मको अङ्क भार राखी प्रश्न सोधिने गरिएको छ भने प्राविधिक सेवातर्फका सहायक पदका लागि चार अङ्क र प्रशासन सेवाको लागि छ अङ्कसम्मको अङ्कभार राखिएको छ। नेपाली भाषा शुद्ध लेखनशैली प्रदेश लोक सेवा आयोगको इतिहासमा पहिलो पटक पाठ्यक्रममा राखिएको हो जसवाट नेपालको निजामती सेवाका कर्मचारी चिठी पत्र, प्रतिवेदनलगायतका नेपाली भाषामा लेखु पर्ने लिखत लेख्दा शुद्ध हिसाबले लेख्न सकियोस् भन्ने अभिप्राय हो। आयोगले लिने परीक्षाको पाठ्यक्रम र परीक्षामा यो विषय समावेश भएपछि केही संवेदनशील भई जागरुकता ल्याएको छ। नेपाली बृहत् शब्दकोश र प्रज्ञा नेपाली बृहत् शब्दकोशलाई आधिकारिक मानेर उत्तरपुस्तिका परीक्षण गर्ने गरिन्छ। तर यदाकदा उक्त शब्दकोशमा पनि द्विविधा उत्पन्न हुने शब्दहरू देखिन्छन्। त्यसैलाई चिरफार गर्न यो अन्तरक्रिया गोष्ठीको आयोजना गरिएको हो।

उक्त कार्यक्रमको अध्यक्षता प्रदेश लोक सेवा आयोगका अध्यक्ष सुरेश मान श्रेष्ठले गर्नु भएको थियो भने कार्यक्रमको उद्घाटन नेपाल प्रज्ञा प्रतिष्ठानका कुलपति भुपाल राईले गर्नु भएको थियो। उक्त कार्यक्रममा लोक सेवा आयोगका सचिव श्री राज कुमार श्रेष्ठ, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, बागमती प्रदेशका प्रमुख सचिव मुकुन्द प्रसाद निरौला, त्रिभुवन विश्वविद्यालय, नेपाली केन्द्रीय शिक्षण विभाग प्रमुख प्रा. डा. श्री खगेन्द्रप्रसाद लुइटेल, प्रा. डा. लक्ष्मण प्रसाद गौतम,

टेलिफोन: ०५७-५९०६१३, ५९०६१४, ५९०६१५, ई-मेल: info.ppsc@bagamati.gov.np,
वेब साइट: ppsc.bagamati.gov.np

उपप्राध्यापक डा. श्री प्रेम प्रसाद चौलागाईं, भाषाविद् प्रा. डा. महादेव अवस्थी र प्रा. डा. देवी प्रसाद गौतम, नेपाल प्रतिष्ठानका सदस्यहरू डा. मधुसुदन गिरी, डा. कौशिला रिसाल, डा. वालकृष्ण अधिकारी, डा. विष्णु ज्ञवाली र सदस्य सचिव डा. धन प्रसाद सुवेदी, प्रदेश मन्त्रालय एवम् आयोगका प्रतिनिधि, रा. स. स. र गोरखापत्र संस्थानका प्रतिनिधि, प्रदेश लोक सेवा आयोगका कर्मचारीहरू, अन्य इच्छुक व्यक्ति लगायत ५० जना भन्दा वढीको उपस्थिति रहेको थियो। उक्त अन्तरक्रिया कार्यक्रमको शुभारम्भ गर्दै नेपाल प्रज्ञा प्रतिष्ठानका कुलपति श्री भुपाल राईले प्रदेश लोक सेवा आयोगद्वारा आयोजित यस किसिमको कार्यक्रमको प्रशंसा गर्दै यसवाट नेपाली भाषाको विकासमा ठूलो योगदान पुगेको विचार व्यक्त गर्नुभयो। नेपाली भाषाको उचित प्रयोग आजको आवश्यकता हो भन्दै उहाँले नेपाली शब्दकोष परिमार्जनको काम सुरु भएको वताउनु भयो। साथै उहाँले भाषा लेखनमा देखिएको विकृति अन्त्य गर्न आवश्यक भएको र त्यसमा प्रतिष्ठान सवैको साथ लिएर अगाडि बढ्न तयार रहेको विचार व्यक्त गर्नुभयो। लोक सेवा आयोगका सचिव श्री राज कुमार श्रेष्ठले भाषामा शुद्धता ल्याउन विधालय शिक्षा र पाठ्यक्रममा नै सुधार ल्याउनु पर्ने वताउनु भयो। वागमती प्रदेश सरकारका प्रमुख सचिव श्री मुकुन्द प्रसाद निरौलाले नेपालीमा अङ्ग्रेजी मिसाएर वोल्ने र सरकारी निकायमै उदासीनताको प्रवृत्तिले भाषा प्रयोगमा स्खलन आएको आफूले अनुभव गरेको विचार व्यक्त गर्नुभयो। उक्त कार्यक्रममा कार्यपत्र प्रस्तुत गर्दै त्रिभुवन विश्वविद्यालय, नेपाली केन्द्रीय शिक्षण विभाग प्रमुख तथा मानक नेपाली भाषा अभियान अन्तर्राष्ट्रिय सञ्जालका अध्यक्ष प्रा. डा. श्री खगेन्द्रप्रसाद लुइटेलले भाषा विगार्ने र त्यसमा मजा लिने ठूलै जमात रहेकाले शुद्ध लेखनमा समस्या आएको वताउनु भयो। उहाँले भाषा लेखनमा शुद्धता ल्याउन मानक नेपाली वर्णविन्यासको विकास गरिएको र अन्तर्राष्ट्रिय रूपमै सञ्जालीकरण समेत गरिएको विचार व्यक्त गर्नुभयो। अर्का कार्यपत्र प्रस्तोता उपप्राध्यापक डा. प्रेम प्रसाद चौलागाईंले विभिन्न सार्वजनिक निकाय र राष्ट्रिय दैनिक पत्रिकाहरूमा प्रकाशित लिखत एवम् समाचारहरूमा देखिएका अशुद्ध लेखनका विभिन्न उदाहरणहरू प्रस्तुत गर्दै यस्ता विकृतिहरूप्रति सवै संवेदनशील हुनुपर्ने कुरामा जोड दिनुभयो। आयोगका अध्यक्ष श्री सुरेश मान श्रेष्ठले प्रदेश लोक सेवा आयोगले कार्यसम्पादनका सिलसिलामा प्रज्ञा नेपाली वृहत् शब्दकोशमा उल्लेख भएका र द्विविधा उत्पन्न भएका शब्दहरूमा भाषागत अस्पष्टताका केही उदाहरणहरू प्रस्तुत गर्दै भाषा विज्ञहरूलाई उक्त विषयमा स्पष्ट पारिदिन आग्रह गर्नुभएको थियो।

कार्यक्रमा प्रस्तुत भएका कार्यपत्र उपर टिप्पणी गर्दै प्रा.डा. महादेव अवस्थीले भाषागत शुद्धतामा ध्यान दिन खासगरी वर्णविन्यास, पदक्रम र पदसङ्गतिमा जोड दिनुभयो। प्रशासन र कानून नेपाली भाषा समृद्ध भएको क्षेत्र भएतापनि अझै पनि सुधारको गुञ्जायस रहेको कुरा उहाँले वताउनु भयो। अर्का टिप्पणीकार प्रा.डा. देवी प्रसाद गौतमले भाषागत शुद्धताका लागि शब्दको मूलधातु, प्रत्यय,

शब्द योजन, विग्रह, परम्परागत लोक प्रचलनलाई ख्याल गर्नुपर्ने कुरामा जोड दिनु भयो। कार्यक्रममा सहभागी विभिन्न भाषाविद्हरूले लोक सेवा आयोगले पाठ्यक्रममा नेपाली भाषाको अङ्कभार बढाउनु पर्ने र वस्तुगतमात्र नभई विषयगत प्रश्नसमेत सोधिनु पर्नेमा जोड दिनुभएको थियो। उक्त कार्यक्रममा आयोगका सदस्य श्री शर्मिला नेउपानेले सहभागीहरूको स्वागत गर्नु भएको थियो भने आयोगका उपसचिव माधवप्रसाद अधिकारीले कार्यक्रमको अन्त्यमा सबैलाई धन्यवाद ज्ञापन गर्नु भएको थियो। प्रदेश लोक सेवा आयोगका सचिव श्री बाबुराम ज्ञवालीले सञ्चालन गर्नु भएको उक्त कार्यक्रम करिब पाँच घण्टासम्म चलेको थियो।

अन्तरक्रिया कार्यक्रमबाट प्रदेश लोक सेवा आयोग अत्यन्तै उत्साहित भएको र कार्यक्रममा प्राप्त सुझावहरूलाई कार्यान्वयनमा लैजाने प्रतिबद्धता समेत व्यक्त गर्दछ। प्रदेश लोक सेवा आयोगको आमन्त्रणलाई स्वीकार गरी कार्यक्रममा उपस्थित भै आफ्ना विचार व्यक्त गर्ने, कार्यपत्र प्रस्तुत गर्ने तथा टिप्पणी गर्ने भाषाविज्ञहरू, पदाधिकारीहरू लगायत उपस्थित सम्पूर्ण महानुभावहरूमा प्रदेश लोक सेवा आयोग हार्दिक धन्यवाद ज्ञापन गर्दछ।

२०८०।३।११

राजु राज अर्याल

प्रवक्ता

टेलिफोनः ०५७-५९०६१३, ५९०६१४, ५९०६१५, ई-मेलः info.ppsc@bagamati.gov.np,
वेब साइटः ppsc.bagamati.gov.np

## अनुसूची १८:

## लोक सेवा आयोगहरूको तेस्रो राष्ट्रिय सम्मेलनको घोषणापत्र

योग्यता, निष्पक्षता र स्वच्छता: लोक सेवा आयोगहरूको प्रतिबद्धता

# लोक सेवा आयोगहरूको तेस्रो राष्ट्रिय सम्मेलन

२०७९ फागुन १९ र २० गते, धनगढी कैलाली, सुदूरपश्चिम प्रदेश, नेपाल

**घोषणापत्र**

हामी लोक सेवा आयोग र प्रदेश लोक सेवा आयोगका पदाधिकारीहरू

योग्यता, निष्पक्षता, स्वच्छता र विश्वसनीयताको मूल मर्मप्रति सम्मान व्यक्त गर्दै,

योग्यता प्रणालीको प्रवर्द्धक र संरक्षकको जिम्मेवारी बोध गर्दै,

भर्ना र छनौट पद्धतिमा विद्यमान सिद्धान्त, मापदण्ड र मूल्य मान्यतालाई अक्षुण्ण राखी समयानुकूल सुधार गर्दै,

निम्न प्रतिबद्धताहरू गर्दछौं:

सार्वजनिक प्रशासनमा समयानुकूल सुधार गर्न आयोगको परीक्षा प्रणालीमा नवीनतम प्रविधिलाई आवश्यकतानुसार अवलम्बन एवं उपयोग गर्दै जानेछौं।

नेपालको संविधान र कानूनको मर्म एवं भावना अनुसार समावेशी व्यवस्थालाई प्रभावकारी रूपमा कार्यान्वयन गर्नेछौं।

कर्मचारीको वृत्ति विकासको सुनिश्चितता, व्यवस्थापन र सार्वजनिक प्रशासनमा रहेको सङ्क्रमणको अन्त्य गर्न यथाशीघ्र सङ्घीय निजामती सेवा ऐन, प्रदेश निजामती सेवा ऐन र स्थानीय सरकारी सेवा ऐन जारी गर्न नेपाल सरकार र प्रदेश सरकारसँग अनुरोध गर्दछौं।

सार्वजनिक प्रशासनलाई सक्षम, सुदृढ, सेवामुखी, मर्यादित र व्यवस्थित बनाउन निरन्तर क्रियाशील रहनेछौं ।

लोक सेवा आयोगहरूलाई योग्यता प्रणालीको उत्कृष्ट केन्द्रको रूपमा कायम राख्न प्रतिबद्ध रहनेछौं।

लोक सेवा आयोग र प्रदेश लोक सेवा आयोगहरूबीच निरन्तर समन्वय र सहयोगको वातावरण कायम राख्नेछौं।

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| यज्ञराज बोहोरा | रामप्रसाद उपाध्याय | प्रा. डिलाराम भट्टराई | विष्णुप्रसाद नेपाल | सुरेश मान श्रेष्ठ | डा. सुजाता देव | उत्तमकुमार भट्टराई | माधवप्रसाद रेग्मी |
| अध्यक्ष | अध्यक्ष | अध्यक्ष | अध्यक्ष | अध्यक्ष | सदस्य | अध्यक्ष | अध्यक्ष |
| प्रदेश लोक सेवा आयोग, सुदुरपश्चिम प्रदेश | प्रदेश लोक सेवा आयोग, कर्णाली प्रदेश | प्रदेश लोक सेवा आयोग, लुम्बिनी प्रदेश | प्रदेश लोक सेवा आयोग, गण्डकी प्रदेश | प्रदेश लोक सेवा आयोग, बागमती प्रदेश | प्रदेश लोक सेवा आयोग, मधेश प्रदेश | प्रदेश लोक सेवा आयोग, कोशी प्रदेश | लोक सेवा आयोग |

इति सम्वत् २०७९ साल फागुन २० गते रोज ७ शुभम् ।

योग्यता, निष्पक्षता र स्वच्छता: लोक सेवा आयोगहरूको प्रतिबद्धता

# लोक सेवा आयोगहरूको तेस्रो राष्ट्रिय सम्मेलन

२०७९ फागुन १९ र २० गते, धनगढी कैलाली, सुदूरपश्चिम प्रदेश, नेपाल

## निर्णयहरू

१. लोक सेवा आयोगका संस्थागत मूल्यहरू योग्यता, निष्पक्षता, स्वच्छताको मूल मर्म अनुसार गोपनीयता एवं विश्वसनीयता सुनिश्चित हुने गरी कार्यसम्पादन गर्नका लागि प्रदेश लोक सेवा आयोगहरूको सङ्गठन संरचना र शाखागत कार्यविवरणमा एकरूपता कायम गर्न लोक सेवा आयोगका प्रशासन तथा निरीक्षण महाशाखा प्रमुखको संयोजकत्वमा प्रदेश लोक सेवा आयोगका सचिवहरू सदस्य रहने गरी समिति गठन गर्ने।

२. नेपाल सरकारबाट मिति २०७६ वैशाख १६ गते निर्धारण भएको लोक सेवा आयोग र प्रदेश लोक सेवा आयोगका अध्यक्ष तथा सदस्यहरूको मर्यादाक्रम सम्बन्धी प्रचलित कानूनी व्यवस्था, नियुक्ति र बर्खास्तको प्रक्रिया तथा वहन गर्नुपर्ने जिम्मेवारी समेतलाई दृष्टिगत गरी पुनरावलोकन गर्न नेपाल सरकारसमक्ष अनुरोध गर्ने।

३. सङ्घीय निजामती सेवा, प्रदेश निजामती सेवा र स्थानीय सरकारी सेवाका कर्मचारीहरूको सेवा प्रवेश, वृत्तिविकास लगायत तीन ओटै तहका कर्मचारीहरूका सेवा, सर्त, सुविधाका आधारभूत पक्षमा एकरूपता ल्याउन सङ्घीय निजामती सेवामा समावेश गर्नुपर्ने विषयमा लोक सेवा आयोगले प्रदेश लोक सेवा आयोगहरूसँग समन्वय गर्ने।

४. सङ्घ, प्रदेश तथा स्थानीय तहको पदपूर्ति प्रक्रियामा रहेको अन्यौल हटाउन सङ्घीय निजामती सेवा ऐन यथाशीघ्र जारी गर्नका लागि लोक सेवा आयोगले नेपाल सरकारलाई अनुरोध गर्ने।

५. प्रदेश लोक सेवा आयोगहरूले पदपूर्तिका सम्बन्धमा अपनाएका सिद्धान्त तथा मापदण्डहरूमा एकरूपता ल्याउन लोक सेवा आयोगले प्रतिपादन गरेका सिद्धान्त र मापदण्डहरू पालना गर्न गराउन लोक सेवा आयोगले प्रदेश लोक सेवा आयोगहरूलाई आवश्यक सहजीकरण गर्ने।

६. लोक सेवा आयोग र प्रदेश लोक सेवा आयोगहरूको कार्यसम्पादनमा हासिल भएका असल अभ्यासहरू एक आपसमा आदानप्रदान गर्ने।

७. लोक सेवा आयोगको पदपूर्ति सम्बन्धी वार्षिक कार्यतालिकाको आधारमा प्रदेश लोक सेवा आयोगहरूका पदपूर्ति सम्बन्धी वार्षिक कार्यतालिकामा सामान्यतया एकरूपता कायम गर्न आवश्यक पहल गर्ने।

८. उपयुक्त उम्मेदवार छनौटका लागि प्रयोगमा ल्याउन सकिने नवीनतम परीक्षण विधिको विकास एवं प्रयोगका लागि लोक सेवा आयोगले प्रदेश लोक सेवा आयोगहरूलाई आवश्यक सहयोग एवं सहजीकरण गर्ने।

९. लोक सेवा आयोगहरूको आगामी राष्ट्रिय सम्मेलन वि.सं. २०८० फाल्गुन २३ र २४ गते आयोजना गर्ने।

१०. लोक सेवा आयोगका माननीय अध्यक्ष श्री माधव प्रसाद रेग्मीको अध्यक्षतामा तेस्रो राष्ट्रिय सम्मेलन सफलतापूर्वक सम्पन्न गर्न गरेको सहयोगको लागि प्रदेश लोक सेवा आयोग, सुदुरपश्चिम प्रदेश लगायत यस कार्यमा सहयोग गर्ने सबै प्रदेश लोक सेवा आयोगहरू र सबै राष्ट्रसेवक कर्मचारीहरूलाई धन्यवाद ज्ञापन गर्ने।

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| यज्ञराज बोहोरा | रामप्रसाद उपाध्याय | प्रा. डिलाराम भट्टराई | विष्णुप्रसाद नेपाल | सुरेश मान श्रेष्ठ | डा. सुजाता देव | उत्तमकुमार भट्टराई | माधवप्रसाद रेग्मी |
| अध्यक्ष | अध्यक्ष | अध्यक्ष | अध्यक्ष | अध्यक्ष | सदस्य | अध्यक्ष | अध्यक्ष |
| प्रदेश लोक सेवा आयोग, सुदुरपश्चिम प्रदेश | प्रदेश लोक सेवा आयोग, कर्णाली प्रदेश | प्रदेश लोक सेवा आयोग, लुम्बिनी प्रदेश | प्रदेश लोक सेवा आयोग, गण्डकी प्रदेश | प्रदेश लोक सेवा आयोग, बागमती प्रदेश | प्रदेश लोक सेवा आयोग, मधेश प्रदेश | प्रदेश लोक सेवा आयोग, कोशी प्रदेश | लोक सेवा आयोग |

इति सम्वत् २०७९ साल फागुन २० गते रोज ७ शुभम् ।

## अनुसूची १९:

## सङ्घीय निजामती सेवा ऐनमा समावेश गर्नुपर्ने विषयमा प्रदेश लोक सेवा आयोग, बागमती प्रदेशको सुझाव

(दफा ९८ को उपदफा ३ सँग सम्बन्धित)

**<u>प्रदेश लोक सेवा आयोगमा पेस हुने प्रस्तावको ढांचा</u>**

**प्रदेश लोक सेवा आयोग**

शाखा:- प्रशासन

प्रस्ताव नं:- ३५

मिति:- २०७९।१२।१५

प्रस्ताव पेस गर्न स्वीकृत भएको मिति :- २०७९।१२।१५

**विषय:**- सङ्घीय निजामती सेवा ऐनमा समावेश गर्नुपर्ने विषयमा प्रदेश लोक सेवा आयोग, बागमती प्रदेशको सुझाव

**(१) विषयको संक्षिप्त विवरण :-**२०७९ फाल्गुण महिनामा कैलालीको धनगढीमा आयोजना भएको लोकसेवा आयोगको सम्मेलनले सङ्घीय निजामती सेवा ऐनमा समावेश गर्नुपर्ने विषयमा सुझाव पठाउने निर्णय गरेअनुसार प्रदेश लोक सेवा आयोग, बागमती प्रदेशको सुझाव पठाउन आवश्यक भएको छ ।यसै अनुसार आयोगका माननीय अध्यक्ष एवम् सदस्यहरू र आयोगका अन्य कर्मचारीहरूसँग समेतको परामर्शमा सुझाव तयार गरिएको छ ।

**(२) आयोगबाट निर्णय हुनुपर्ने :** वाग्मती प्रदेश लोक सेवा आयोगका तर्फबाट देहायका विषयहरू सङ्घीय निजामती सेवा ऐनमा समावेश गर्न सङ्घीय लोक सेवा आयोग मार्फत नेपाल सरकारलाई अनुरोध गर्ने

<u>सङ्घीय निजामती सेवा ऐनमा समावेश गर्नुपर्ने विषयमा प्रदेश लोक सेवा आयोग, बागमती प्रदेशको सुझाव</u>

- **सङ्घ, प्रदेश र स्थानीय तहमा राजपत्राङ्कित र राजपत्रअङ्कित श्रेणी नभनीकन तहगत व्यवस्था कायम गर्ने।**

- **कर्मचारी समायोजन ऐन, २०७५ मा अधिकृतस्तर छैटौं, सातौं र आठौं तहलाई राजपत्राङ्कित तृतीय श्रेणी मानिएको व्यवस्थालाई मध्यनजर गरी अधिकृतस्तरका कर्मचारी जुन साविकमा शाखा अधिकृत वा सो सरह भनिन्थ्यो सङ्घ, प्रदेश र स्थानीय तहमा सातौं तहबाट अधिकृतस्तरको दरबन्दी कायम गर्ने।**
- **उपसचिवको पदलाई अधिकृतस्तर नवौं तह र दशौं तहमा परिवर्तन गर्ने।**
- **सहसचिवको पदलाई अधिकृतस्तर एघारौं तह र विशिष्ट श्रेणीको पदलाई अधिकृतस्तर बाह्रौं तहमा परिवर्तन गर्ने।**
- **मुख्य सचिवको पदलाई अधिकृतस्तर तेह्रौं तह कायम गर्ने।**
- **कर्मचारी समायोजन ऐन, २०७५ को दफा ११ बमोजिम** प्रदेश कानून बमोजिम प्रदेश सचिवको पदपूर्ति भएपछि त्यस्तो पद स्वतः प्रदेश निजामती सेवाको पद मानिने।
- **स्थानीय तहको प्रमुख प्रशासकीय अधिकृतको पदलाई प्रदेश निजामती सेवाको पद कायम गर्ने र ती पदहरूको सरुवा व्यवस्थापन सम्बन्धित प्रदेशको मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयबाट हुने। एक प्रदेशभित्रका स्थानीय तहबाट अर्को प्रदेशको स्थानीय तहमा सरुवा गर्नु परेमा सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट हुने।**
- छ महिना भन्दा बढी समयको लागि सिर्जना भएको अस्थायी दरबन्दीको पदमा कर्मचारी नियुक्ति गर्दा प्रदेश लोक सेवा आयोगको सिफारिसमा नियुक्त गर्ने व्यवस्था गर्ने। स्थानीय तहको अस्थायी दरबन्दीको पदमा  पदपूर्तिमा योग्यता, निष्पक्षता र स्वच्छता कायम गर्न आवश्यक महसुस भएको जसबाट प्रदेश सरकार तथा स्थानीय तहलाई सुशासन कायम गर्न सहयोग पुग्ने ।
- अन्तर तह प्रतियोगिताद्वारा हुने पदपूर्ति प्रक्रियामा उम्मेदवार हुन आवश्यक योग्यताको सम्बन्धमा सातौं तहमा हुने अन्तर तह प्रतिस्पर्धाको लागि प्रदेश निजामती सेवा वा स्थानीय सेवाको हकमा पाचौं वा छैठौं तहमा कम्तीमा ५ वर्ष सेवा अवधि पूरा गरेको र सङ्घीय निजामती सेवाको हकमा रा.प.अनंकित पदमा ५ वर्ष सेवा अवधि पूरा गरेको हुनुपर्ने।
- नवौं तहमा अन्तर तह प्रतिस्पर्धाको लागि प्रदेश निजामती सेवा वा स्थानीय सेवाको हकमा सातौं वा आठौं तहमा कम्तीमा ५ वर्ष सेवा अवधि पूरा गरेको, सातौं र आठौं तहमा दुवै गरी कुल कम्तीमा ५ वर्ष सेवा अवधि पूरा गरेको, राजपत्राङ्कित तृतीय श्रेणी र सातौं र आठौं तह गरी  कुल कम्तीमा ५ वर्ष सेवा अवधि पूरा गरेको  हुनुपर्ने।
- **लोक सेवा आयोगले लोक सेवा आयोगबाट नेपाल सरकारको मिति २०७६ जेठ ६ गतेको निर्णयबमोजिम सहायकस्तर चौथो, सहायक स्तर पाँचौं र अधिकृतस्तर छैटौं तहमा प्रदेश लोक सेवा आयोग गठन नभएको स्थितिमा कर्मचारी समायोजन ऐन,  २०७५को दफा १२ बमोजिम विभिन्न स्थानीय तहका ९,१६१ पदहरूमा मिति २०७६ जेठ १५ गते खुला प्रतियोगिताबाट पदपूर्ति गर्न विज्ञापन गरी पदपूर्ति गरिसकिएका दरबन्दीका पदहरूको बढुवाको पदको लागि प्रतिशत निर्धारण गरी बढुवा गर्न बाँकी रहेका पदहरूको बढुवा गर्ने। अधिकृतस्तर छैटौंलाई अधिकृतस्तर सातौंमा स्वतः परिवर्तन**

गरिसकिएको हकमा बढुवा गर्न प्रतिशत निर्धारण गरी छुट्याइएको पदलाई अधिकृतस्तर सातौंमा कायम गर्ने।

(नेपाल सरकारको मिति २०७६ जेठ ६ गतेको निर्णयः

*कर्मचारी समायोजन ऐन, २०७५ को दफा १२ मा भएको प्रावधान बमोजिम स्थानीय तहका रिक्त पदहरू पदपूर्ति गर्ने सम्बन्धमा देहाय बमोजिम गर्न गराउन लोक सेवा आयोगमा अनुरोध गर्ने:-*

**(क)** *स्थानीय तहको सेवाको आधारभूत सिद्धान्त र मापदण्ड सम्बन्धी सङ्घीय कानून बनिनसकेको र स्थानीय तहको सेवा सम्बन्धी कानून समेत प्रदेश तहबाट बनिनसकेको अवस्थामा कर्मचारी समायोजन ऐन, २०७५ बमोजिम स्थानीय तहको मागको आधारमा लोकसेवा आयोगबाट पदपूर्ति गर्ने प्रयोजनका लागि मात्र निजामती सेवाका श्रेणीसँग स्थानीय तहको सेवाको पदमा देहाय बमोजिम समकक्षता कायम गर्ने:*

| *स्थानीय सेवाको तह* | *सङ्घीय निजामती सेवाको श्रेणी* |
|---|---|
| *अधिकृत दशौं र नवौं* | *राजपत्राङ्कित द्वितीय* |
| *अधिकृत आठौं, सातौं र छैठौं* | *राजपत्राङ्कित तृतीय* |
| *सहायक पाँचौं* | *राजपत्र अनङ्कित प्रथम* |
| *सहायक चौथो* | *राजपत्र अनङ्कित द्वितीय* |

**(ख)** *कर्मचारी समायोजन ऐन, २०७५ को दफा १२ मा भएको व्यवस्था र प्रचलित निजामती सेवा सम्बन्धी कानूनमा भएको व्यवस्था बमोजिम लोक सेवा आयोगले पदपूर्तिका लागि पदसङ्ख्या निर्धारण गरी समावेशिता सम्बन्धी प्रावधान अनुकूल हुने गरी खुला प्रतियोगिताबाट पदपूर्ति गर्न विज्ञापन गर्ने।*

**(ग)** *स्थानीय तहहरूबाट अधिकृतस्तरको रिक्त पदपूर्तिका लागि छैठौं वा सातौं/आठौं तह भनी माग भईआएको र एउटै स्तरको दुवै तहमा गर्न सकिने अवस्था नरहेको तथा अधिकृतस्तरमा प्रवेशको सुरु तह छैठौं तह रहने गरी पदपूर्ति प्रयोजनका लागि समकक्षता निर्धारण प्रस्ताव गरिसकिएको तथा स्थानीय तहको सेवा सम्बन्धी कानून बनेपछि सोही बमोजिम तह मिलान वा तह समायोजन हुने नै हुँदा स्वीकृत दरबन्दीमा छैठौं वा सातौं/आठौं तह भनेको अवस्थामा सुरु तह अर्थात छैठौं तहमा नै खुला प्रतियोगिताद्वारा पदपूर्ति गर्ने। त्यस्तै तह ९/१० भनी माग भईआएको सम्बन्धमा तह ९ मा पदपूर्ति गर्ने।*

**(घ)** *स्थानीय तहका रिक्त पदहरू पदपूर्तिका लागि विज्ञापन गर्दा विभिन्न पदहरूका लागि यसैसाथ संलग्न अनुसूची बमोजिम न्यूनतम शैक्षिक योग्यता तालिम वा अनुभव आवश्यक पर्ने गरी विज्ञापन गर्ने व्यवस्था मिलाउने।*

**(ङ)** *उल्लेखित व्यवस्था बाहेक पदपूर्ति सम्बन्धी अन्य व्यवस्था प्रचलित कानून बमोजिम हुने गरी लोक सेवा आयोगले आवश्यक व्यवस्था मिलाउने।*)

- स्थानीय सेवा र प्रदेश निजामती सेवाका कर्मचारीलाई सङ्घीय निजामती सेवाका केही पदमा र स्थानीय सेवाका कर्मचारीलाई प्रदेश निजामती सेवाका पदहरूमा बढुवा गरेर लैजान सकिने प्रावधान राख्ने ।
- प्रदेश निजामती सेवाका सचिव पदमा स्थानीय सेवाका कर्मचारीले समान अवसर पाउनुपर्ने प्रावधान राख्ने ।
- सङ्घीय निजामती सेवाका सचिव पदमा प्रदेश सचिवले पनि अवसर पाउनु पर्ने प्रावधान राख्ने ।
- प्रदेशको प्रमुख सचिव पद बाहेक अन्य पदहरू प्रदेश निजामती सेवाके पद हुनुपर्ने ।
- स्थानीय तहको प्रमुख प्रशासकीय अधिकृतको पद प्रदेश निजामती सेवाको पद हुनुपर्ने प्रावधान राख्ने।
- स्थानीय तहका कर्मचारीहरू सम्बन्धित प्रदेशभित्रका स्थानीय तहमा सरुवा हुनसक्ने र प्रदेश निजामती सेवाका कर्मचारीहरू स्थानीय तहमा सरुवा हुनसक्ने प्रावधान राख्ने ।

**(३) आयोगको निर्णय:-** प्रस्तावमा लेखिएबमोजिम गर्ने ।

| | | |
|---|---|---|
| शर्मिला नेउपाने | सुदर्शन प्रसाद ढकाल | सुरेश मान श्रेष्ठ |
| सदस्य | सदस्य | अध्यक्ष |

## अनुसूची २०:

## बागमती प्रदेश अन्तर्गतका सबै स्थानीय तहहरूलाई गराइएको ध्यानाकर्षण पत्र

# प्रदेश लोक सेवा आयोग

बागमती प्रदेश

हेटौंडा, मकवानपुर

प.सं.: २०७९/०८०
च.नं.: २१२

मितिः २०८०/०१/०५

विषयः ध्यानाकर्षण।

श्री स्थानीय तहहरू सबै,

बागमती प्रदेश।

नेपालको संविधानको धारा २४४ बमोजिम गठित यस प्रदेश लोक सेवा आयोगबाट बागमती प्रदेश र सो प्रदेश भित्र पर्ने सम्पूर्ण स्थानीय तहहरूका स्वीकृत दरबन्दीमा रिक्त रहेका विभिन्न सेवा, समूह, उपसमूहका पदहरूको पदपूर्ति गर्ने अभिभारा प्रदेश लोक सेवा आयोग ऐन, २०७६ र स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०७९ ले यस आयोगलाई प्रदान गरेको छ।

मिति २०७९ साल फागुन १८ गतेदेखि लागू भएको स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०७९ को दफा १२ को उपदफा (१) मा पदपूर्तिको माग गर्नुपर्ने अन्तर्गत "स्थानीय सेवाको कुनै पद रिक्त भएमा त्यस्तो पद रिक्त भएको मितिले एक महिनाभित्रमा पद रिक्त भएको सूचना सम्बन्धित स्थानीय तहले प्रदेश लोक सेवा आयोग र मन्त्रालयलाई दिनु पर्नेछ। सो अवधिभित्र सूचना नदिने कर्मचारी वा पदाधिकारीलाई विभागीय कारबाही हुनेछ।" भन्ने कानूनी प्रावधान भएको सन्दर्भमा उक्त प्रावधान बमोजिम प्रदेश लोक सेवा आयोग र मन्त्रालयलाई रिक्त पदको सूचना दिनुहुन बागमती प्रदेश अन्तर्गत पर्ने सम्पूर्ण स्थानीय तहहरूलाई ध्यानाकर्षण गराइन्छ। साथै निकट भविष्यमा नै उक्त कानूनी प्रावधान पालना भए नभएको बारे आयोगबाट अनुगमनसमेत हुने व्यहोरा जानकारी गराइन्छ।

बाबुराम ज्ञवाली

सचिव

☎ ०५७-५९०६१३, ५९०६१४, ५९०६१५, वेब साइटः ppsc.bagamati.gov.np ई-मेलः info.ppsc@bagamati.gov.np,

## अनुसूची २१:

## अधिकृतस्तर छैटौंको विज्ञापन एवम् नतिजा प्रकाशन र सिफारिससम्बन्धी आयोगको निर्णय

(दफा ९८ को उपदफा ३ सँग सम्बन्धित)

**प्रदेश लोक सेवा आयोगमा पेस हुने प्रस्तावको ढाँचा**

**प्रदेश लोक सेवा आयोग**

**बागमती प्रदेश, हेटौंडा**

शाखा:- प्रशासन

प्रस्ताव नं:- ३९

मिति:- २०८०।०१।२५

प्रस्ताव पेस गर्न स्वीकृत भएको मिति :- २०८०।०१।२५

**विषय:- अधिकृतस्तर छैटौंको विज्ञापन एवम् नतिजा प्रकाशन र सिफारिस**

**विषयको संक्षिप्त व्यहोरा :-**

बागमती प्रदेश सरकारबाट मिति २०७९।११।१८ जारी "स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०७९" को दफा १५८ को उपदफा (२) मा स्थानीय सेवा (गठन तथा सञ्चालन) अध्यादेश, २०७८ प्रारम्भ हँदुाका बखत प्रचलित कानून बमोजिम प्रदेश लोक सेवा आयोगबाट कारबाहीको क्रममा रहेका अधिकृतस्तर छैठौं बाहेकका पदको पदपूर्ति तथा प्रचलित कानून बमोजिम कार्यसम्पादनको प्रक्रिया सुरू गरिसकेका अन्य कार्य सोही कानून बमोजिम सम्पन्न गर्न कुनै बाधा पुगेको मानिने छैन भनी उल्लेख भएको छ ।यस कानूनी व्यवस्थाबाट व्यवहारिक रूपमा केही गम्भीर प्रश्न र अप्ठेराहरू सिर्जना भएका छन् ।

उदाहरणका लागि :

- तत्कालीन अध्यादेश बमोजिम छैटौं तहका प्रशासनिक, प्राविधिक र विविध सेवाका १४७ पदहरूमा प्रदेश लोक सेवा आयोगले जाँच समेत लिएको अवस्थामा सम्पूर्ण प्रक्रियाहरू रद्द गर्नु पर्ने अवस्था सिर्जना भएको र यसले आयोगप्रतिको जनविस्वास तथा गरिमामा आँच पुग्नुका साथै न्यायिक दृष्टिकोणले समेत प्रतिरक्षा गर्न नैतिक सङ्कट पैदा हुने भएकोले "स्थानीय सेवा (गठन तथा सञ्चालन) अध्यादेश, २०७८ गरेका व्यवस्थालाई कायम राख्नु पर्ने देखिएको छ। यी परीक्षाहरूमा दरखास्त दिने उम्मेदवारहरूको सङ्ख्या ८२४० भएको र करिब १,४८,३२,०००।– एक करोड अठचाली लाख

बत्तीस हजार रुपैयाँ दरखास्त शुल्क बुझाएका छन् र त्यो रकम प्रत्येक उम्मेदवारलाई फिर्ता गर्न पनि प्रशासनिक र प्रकियागत झमेला बेहोर्नु पर्ने स्थिति छ ।

- २०७९ जेठ १३ गतेदेखि अधिकृतस्तर छैटौं तहका कृषि सेवा, प्रशासन सेवा, र इन्जिनियरिङ सेवाका परीक्षाहरू सञ्चालन भईसकेको, प्रशासन सेवाको प्रथम चरणको नतिजा मिति २०७८/०२/२९ मा प्रकाशित भई प्रथम चरणको परीक्षामा उत्तीर्ण भई २०७८/०४/०२ गतेदेखि २०७८/०४/०५ गतेसम्म दोस्रो चरणको परीक्षामा सामेल पनि भईसकेको अवस्था छ। अधिकृतस्तर छैटौं तहका कृषि सेवाका विभिन्न समूह कृषि/विभिन्न, कृषि/ला.पो.डे.डे., कृषि/मत्स्य र कृषि/भेटेरिनरीको २०७७ सालको विज्ञापनको हकमा सम्मानित अदालतमा उजुरी परी रोकिएको अवस्था थियो र अहिले फुकुवा भई मिति २०७९ जेठ १३ गतेबाट परीक्षा पनि सम्पन्न भएको र पुनः २०७८ सालको विज्ञापनको पनि अर्को परीक्षा सम्पन्न भईसकेको अवस्था छ।
- स्थानीय सेवा (गठन तथा सञ्चालन) अध्यादेश, २०७८ मिति २०७८/१२/२४ मा जारी हुँदा सो अध्यादेशको दफा १५३ को उपदफा ३ अनुसार प्रकियामा रहेका विज्ञापनहरूमा कुनै असर नपरेको, सोही ऐनको भावना अनुसार ऐन जारी हुनुभन्दा अगाडि नै पदपूर्तिको कार्य प्रकिया अगाडि बढिसकेको अवस्थामा पुन स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०७९ ले अध्यादेशको भावना विपरित प्रदेश लोक सेवा आयोगको प्रकियामा रहेको विज्ञापनहरूमध्ये छैटौं तह बाहेकको हकमा मात्र प्रकृया अगाडि बढाउने भन्ने व्यवस्था गरेको छ ।

उपरोक्त परिस्थितिमा मौजुदा ऐन संशोधन मार्फत सच्याई देहायका प्रावधान कायम गरिदिन श्री मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय बागमती प्रदेश हेटौंडालाई अनुरोध गर्ने गरी आयोगबाट निर्णय हुन आवश्यक देखिएको छ ।

**२. आयोगबाट निर्णय हुनुपर्ने विषयः**

**देहायका बिषयमा मौजुदा ऐन संशोधन मार्फत सच्याई देहायका प्रावधान कायम गरिदिन श्री मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय बागमती प्रदेश हेटौंडालाई अनुरोध गर्ने**

**(क) "स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०७९" को दफा १५८ को उपदफा (२) मा भएको "स्थानीय सेवा (गठन तथा सञ्चालन) अध्यादेश, २०७८ प्रारम्भ हुँदाका बखत प्रचलित कानून बमोजिम प्रदेश लोक सेवा आयोगबाट कारबाहीको क्रममा रहेका अधिकृतस्तर छैठौ बाहेकका पदको पदपूर्ति तथा प्रचलित कानून बमोजिम कार्यसम्पादनको प्रक्रिया सुरू गरिसकेका अन्य कार्य**

सोही कानून बमोजिम सम्पन्न गर्न कुनै बाधा पुगेको मानिने छैन" भन्ने प्रावधानको सट्टा "स्थानीय सेवा (गठन तथा सञ्चालन) अध्यादेश, २०७८ प्रारम्भ हुँदाका बखत प्रचलित कानून बमोजिम प्रदेश लोक सेवा आयोगबाट कारबाहीको क्रममा रहेका पदको पदपूर्ति तथा प्रचलित कानून बमोजिम कार्यसम्पादनको प्रक्रिया सुरू गरिसकेका अन्य कार्य सोही कानून बमोजिम सम्पन्न गर्न कुनै बाधा पुगेको मानिने छैन ।" भन्ने प्रावधान समेत राख्ने ।

**(ख)** "प्रदेश लोक सेवा आयोगबाट अधिकृतस्तर छैटौंमा सिफारिस उम्मेदवारहरू स्थानीय सेवा (गठन तथा सञ्चालन) अध्यादेश, २०७८ ले गरेको व्यवस्था अनुसार स्वत: अधिकृतस्तर सातौंमा परिवर्तन गरिएको हुँदा परीक्षा सम्पन्न भईसकेका अधिकृतस्तर छैटौंका उम्मेदवारहरू सिफारिस गर्दा स्वत: अधिकृतस्तर सातौं हुने गरी सिफारिस गर्ने ।"

**३. आयोगको निर्णय:** प्रस्तावमा लेखिएबमोजिम गर्ने ।

| ............................ | ............................ | ............................ |
|---|---|---|
| शर्मिला नेउपाने | सुदर्शन प्रसाद ढकाल | सुरेश मान श्रेष्ठ |
| (सदस्य) | (सदस्य) | (अध्यक्ष) |

## अनुसूची २२:

## बढुवा सिफारिस उपर उजुरीहरूको विवरण र निर्णयको संक्षिप्त व्यहोरा

(दफा ९८ को उपदफा ३ सँग सम्बन्धित)

**<u>प्रदेश लोक सेवा आयोगमा पेस हुने प्रस्तावको ढाँचा</u>**

**प्रदेश लोक सेवा आयोग**

**बागमती प्रदेश, हेटौंडा**

शाखा:- प्रशासन

प्रस्ताव नं:- ४०

मिति:- २०८०।०२।०१

प्रस्ताव पेस गर्न स्वीकृत भएको मिति :- २०८०।०२।०१

**विषय:- स्वास्थ्य सेवा, हे इ समूह, पाँचौं तहको बढुवा सिफारिश उपरको उजुरी सम्बन्धमा।**

**१. विषयको संक्षिप्त व्यहोरा :-**

यस आयोगबाट मिति २०७७।०९।१७ मा प्रकाशित सूचना नं १७ /०७७-७८ प्रदेश र स्थानीय तहमा नेपाल स्वास्थ्य सेवाका विभिन्न समूह उपसमूहको पाँचौं तहका पदहरूको कार्यसम्पादन तथा अनुभवको मूल्याङ्कनबाट हुने समायोजनद्वारा हुने बढुवाको बढुवा सूचना नं २३०-२३९/०७७-७८ अन्तर्गत विभिन्न स्थानीय तहहरूका लागि १० (दश) पदको विज्ञापन भएको ।

उक्त विज्ञापन सम्बन्धमा बढुवा समितिको सचिवालय (मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय बागमती प्रदेश हेटौंडा) बाट मिति २०७९।१२।१४ मा निर्णय गरी मिति २०७९।१२।१५ मा गोरखापत्र एवम् मन्त्रालयको वेवसाइटमा सार्वजनिक जानकारीका लागि सूचना प्रकाशन भएको ।

उक्त विज्ञापनमा दरखास्त पेस गर्ने उम्मेदवारहरूमध्ये १६ जनाको योग्यता नपुगेका कारण दरखास्त अस्वीकृत भएको, १९ जना योग्य उम्मेदवारहरूमध्ये ११ जना विभिन्न कारणले अन्यत्र गैसकेकाले सिफारिश गरिरहनु नपर्ने देखिएको बाँकी ८ जनालाईमात्र बढुवा समितिले बढुवाका लागि सिफारिश गरेको। निज उजुरीकर्ता दामोदर रिमालको योग्यता नपुगेको आधारमा दरखास्त अस्वीकृत गर्ने निर्णय बढुवा समितिले गरेको ।

बढुवा समितिले गरेको उक्त सिफारिशउपर चित्त नबुझाई तारकेश्वर गाउँपालिकाका लागि प्रकाशित भएको सूचना नं २३७/०७७-७८ स्वास्थ्य सेवा, हेल्थ इन्स्पेक्सन समूह, हेल्थ असिस्टेण्ट पाँचौं तहको लागि आवेदन गरेका उजुरीकर्ता दामोदर रिमाल क स नं (२०६२३३) ले यस प्रदेश लोक सेवा आयोग, बागमती प्रदेशमा मिति २०७९।०१।०३ कानूनले तोकेको म्यादभित्रै बढुवा उजुरी दर्ता गराउनु भएको र निजको निवेदनमा आफूभन्दा कनिष्ठ कर्मचारीहरूको बढुवा गरिएको तथा आफूलाई अन्यायपूर्ण तरिकाले बढुवाबाट वन्चित गरिएको तर आफू बढुवाका लागि योग्य भएको जिकिर गरिएको छ ।

उक्त बढुवा उजुरी उपर छानविनका लागि बढुवा समितिको निर्णयसहित निवेदकको सक्कलै फाइल आयोगलाई उपलब्ध गराइदिन मिति २०७९।१२।१६ मा बढुवा समितिको सचिवालयमा पत्राचार गरिएकोमा बढुवा समितिको सचिवालयको च. नं. ४३ मिति २०८०।०१।१४ को पत्रसाथ कागजातहरू उपलब्ध गराइएको ।

आयोगद्वारा प्रकाशित उक्त बढुवा सूचनामा योग्य उम्मेदवार हुनका लागि स्वास्थ्य सेवा ऐन, २०५३ र स्वास्थ्य सेवा नियमावली, २०५५ तथा कर्मचारी समायोजन ऐन, २०७५ विभिन्न आधार र मापदण्डहरू तोकेको छ ।ती मापदण्डहरूमध्ये स्वास्थ्य सेवा ऐन, २०५३ को दफा १७ उपदफा ५ (क) मा सोही ऐनको दफा ८ को उपदफा (१) को खण्ड (ख) र (ग) बमोजिम कार्यसम्पादन तथा अनुभवको मूल्याङ्कनबाट हुने समायोजनद्वारा हुने बढुवाको लागि सम्बन्धित तहमा स्तर वृद्धि वा तह मिलान भएका र निर्धारित शैक्षिक योग्यता हासिल गरेका कर्मचारीहरूमध्येबाट जेष्ठताका आधारमा योग्यताक्रम निर्धारण गरिनेछ भनी स्पष्टरुपमा उल्लेख गरेको छ ।उपरोक्त पृष्ठभूमिमा उजुरीकर्ता दामोदर रिमालको बढुवा उजुरी सम्बन्धमा निर्क्योल गर्न आवश्यक भएको छ ।

**२. आयोगबाट निर्णय हुनुपर्ने विषयः-**

यस आयोगबाट मिति २०७७।०९।१७ मा प्रकाशित सूचना नं १७ /०७७-७८ प्रदेश र स्थानीय तहमा नेपाल स्वास्थ्य सेवाका विभिन्न समूह, उपसमूहको पाँचौं तहका पदहरूको कार्यसम्पादन अनुभवको मूल्याङ्कनबाट हुने समायोजनद्वारा हुने बढुवाको बढुवा सूचना नं २३०-२३९/०७७-७८ अन्तर्गत विभिन्न स्थानीय तहहरूका लागि १० (दश) पदको विज्ञापन भै बढुवा समितिले बढुवा सिफारिस गरेकोमा उक्त सिफारिसउपर चित्त नबुझाई तारकेश्वर गाउँपालिकाका लागि प्रकाशित भएको सूचना नं २३७/०७७-७८ स्वास्थ्य सेवा, हेल्थ इन्स्पेक्सन समूह, हेल्थ असिस्टेण्ट पाँचौं तहको लागि आवेदन गरेका उजुरीकर्ता दामोदर रिमाल क स नं (२०६२३३) ले यस प्रदेश लोक सेवा आयोग, बागमती प्रदेशमा मिति २०७९।१२।२९ कानूनले तोकेको म्यादभित्रै बढुवा उजुरी दर्ता गराउनु भएको र निजको निवेदनमा

आफूभन्दा कनिष्ठ कर्मचारीहरूको बढुवा गरिएको तथा आफूलाई अन्यायपूर्ण तरिकाले बढुवाबाट वन्चित गरिएको तर आफू बढुवाका लागि योग्य भएको जिकिर गरिएको छ ।उक्त उजुरी सम्बन्धमा बढुवा समितिको सचिवालयबाट सक्कल कागजातहरू मगाई प्राप्त कागजातहरूको अध्ययन एवम् विश्लेक्षण गर्दा निज उजुरीकर्ता दामोदर रिमालको सम्बन्धित पाँचौं तहमा स्तरवृद्धि वा तह मिलान भएको कुनै कागजात प्रमाण फाइलमा संलग्न भएको नदेखिएको हुँदा स्वास्थ्य सेवा ऐन, २०५३ को दफा १७ उपदफा ५ (क) को आधार र मापदण्ड पूरा हुन नसक्ने हुँदा निजको दरखास्त अस्वीकृत हुने ठहर्छ भनी बढुवा समितिले गरेको निर्णय कानूनसम्मतनै देखिन्छ ।

अत: निज निवेदकले जिकिर गरेजस्तो निज बढुवा हुन योग्य नदेखिएको र यसबाट बढुवा समितिले गरेको बढुवा योग्यताक्रम सिफारिसमा कुनै असर नपर्ने देखिएको हुँदा सोही व्यहोराको जानकारी बढुवा समितिको सचिवालयमा पठाउने ।

**३. आयोगको निर्णय:** प्रस्तावमा लेखिएबमोजिम गर्ने ।

| ............................ | ............................ | ............................ |
|---|---|---|
| शर्मिला नेउपाने | सुदर्शन प्रसाद ढकाल | सुरेश मान श्रेष्ठ |
| (सदस्य) | (सदस्य) | (अध्यक्ष) |

(दफा ८८ संग सम्बन्धित)

## बढुवा उजुरीको निर्णय ढाँचा

आयोगको सूचना नं ३२/०७८-७९ अनुसार नेपाल स्वास्थ्य सेवा, हेल्थ इन्स्पेक्सन समूह, जनस्वास्थ्य अधिकृत सातौं तहको पदमा बढुवा समितिको बढुवा सिफारिस उपर चित्त नबुझाई चन्द्र बहादुर हमालले यस आयोग समक्ष निवेदन दिनु भएको बढुवा उजुरी सम्बन्धमा उजुरीकर्ताको जिकिर, तत्सम्बन्धमा बढुवा समितिको प्रतिकृया र प्रचलित स्वास्थ्य सेवा ऐन र नियमावलीका आधारमा देहायबमोजिम निर्णय गरियो:-

उजुरीकर्ता चन्द्र बहादुर हमालले बढुवा हुने पद भन्दा एक तह मुनिको सम्बन्धित सेवा समूह उपसमूहका कर्मचारी बढुवाको उम्मेदवार हुन पाउनु पर्ने र सातौं तहमै कार्यरत क सं नं १३७०६१ का तुलसी प्रसाद सुवेदीको नियम विपरित बढुवा गरी  छैटौं तहमा कार्यरत आफू

अन्यायमा परेकोले निजको बढुवा सिफारिश रद्ध गरी नियमानुसार बढुवा गरिपाउँ भनि जिकिर गर्नु भएको ।

**निज उजुरीकर्ताको जिकिर सम्बन्धमा अध्ययन गर्दा आयोगद्वारा प्रकाशित उक्त बढुवा सूचनामा योग्य उम्मेदवार हुनका लागि स्वास्थ्य सेवा ऐन, २०५३ र स्वास्थ्य सेवा नियमावली, २०५५ तथा कर्मचारी समायोजन ऐन, २०७५ विभिन्न आधार र मापदण्डहरू तोकेको छ ।ती मापदण्डहरूमध्ये स्वास्थ्य सेवा ऐन, २०५३ को दफा १७ उपदफा ५ (क) मा सोही ऐनको दफा ८ को उपदफा (१) को खण्ड (ख) र (ग) बमोजिम कार्यसम्पादन तथा अनुभवको मूल्याङ्कनबाट हुने समायोजनद्वारा हुने बढुवाको लागि सम्बन्धित तहमा स्तर वृद्धि वा तह मिलान भएका र निर्धारित शैक्षिक योग्यता हासिल गरेका कर्मचारीहरूमध्येबाट जेष्ठताका आधारमा योग्यताक्रम निर्धारण गरिनेछ भनी स्पष्टरुपमा उल्लेख गरेको छ ।यस आधारमा छैटौं तहमा कार्यरत कर्मचारीहरू बढुवाका लागि संभाव्य उम्मेदवार नै हुदैनन् ।**

माथि उल्लिखित आधार र कारणबाट उजुरीकर्ताको जिकिर तथ्यहीन देखिएकोले निज बढुवा हुन योग्य नदेखिएको र यसबाट बढुवा समितिले सातौं तहमा कार्यरत क सं नं १३७०६१ का तुलसी प्रसाद सुवेदीलाई गरेको बढुवा सिफारिस नियम संगतनै देखिएको ।यसबाट बढुवा समितिले गरेको बढुवा योग्यताक्रम सिफारिसमा कुनै असर नपर्ने देखिएको हुँदा सोही व्यहोराको जानकारी बढुवा समितिको सचिवालयमा पठाउने ।

| | | |
|---|---|---|
| ............................ | ............................ | ............................ |
| शर्मिला नेउपाने | सुदर्शन प्रसाद ढकाल | सुरेश मान श्रेष्ठ |
| (सदस्य) | (सदस्य) | (अध्यक्ष) |

(दफा ८८ संग सम्बन्धित)

## बढुवा उजुरीको निर्णय ढाँचा

आयोगको सूचना नं ९/०७८-७९ अनुसार नेपाल स्वास्थ्य सेवा, हेल्थ इन्स्पेक्सन समूह, हेल्थ असिस्टेण्ट, पाँचौं तहको पदमा बढुवा समितिको बढुवा सिफारिस उपर चित्त नबुझाई त्रिशुल कोइरालाले यस आयोग समक्ष निवेदन दिनु भएको ।उजुरीकर्ता त्रिशुल कोइरालाले आफूभन्दा कनिष्ठ युवराज बुढाथोकी र सुगममा बस्नु भएकी रोसनी बोहोराको बढुवा भएको तर आफ्नो बढुवा नभएकोले अन्यायमा परेको भन्दै छानविनका लागि यस आयोगमा उजुरी दिनुभएको ।

निज उजुरीकर्ताको जिकिर सम्बन्धमा अध्ययन गर्दा आयोगद्वारा प्रकाशित उक्त बढुवा सूचनामा योग्य उम्मेदवार हुनका लागि स्वास्थ्य सेवा ऐन, २०५३ र स्वास्थ्य सेवा नियमावली, २०५५ तथा कर्मचारी समायोजन ऐन, २०७५ले विभिन्न आधार र मापदण्डहरू तोकेको छ ।ती मापदण्डहरूमध्ये स्वास्थ्य सेवा ऐन, २०५३ को दफा १७ को उपदफा ५ (क) मा सोही ऐनको दफा ८ को उपदफा (१) को खण्ड (ख) र (ग) बमोजिम कार्यसम्पादन तथा अनुभवको मूल्याङ्कनबाट हुने समायोजनद्वारा गरिने बढुवाको लागि सम्बन्धित तहमा स्तर वृद्धि वा तह मिलान भएका र निर्धारित शैक्षिक योग्यता हासिल गरेका कर्मचारीहरूमध्येबाट ज्येष्ठताका आधारमा योग्यताक्रम कायम गरिनेछ भनी स्पष्टरुपमा उल्लेख गरेको छ ।त्यस्तै सोही ऐनको दफा १७ को उपदफा ५ (ख) मा खण्ड क मा उल्लेख भए बमोजिमको शैक्षिक योग्यता नभएमा हाल स्तर वृद्धि भएको वा तह मिलान भएको तहभन्दा एक तह मुनिको पद वा तहको लागि निर्धारित शैक्षिक योग्यता प्राप्त गरेका कर्मचारीहरूमध्येबाट ज्येष्ठताको आधारमा योग्यताक्रम निर्धारण गरिनेछ भन्ने उल्लेख छ ।निजको शैक्षिक योग्यता खण्ड ख बमोजिम रहेको र अन्य प्रतिस्पर्धीहरूको शैक्षिक योग्यता खण्ड क बमोजिम रहेकोले निज बढुवका लागि सम्भाव्य उम्मेदवार भएतापनि पदसङ्ख्याको सीमितताको कारण सिफारिसमा पर्न नसकेको ।

माथि उल्लिखित आधार र कारणबाट उजुरीकर्ताको जिकिर तथ्यहीन देखिएकोले निज बढुवा सिफारिस हुन सक्ने नदेखिएको तथा बढुवा समितिले गरेको बढुवा सिफारिस नियम सङ्गतनै देखिएको ।यसबाट बढुवा समितिले गरेको बढुवा योग्यताक्रम सिफारिसमा कुनै असर नपर्ने देखिएको हुँदा सोही व्यहोराको जानकारी बढुवा समितिको सचिवालयमा पठाउने ।

| | | |
|---|---|---|
| ......................... | ......................... | ......................... |
| शर्मिला नेउपाने | सुदर्शन प्रसाद ढकाल | सुरेश मान श्रेष्ठ |
| (सदस्य) | (सदस्य) | (अध्यक्ष) |

(दफा ८८ संग सम्बन्धित)

## बढुवा उजुरीको निर्णय ढाँचा

आयोगको बढुवा सूचना नं ०१/०७९-८० र बढुवा सूचना नं १९/०७९-८० अनुसार प्रदेश प्रशासन सेवा, सामान्य प्रशासन समूह, अधिकृत नवौं तहको पदमा बढुवा समितिको बढुवा सिफारिस उपर चित्त नबुझाई अमुल पराजुली लगायत ४ जनाले यस आयोग समक्ष संयुक्त उजुरी दिनु भएको ।उजुरीकर्ताहरूले नेपाल सरकारको मिति २०७५।०२।०६ गतेको निर्णयले स्वीकृत गरेको प्रदेश सरकारका मन्त्रालयहरूको सङ्गठन संरचनाहरूमा नेपाल विविध सेवा, कम्प्युटर अधिकृत, रा. प. द्वितीय श्रेणी (प्रदेशमा अधिकृतस्तर, नवौं/दशौं तह) नरहेको र प्रदेश सरकारले जारी गरेको प्रदेश निजामती सेवा अध्यादेश, २०७९ र प्रदेश निजामती सेवा ऐन, २०७९ मा विविध सेवाका अधिकृतस्तर आठौं तहका कम्प्युटर अधिकृतहरूलाई नवौं तह बनाउने कुनै प्रावधान र सङगठन संरचना नरहेकोले हामी विविध सेवाका अधिकृतस्तर आठौं तहका कम्प्युटर अधिकृतहरूको बढुवा प्रकिया रोक्का भई वृत्ति विकासमा असर परेको र प्रदेश निजामती सेवा ऐन, २०७९ को दफा ४(४) र दफा ८(११) अनुसारको प्रकिया निर्धारण नगरी दरखास्त अस्वीकृत गरिएको सन्दर्भमा उक्त निर्णय प्रचलित कानून विपरित भएको हुँदा उपरोक्त बढुवा सूचना तथा प्रकियाहरू खारेज गरी विविध सेवाका अधिकृतस्तर आठौं तहका कम्प्युटर अधिकृतहरूलाई प्रदेश प्रशासन सेवा, सामान्य प्रशासन समूहमा समुहीकृत भई बढुवा हुने गरी पुन: बढुवा सूचनाको विज्ञापन गरिपाउँ/ बढुवा समितिले मिति २०८०।०१।०६ मा निर्णय गरेको तर कतिपयको कासमू मिति २०८०।०१।०७ मा प्राप्त भएकोले ज्येष्ठ कर्मचारी मूल्याङ्कनबाट बञ्चित भएको हुँदा बढुवा सूचना खारेज गरी पुन: बढुवा सूचनाको विज्ञापन गरिपाउँ लगायतका ६ बुँदे जिकिरसहित उजुरी दर्ता गराउनु भएको ।

निज उजुरीकर्ताहरूको जिकिर सम्बन्धमा अध्ययन गर्दा प्रदेश निजामती सेवा अध्यादेश, २०७९ को दफा (८) को उपदफा (९) मा कार्यक्षमताको मूल्याङ्कन र ज्येष्ठता र कार्यसम्पादन मूल्याङ्कनद्वारा हुने बढुवाका लागि अधिकृत दशौं तहसम्मको पदमा सम्बन्धित सेवा, समूह उपसमूहको एक तह मुनिको पदको कर्मचारी बढुवाको लागि आवश्यक न्यूनतम सेवा अवधि र

न्यूनतम योग्यता पूरा गरेका भएमा सम्भाव्य उम्मेदवार हुनेछन् भन्ने व्यवस्था रहेको छ । सोही अध्यादेशको दफा ४(४) मा यो अध्यादेश प्रारम्भ हुनुभन्दा अघि निजामती सेवाको विविध सेवा तथा नेपाल आर्थिक योजना तथा तथ्याङ्क सेवामा समायोजन भएका कर्मचनरीलाई उपदफा (१) को खण्ड (घ) बमोजिमको प्रदेश प्रशासन सेवाको विविध समूहमा कायम गरिनेछ भनी स्पष्ट उल्लेख गरेको छ । आयोगको बढुवा सूचना प्रदेश प्रशासन सेवा, सामान्य प्रशासन समूह, अधिकृत नवौं तहको पदको भएको र निज उजुरीकर्ताहरू चारैजना प्रदेश प्रशासन सेवा विविध समूहका भएकाले बढुवाका लागि सम्भाव्य उम्मेदवार हुन नै योग्य नभएका । साथै निजहरूको जिकिर बमोजिम विविध सेवाका अधिकृतस्तर आठौं तहका कम्प्युटर अधिकृतहरूलाई प्रदेश प्रशासन सेवा, सामान्य प्रशासन समूहमा समुहीकृत गर्ने अधिकार प्रदेश लोक सेवा आयोगको अधिकार क्षेत्रमा नपर्ने हुँदा सो विषयमा आयोग प्रवेश गरिरहनु परेन।

त्यस्तै बढुवा समितिले मिति २०८०।०१।०६ मा निर्णय गरेको तर कतिपयको कासमू मिति २०८०।०१।०७ मा प्राप्त भएकोले ज्येष्ठ कर्मचारी मूल्याङ्कनबाट बञ्चित भएको हुँदा बढुवा सूचना खारेज गरी पुन: बढुवा सूचनाको विज्ञापन गरिपाउँ भन्ने जिकिरका सम्बन्धमा मिति २०८०।०१।०७ मा कासमू प्राप्त भएका व्यक्तिको सेवा समूह फरक परेका कारण दरखास्त अस्वीकृत भएको हुनाले निजको कासमू हेरिरहनु नपर्ने हँदा बढुवा समितिलाई बढुवा गर्न बाधा नपर्ने देखिएको ।

माथि उल्लिखित आधारहरूबाट उजुरीकर्ताहरूको जिकिर तथ्यहीन देखिएकोले निजहरू बढुवा हुन योग्य नदेखिएको र बढुवा समितिले गरेको बढुवा सिफारिस नियम संगतनै देखिएको । यसबाट बढुवा समितिले गरेको बढुवा योग्यताक्रम सिफारिसमा कुनै असर नपर्ने देखिएको हुँदा सोही व्यहोराको जानकारी बढुवा समितिको सचिवालयमा पठाउने ।

| | | |
|---|---|---|
| ......................... | ......................... | ......................... |
| शर्मिला नेउपाने | सुदर्शन प्रसाद ढकाल | सुरेश मान श्रेष्ठ |
| (सदस्य) | (सदस्य) | (अध्यक्ष) |

## अनुसूची २३ः

## आधिकारिक राय प्रतिक्रिया सहित माग गरिएको कागजातहरू प्रेषित गर्नेसम्बन्धी आयोगको निर्णय

(दफा ९८ को उपदफा ३ सँग सम्बन्धित)

**प्रदेश लोक सेवा आयोगमा पेस हुने प्रस्तावको ढाँचा**

**प्रदेश लोक सेवा आयोग**

**बागमती प्रदेश, हेटौंडा**

शाखा:- प्रशासन

प्रस्ताव नं:- ४१

मिति:- २०८०।०२।०४

प्रस्ताव पेस गर्न स्वीकृत भएको मिति :- २०८०।०२।०४

**विषय:- आधिकारिक राय प्रतिक्रिया सहित माग गरिएको कागजातहरू प्रेषित गर्ने**

**१. विषयको संक्षिप्त व्यहोरा :-**

अख्तियार दुरूपयोग अनुसन्धान आयोगको चलानी नं ५१५७२ मिति २०८०।०१।१४ को आधिकारिक राय प्रतिकृया तथा माग गरिएको कागजातहरू पठाइदिने बिषयको पत्र प्राप्त भएको सन्दर्भमा यस आयोगबाट सान्दर्भिक निर्णय एवम् प्रमाणहरू संलग्न गरी आफ्नो आधिकारिक/ राय प्रतिकृया पठाउन आवश्यक भएको छ ।

**२. आयोगबाट निर्णय हुनुपर्ने विषय:-**

अख्तियार दुरूपयोग अनुसन्धान आयोगको चलानी नं ५१५७२ मिति २०८०।०१।१४ को आधिकारिक राय प्रतिकृया तथा माग गरिएको कागजातहरू पठाइदिने बिषयको पत्र प्राप्त भएको सन्दर्भमा देहायबमोजिम जवाफ पठाउने ।

**तपसिल**

**विषयः आधिकारिक राय प्रतिक्रिया सहित माग गरिएको कागजातहरू प्रेषित गरिएको**

मिति २०८०/०१/१४ को त्यस आयोगको पत्रमा “आयोगमा दर्ता भएको उ. द. नं. ८-०३५०६५ मिति २०७९/०९/२८ को काठमाडौं महानगरपालिकाले कानून विपरीत कर्मचारीको स्तर वृद्धि गरेको भन्ने समेतको उजुरी प्राप्त भएकोमा यो पत्र लेखिँदै छ। आयोगमा छानबिनको क्रममा रहेको प्रस्तुत उजुरीको

सम्बन्धमा काठमाडौं महानगरपालिकाले जारी गरेको काठमाडौं महानगरपालिका कर्मचारी **समायोजन ऐन, २०७७ बाट महानगरपालिकामा कार्यरत स्थायी कर्मचारीहरूलाई एक तह वृद्धि गरी समायोजन गरेको देखियो। सो बखत महानगरमा कार्यरत सहायकस्तर द्वितीय देखि अधिकृतस्तर आठौंसम्मका कर्मचारीहरूलाई एक तह वृद्धि गरी सहायकस्तर तृतीय देखि अधिकृतस्तर नवौंसम्म कायम भएको देखियो।" भन्ने विषयको सम्बन्धमा त्यहाँबाट माग गरिएको तपसिल विषयमा आयोगको मिति २०८०।०२।१४ को निर्णयबमोजिम आधिकारिक राय/प्रतिक्रिया एवं सोही बुँदामा माग गरिएको कागजात समेत प्रेषित गरिएको व्यहोरा अनुरोध गरिन्छ।**

<u>तपसिल विषय १.</u>

काठमाडौं महानगरपालिकाले २०७७ सालमा **काठमाडौं महानगरपालिका कर्मचारी समायोजन ऐन, २०७७** जारी गर्दा यस आयोगको कुनै परामर्श नलिएको। आयोगलाई उक्त ऐन २०७७ साल फागुन ९ गते बनाएको भन्ने कुरा महानगरपालिकाको वेबसाइट हेरेर मात्र ज्ञात हुन आएको।

**तर "प्रदेश लोक सेवा आयोग (आधार र मापदण्ड निर्धारण) ऐन, २०७५ को सङ्घीय कानून बमोजिम बागमती प्रदेश सभाबाट निर्माण गरिएको** प्रदेश लोक सेवा आयोग ऐन, २०७६को दफा १०मा <u>आयोगको काम, कर्तव्य र अधिकार अन्तर्गत</u> **<u>स्थानीय तहले अनिवार्य पालना गर्नुपर्ने महत्वपूर्ण व्यवस्था</u>हरू निम्न बमोजिम छः**

(१) **स्थानीय सरकारी सेवा र स्थानीय तहको सङ्गठित संस्थाको सेवाको पदमा** नियुक्तिका लागि उपयुक्त उम्मेदवार छनौट गर्न परीक्षा सञ्चालन गर्नु आयोगको कर्तव्य हुने।

(२) **स्थानीय सरकारी सेवा वा स्थानीय तहको सङ्गठित संस्थाको सेवामा स्थायी नियुक्ति गर्दा आयोगको परामर्श लिनु पर्ने।**

(३) **स्थानीय तहबाट निवृत्तिभरण पाउने पदमा आयोगको परामर्श विना स्थायी नियुक्ति गर्न नहुने।**

(४) स्थानीय सरकारी सेवाको पदमा **छ महिनाभन्दा बढी समयका लागि नियुक्ति गर्दा उम्मेदवारको उपयुक्तताको विषयमा** आयोगको परामर्श लिनु पर्ने।

(५) स्थानीय सरकारी सेवा तथा स्थानीय तहको सङ्गठित संस्थाको सेवाको पदमा कर्मचारीको सेवा, सर्त सम्बन्धी कानूनको विषयमा आयोगको परामर्श लिनु पर्ने।

(६)**स्थानीय सरकारी सेवा तथा स्थानीय तहको सङ्गठित संस्थाको सेवाको पदमा नियुक्ति, बढुवा र विभागीय कारबाही गर्दा अपनाउनु पर्ने सिद्धान्तको विषयमा** आयोगको परामर्श लिनु पर्ने।

(७) स्थानीय सरकारी सेवाको कर्मचारीलाई दिइने विभागीय सजायको विषयमा आयोगको परामर्श लिनु पर्ने।"

**यी कानूनी प्रावधानलाई काठमाडौं महानगरपालिकाले सम्मान गरेको देखिएको छैन।**

<u>तपसिल विषय २.</u>

काठमाडौं महानगरपालिकाको मिति २०७९।१२।१२ को पत्रबाट महानगरपालिकामा कार्यरत स्थायी कर्मचारीहरूलाई एक तह वृद्धि गरी समायोजन गरेको र सो कार्य बढुवा नभएको भनी जिकिर गरेको सम्बन्धमा आयोगको राय/प्रतिक्रिया माग गरिएको सम्बन्धमा आयोगको निम्न बमोजिम आयोगको राय/प्रतिक्रिया रहेको छः

यस सम्बन्धमा यस आयोगलाई कुनै पनि जानकारी नदिइएको र जानकारी पनि नभएको। आयोगबाट पटक पटक काठमाडौं महानगरपालिका लगायत प्रदेशभित्रका ११९ स्थानीय तहलाई मौखिक वा इमेल मार्फत रिक्त दरबन्दीको विवरण पठाउन र समायोजन भएका रिक्त दरबन्दीमा पदपूर्ति गर्न माग आकृति फाराम भरी पठाउन एवं आयोगको स्वीकृत वार्षिक कार्यतालिकाको समेत जानकारी गराउँदा पनि महानगरपालिकाहरू, उपमहानगरपालिका र धेरै गाउँपालिकाले बेवास्ता गरेको। सचेतना जनाउने हिसाबबाट आयोगले रिक्त दरबन्दीमा पदपूर्तिको लागि अलि गम्भीर भई कार्य सम्पादन गर्न बारम्बार परिपत्र र पत्राचार गरिएको जुन परिपत्रहरू यसैसाथ संलग्न गरिएको छ। ती परिपत्रमा उल्लेख गरिएका कानूनी प्रावधानहरू निम्न बमोजिम थिए:

- **स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा भएका प्रावधान, कर्मचारी समायोजन ऐन, २०७५ को व्यवस्था, निजामती सेवा ऐन, २०४९ र निजामती सेवा नियमावली, २०५० मा भएको व्यवस्था, प्रदेश लोक सेवा आयोग (आधार र मापदण्ड निर्धारण) ऐन, २०७५ बमोजिम प्रदेश लोक सेवा आयोग ऐन, २०७६मा स्थानीय तहले अनिवार्य पालना गर्नुपर्ने व्यवस्था,** प्रदेश लोक सेवा आयोग ऐन, २०७६ ले प्रदेश र स्थानीय तहहरूमा आयोगले रिक्त पदपूर्ति, नियुक्ति, वढुवा र विभागीय कारबाहीको सम्बन्धमा निरीक्षण गर्न सक्ने व्यवस्था र **प्रदेश लोक सेवा आयोग ऐन, २०७६ को दफा १०६ मा कानूनबमोजिम पदपूर्तिको नियुक्ति, बढुवा र विभागीय कारबाही अनियमित ठहर गर्न वा रद्द गर्न सक्ने सम्बन्धी व्यवस्थाको बारेमा जानकारी गराइएको थियो जुन कुरा निम्न बमोजिम थियोः**

  १) **स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा भएका प्रावधानः**

  - दफा ८५ बमोजिम **कर्मचारी समायोजन** अन्तर्गत “यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि <u>**स्थानीय तहमा कर्मचारी समायोजन सम्बन्धी व्यवस्था प्रचलित सङ्घीय कानून बमोजिम**</u> हुने।

- दफा ८६ मा "स्थानीय सेवाको गठन तथा कर्मचारी नियुक्ति र सेवाको सर्त अन्तर्गतको उपदफा (१) मा "स्थानीय सेवाको गठन, सञ्चालन, व्यवस्थापन, सेवाको सर्त तथा सुविधा सम्बन्धी आधारभूत सिद्धान्त र मापदण्ड सङ्घीय कानून बमोजिम हुने " र यही प्रावधान बमोजिम नै सङ्घीय संसदले **कर्मचारी समायोजन ऐन, २०७५** निर्माण गरी लागू गरेको।
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८६.को उपदफा (३) मा **"स्थानीय सेवाको स्थायी दरबन्दीको पदमा प्रदेश लोक सेवा आयोगले छनौट गरी सिफारिस गरेको उम्मेदवारलाई मात्र नियुक्ति गर्नु पर्नेछ**।" भन्ने स्पष्ट उल्लेख गरेको।

२) **कर्मचारी समायोजन ऐन, २०७५ को व्यवस्थाः**

- सरकारी सेवा र अन्य सेवाका कर्मचारीलाई सङ्घ, प्रदेश र स्थानीय तहको सेवामा समायोजन गर्ने सम्बन्धमा कानूनी व्यवस्था गर्न सङ्घीय संसदले **कर्मचारी समायोजन ऐन, २०७५** बनाएको।
- कर्मचारी समायोजन ऐन, २०७५ को दफा १२ बमोजिम समायोजन गर्दा समेत दरबन्दी पूर्ति हुन नसकी रिक्त रहेका सम्बन्धित प्रदेश वा स्थानीय तहले **प्रदेश लोक सेवा आयोगमा पदपूर्तिको लागि अनुरोध गरी पठाउनु पर्ने अनिवार्य व्यवस्था।**
- दफा १४. **को उपदफा (२) मा समायोजन भएका कर्मचारीको सरुवा तथा बढुवा सम्बन्धी व्यवस्था।**
- कर्मचारी समायोजन ऐन, २०७५ को दफा १५ मा कर्मचारीको सेवाका सर्त र सुरक्षा सम्बन्धी मापदण्ड बमोजिम प्रदेश वा स्थानीय तहले प्रदेश वा स्थानीय तहको सेवाको गठन सम्बन्धी कानून बनाउँदा देहाय बमोजिमको प्रक्रिया पूरा गर्नु पर्ने व्यवस्था रहेको छः
  - (क) **कर्मचारी छनौट, भर्ना, नियुक्ति, सरुवा, बढुवा, आचरण र विभागीय सजायका विषयमा सङ्घीय निजामती सेवा सम्बन्धी कानूनका आधारभूत सिद्धान्त र मान्यतालाई आधारको रूपमा लिने,**
  - (ख) **प्रदेश निजामती सेवा र स्थानीय सेवाको पदमा प्रदेश लोकसेवा आयोगको सिफारिसमा नियुक्ति हुने व्यवस्था गर्ने,**

३) **प्रदेश लोक सेवा आयोग (आधार र मापदण्ड निर्धारण) ऐन, २०७५ बमोजिम प्रदेश लोक सेवा आयोग ऐन, २०७६मा स्थानीय तहले अनिवार्य पालना गर्नुपर्ने व्यवस्थाः**

- प्रदेश लोक सेवा आयोग ऐन, २०७६को दफा १०मा आयोगको काम, कर्तव्य र अधिकार अन्तर्गत **स्थानीय तहले अनिवार्य पालना गर्नुपर्ने महत्वपूर्ण व्यवस्थाहरू निम्न बमोजिम उल्लेख गरेको छः**

  (३) **स्थानीय सरकारी सेवा र स्थानीय तहको सङ्गठित संस्थाको सेवाको पदमा** नियुक्तिका लागि उपयुक्त उम्मेदवार छनौट गर्न परीक्षा सञ्चालन गर्नु आयोगको कर्तव्य हुनेछ।

  (४) **स्थानीय सरकारी सेवा वा स्थानीय तहको सङ्गठित संस्थाको सेवामा स्थायी नियुक्ति गर्दा आयोगको परामर्श लिनु पर्नेछ।**

  (३) **स्थानीय तहबाट निवृत्तिभरण पाउने पदमा आयोगको परामर्श विना स्थायी नियुक्ति गरिने छैन।**

  (४) त्यस्तै गरी तल उल्लेखित विषयमा आयोगको परामर्श लिनु पर्ने व्यवस्था गरेको छः-

  (५) स्थानीय सरकारी सेवाको पदमा **छ महिनाभन्दा बढी समयका लागि नियुक्ति गर्दा उम्मेदवारको उपयुक्तताको विषयमा,**

  (६) स्थानीय सरकारी सेवा तथा स्थानीय तहको सङ्गठित संस्थाको सेवाको पदमा कर्मचारीको सेवा, सर्त सम्बन्धी कानूनको विषयमा,

  (७) **स्थानीय सरकारी सेवा तथा स्थानीय तहको सङ्गठित संस्थाको सेवाको पदमा नियुक्ति, बढुवा र विभागीय कारबाही गर्दा अपनाउनु पर्ने सिद्धान्तको विषयमा,**

  (८) स्थानीय सरकारी सेवाको कर्मचारीलाई दिइने विभागीय सजायको विषयमा।

- प्रदेश लोक सेवा आयोग ऐन, २०७६ ले प्रदेश र स्थानीय तहहरूमा आयोगले रिक्त पदपूर्ति, नियुक्ति, वढुवा र विभागीय कारबाहीको सम्बन्धमा निरीक्षण गर्न सक्ने व्यवस्था गरेको छ।
- **प्रदेश लोक सेवा आयोग ऐन, २०७६ को दफा १०६ मा अनियमित ठहर गर्न वा रद्द गर्न सक्ने सम्बन्धी देहाय बमोजिमको व्यवस्था ।**
- **काठमाडौं महानगरपालिकाको पदपूर्ति सम्बन्धमा गरिएको निरीक्षण प्रतिवेदन, २०७८ श्रावणः**

  काठमाडौं महानगरपालिकामा रहेको स्वीकृत स्थायी दरबन्दी र उक्त दरबन्दी मध्ये रिक्त र पदपूर्ति (खुला तथा बढुवा) को अवस्थाको निरीक्षण गर्ने, कर्मचारी सेवा सर्त सम्बन्धी कानून बने नबनेको? बनेको भए प्रदेश लोक सेवा आयोग ऐन अनुसार आयोगको परामर्श माग गरिए नगरिएको निरीक्षण गर्ने, र निरीक्षणबाट प्राप्त अवस्थाको बारेमा आयोगमा यथाशीघ्र प्रतिवेदन पेस गर्ने उद्देश्यसहित आयोगबाट काठमाण्डौं महानगरपालिकाको पदपूर्ति सम्बन्धमा निरीक्षण गरिएको थियो। उक्त निरीक्षण प्रतिवेदनको निष्कर्ष तथा सिफारिस निम्न बमोजिम रहेको थियोः

**निरीक्षण प्रतिवेदनको निष्कर्ष तथा सिफारिस**

- उपरोक्त विवरण र निरीक्षण गर्दा महानगरपालिकाले काठमाडौं महानगरपालिका कर्मचारी समायोजन ऐन, २०७७ र काठमाडौं महानगरपालिकामा कार्यरत कर्मचारीहरुको सेवा सर्त एवम् सुविधा सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, २०७७ तयार गर्दा प्रदेश लोक सेवा आयोग ऐन, २०७६ को दफा १० को उपदफा ४ (ख) बमोजिम स्थानीय सरकारी सेवा तथा **स्थानीय तहको सङ्गठित संस्थाको सेवाको पदमा कर्मचारीको सेवा, सर्त सम्बन्धी कानूनको विषयमा आयोगको परामर्श लिनुपर्नेछ** भन्ने प्रावधानको पालना भएको पाइएन।
- प्रदेश लोक सेवा आयोगबाट आ.व. ०७७।०७८ मा स्थायी पदपूर्तिका लागि विज्ञापन हुँदाहुँदै र पटक पटक रिक्त पदपूर्तिका लागि माग आकृति फाराम भरी पठाउन आयोगबाट पटक पटक पत्राचार भए तापनि कुनै पनि तहको रिक्त पदमा पदपूर्तिका लागि नियमानुसार माग आकृति फाराम भरी नपठाएको पाइयो।
- काठमाण्डौं महानगरपालिकालाई च.नं. ३०८ मिति २०७८/०१/१२ मा अवैधानिक तवरबाट कानून बनाई पदपूर्ति नगर्न ध्यानाकर्षण सहितको परिपत्र गरिएकोमा सो को कार्यान्वयनमा उदासीनता देखाएको पाइयो।
- नेपालको संविधानको धारा २४४, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८५ र दफा ८६ (१) र (३), कर्मचारी समायोजन ऐन, २०७५ को दफा १४ र दफा १५, निजामती सेवा ऐन, २०४९ को दफा ६(क), प्रदेश लोक सेवा आयोग (आधार र मापदण्ड निर्धारण) ऐन, २०७५, प्रदेश लोक सेवा आयोग ऐन, २०७६ को दफा १०, ८०, ८३ र १०६, सङ्घ, प्रदेश र स्थानीय तह (समन्वय तथा अन्तरसम्बन्ध) ऐन, २०७७ को दफा ४ र दफा ५ को प्राबधान पालना गरेको पाइएन।

महानगरपालिकाको कर्मचारी सेवा सर्त सम्बन्धी कानून जारी गर्दा आयोगको परामर्श लिनुपर्नेमा नलिएको तथा आयोगको विज्ञापन हुँदाका पद कुनै पनि पदको रिक्त पदपूर्तिका लागि माग नगरेको र आयोगको परामर्श बेगर बढुवा पदपूर्ति गरेको खुल्न आएको हुँदा प्रचलित कानून विपरीत भए गरेका काम कारबाही सम्बन्धमा आयोगबाट निर्णय भई कार्बाहीको प्रक्रिया अगाडि बढाउनुपर्ने देखिन्छ।

**तपसिल विषय ३.**

काठमाडौं महानगरपालिका जस्तै बागमती प्रदेशका अन्य पालिकाहरूले समेत आफ्नै कानून बनाई कर्मचारीहरूलाई तह वृद्धि समायोजन बढुवा गरेको भनी अन्य समाचारपत्रमा समेत आएको सो मा ती पालिकाहरूले तहाँबाट परामर्श लिएको नलिएको विषय।

प्रस्तुत विषयमा ती पालिकाहरूले आयोगबाट कुनै परामर्श पनि नलिएको अवस्था छ। काठमाडौं महानगरपालिका जस्तै गोकुलगङ्गा गाउँपालिकालाई पनि नियुक्ति र बढुवा प्रक्रिया सच्याउने विषय सम्बन्धमा मिति २०७८।०१।१३ गते च नं ३११ को पत्रबाट पत्राचार गरिएको थियो र उक्त पत्र पनि यसै पत्र संलग्न गरिएको छ।

<u>तपसिल विषय ४.</u>

यसै विषयमा हालसम्म तहाँबाट भएको कारबाही निर्णय एवं परिपत्रको प्रतिलिपि।

प्रस्तुत विषयसम्बनन्धमा निम्नबमोजिमका निर्णय एवं प्रतिलिपि संलग्न गरिएको छः

(क) कर्मचारी व्यवस्थापन सम्बन्धमा आकर्षित हुने ऐन कानूनहरूको सार अवगतार्थ तथा कार्यार्थ प्रेषित काठमाडौं महानगरपालिकाका नगरप्रमुख श्री विद्यासुन्दर शाक्यलाई आयोगका अध्यक्षले गर्नु भएको मिति २०७८।०१।०८ को पत्रको प्रतिलिपि

(ख) काठमाडौं महानगरपालिकाको बढुवा रद्द गरेको आयोगको निर्णय मिति २०७८--------- को पत्रको प्रतिलिपि

(ग) अवैधानिक तवरबाट कानून बनाई पदपूर्ति नगर्न सबै स्थानीय तहहरूलाई ध्यानाकर्षणसहितको मिति २०७८।०१।१२ को पत्रको परिपत्रको प्रतिलिपि

(घ) गोकुलगङ्गा गाउँपालिकालाई नियुक्ति र बढुवा प्रक्रिया सच्याउने विषय सम्बन्धमा मिति २०७८।०१।१३ को पत्रको प्रतिलिपि

(ङ) काठमाडौं महानगरपालिकाको पदपूर्ति सम्बन्धमा गरिएको निरीक्षण प्रतिवेदन, २०७८ श्रावणको प्रतिलिपि

**३. आयोगको निर्णयः** प्रस्तावमा लेखिएबमोजिम गर्ने ।

| | | |
|---|---|---|
| ............................ | ............................ | ............................ |
| शर्मिला नेउपाने | सुदर्शन प्रसाद ढकाल | सुरेश मान श्रेष्ठ |
| (सदस्य) | (सदस्य) | (अध्यक्ष) |

## अनुसूची २४:

## प्रदेश निजामती सेवाको गठन, सञ्चालन र सेवाका सर्तहरू सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक (२०७९) मा आयोगको परामर्श सम्बन्धमा ।

<table>
<tr><th rowspan="2">सि.नं.</th><th colspan="2">विधेयकमा रहेको व्यवस्था</th><th colspan="2">आयोगको परामर्श</th></tr>
<tr><th>विधेयकको दफा</th><th>व्यवस्थाको सारसंक्षेप</th><th>सुधार/परिवर्तन गरिनुपर्ने</th><th>कारण</th></tr>
<tr><td>१.</td><td>८(१)(क)</td><td>चौथो तहमा आन्तरिक अन्तर सेवा प्रतियोगितात्मक परीक्षाद्वारा १००% पदपूर्ति गरिने व्यवस्था सम्बन्धमा</td><td>विधेयकको दफा ८ को उपदफा (१) को तालिकामा रहेको खण्ड (क) हटाउने र अन्य खण्डहरूको वर्णानुक्रम मिलाउने</td><td>• विधेयकको दफा ५ उपदफा (३) मा "सहायक तेस्रो र चौथो तहमा कुनै कर्मचारीको पदाधिकार नरहेमा सो तहको पद स्वतः खारेज हुनेछ" भन्ने प्रावधान रहेको हुँदा चौथो तहको पदमा पुनः पदपूर्ति हुने गरी व्यवस्था गरिनु निरर्थक भएकोले ।</td></tr>
<tr><td>२.</td><td>८(१)(ङ)</td><td>प्रदेश निजामती सेवाको एघारौं तहमा विभिन्न प्रकृयाद्वारा हुने पदपूर्तिको लागि निर्धारण गरिएको प्रतिशत</td><td>एघारौं तहमा पदपूर्ति प्रकृयाको प्रतिशत देहाय अनुसार गर्ने,<br><table><tr><td>खुल्ला प्रतियोगिताद्वाराः</td><td>१०%</td></tr><tr><td>अन्तर तह प्रतियोगिताः</td><td>१०%</td></tr><tr><td>आन्तरिक अन्तर सेवा प्रतियोगितात्मक परीक्षाद्वाराः</td><td>१०%</td></tr><tr><td>कार्यक्षमताको मूल्याङ्कनद्वाराः</td><td>३५%</td></tr><tr><td>ज्येष्ठता र कार्यसम्पादन मूल्याङ्कनद्वारा</td><td>३५%</td></tr></table></td><td>• माथि बाह्रौं तहलाई सचिव बनाउने परामर्शको सापेक्षतामा एघारौं तहमा उपयुक्त पदपूर्ति प्रकृया सिफारिस गर्न आवश्यक भएकोले<br>• सङ्घीय अभ्यास अनुसार सहसचिव पदमा खुल्ला प्रतियोगिता तथा बढुवाद्वारा पदपूर्ति भए जसरी नै एघारौं तहमा खुल्ला प्रतियोगिता तथा बढुवाद्वारा समेत पदपूर्ति हुनु आवश्यक रहेको</td></tr>
<tr><td>३.</td><td>११</td><td>विधेयकमा हाल नरहेको</td><td>दफा ११ को उपदफा (२) पछि देहायको उपदफा (३) थप गर्ने र उपदफा (३) लाई उपदफा (४) बनाउने,</td><td>• विधेयकको दफा ७ 'दरबन्दी सिर्जना' अन्तर्गतको उपदफा (७) मा "यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि</td></tr>
</table>

| सि.नं. | विधेयकमा रहेको व्यवस्था | | आयोगको परामर्श | |
|---|---|---|---|---|
| | विधेयकको दफा | व्यवस्थाको सारसंक्षेप | सुधार/परिवर्तन गरिनुपर्ने | कारण |
| | | | "(३) ऐन (विधेयक)को दफा ७ को उपदफा (७) अन्तर्गत **छ महिना भन्दा बढी समयको लागि सिर्जना भएको अस्थायी दरबन्दीको पदमा कर्मचारी नियुक्ति गर्दा प्रदेश लोक सेवा आयोगको सिफारिसमा नियुक्त** गरिनेछ।" | अस्थायी प्रकृतिका आयोग, समिति, निकाय, सचिवालय, कार्यालय वा आयोजनामा स्थायी दरबन्दी सृजना गरिने छैन। त्यस्ता आयोग, समिति, निकाय, सचिवालय, कार्यालय वा आयोजनामा अस्थायी दरबन्दी रहन सक्नेछ।" भन्ने व्यवस्था भएको।<br>• प्रदेश लोक सेवा आयोग ऐन, २०७६ को दफा १० को उपदफा (५) को खण्ड (क) मा प्रदेश निजामती सेवा, प्रदेश अन्य सरकारी सेवाको पद र स्थानीय सरकारी सेवाको पदमा छ महिनाभन्दा बढी समयका लागि नियुक्ति गर्दा उम्मेदवारको उपयुक्तताको विषयमा परामर्श लिनुपर्नेछ भन्ने व्यवस्था अनुसार कार्यान्वयन गर्न<br>• प्रदेश सरकारको अस्थायी दरबन्दीको पदमा पदपूर्तिमा योग्यता, निष्पक्षता र स्वच्छता कायम गर्न आवश्यक महसुस भएको जसबाट प्रदेश सरकारलाई सुशासन कायम गर्न सहयोग पुग्ने। |
| ४. | ३६ | नयाँ व्यवस्था थप गर्नुपर्ने | दफा ३६ को हाल भएको उपदफा (१७) को सट्टा देहायको उपदफा (१७) राख्ने<br>"(१७) यस दफामा अन्यत्रै जुनसुकै कुरा | • कर्मचारी समायोजन ऐन, २०७५ को दफा १४ को उपदफा (४) बमोजिम निज कर्मचारीहरू आन्तरिक प्रतियोगिता, ज्येष्ठता |

| सि.नं. | विधेयकमा रहेको व्यवस्था | | आयोगको परामर्श | |
|---|---|---|---|---|
| | विधेयकको दफा | व्यवस्थाको सारसंक्षेप | सुधार/परिवर्तन गरिनुपर्ने | कारण |
| | | | लेखिएको भए तापनि साविकको सरकारी सेवाबाट प्रदेश निजामती सेवामा समायोजन भएका कर्मचारीहरूको कार्यसम्पादन मूल्याङ्कन फारम यस ऐन बमोजिम पठाइने निकायका अतिरिक्त तोकिए बमोजिमको प्रकृया अनुसार नेपाल सरकार, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, लोक सेवा आयोग तथा सेवा समूह सञ्चालन गर्ने सम्बन्धित सङ्घीय मन्त्रालयमा समेत पठाउनु पर्नेछ ।" | र कार्यसम्पादन मूल्याङ्कन तथा कार्यक्षमता मूल्याङ्कनद्वारा हुने बढुवाका लागि समायोजन हुनुपूर्व वहाल रहेको सेवा, समूह वा उपसमूहको एक श्रेणी वा तह माथिको पदमा उम्मेदवार हुन सक्ने देखिन्छ । सम्मानित सर्वोच्च अदालतबाट मुद्दा नं. ०७८-WO-०१६३ समेतमा मिति २०७८/१०/१२ मा भएको पूर्ण इजलासको फैसलाले दिएको निर्देशनात्मक आदेशको प्रकरण ६ मा समेत उक्त व्यवस्थालाई थप व्याख्या र विस्तृतीकरण गरिएको देखिन्छ ।<br>• अतः प्रस्तुत सन्दर्भमा समायोजन भएका कर्मचारीहरूको सम्बन्धमा कार्यसम्पादन मूल्याङ्कन गर्दा, ज्येष्ठता बापत, भौगोलिक क्षेत्रमा काम गरे बापत, शैक्षिक योग्यता बापत तथा तालिम बापत अङ्क प्रदान गर्दा सङ्घीय कानूनले निर्धारण गरेको मापदण्ड बमोजिम प्रदान गरिनु पर्दछ। साथै निजहरूका सम्बन्धमा पुरस्कार र सजायको प्रबन्ध हुँदा सोको जानकारी तथा अभिलेखीकरण सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, लोक सेवा |

| सि.नं. | विधेयकमा रहेको व्यवस्था | | आयोगको परामर्श | |
|---|---|---|---|---|
| | विधेयकको दफा | व्यवस्थाको सारसंक्षेप | सुधार/परिवर्तन गरिनुपर्ने | कारण |
| | | | | आयोग, राष्ट्रिय किताबखाना (निजामती) लगायतका सङ्घीय निकायमा समेतमा रहने गरी प्रदेश कानूनमा नै आवश्यक प्रबन्ध गरिनु पर्दछ। |
| ५. | ४२(१)(क)र(ख) | अधिकृत एघारौं तहको पद तथा अधिकृत नवौं र सातौं तहको पदको लागि बढुवा समिति सम्बन्धी व्यवस्था | दफा ४२ को उपदफा (१) को खण्ड (क) र (ख) को सट्टा देहायको खण्ड (क) र (ख) राखिनुपर्ने,<br>**<u>(क) अधिकृत एघारौं तह र नवौं तहको पदको लागि</u>**<br>(१) प्रदेश लोकसेवा आयोगको अध्यक्ष – अध्यक्ष<br>(२) प्रमुख सचिव – सदस्य<br>(३) प्रदेश लोकसेवा आयोगको अध्यक्षले तोकेको प्रदेश लोकसेवा आयोगको सदस्य – सदस्य<br>(४) प्रदेश लोकसेवा आयोगद्वारा मनोनीत सम्बन्धित विषयका विशेषज्ञ – सदस्य<br>(५) प्रमुख सचिवले तोकेको मन्त्रालयको सचिव – सदस्य सचिव<br>**<u>(ख) सातौं तहको पदमा बढुवा हुनको लागि</u>**<br>(१) प्रदेश लोकसेवा आयोगको अध्यक्षले तोकेको प्रदेश लोकसेवा आयोगको सदस्य – अध्यक्ष | • निजामती सेवा ऐन, २०४९ मा भएको बढुवा समिति अनुरूप मिलान हुने र बढुवामा लोक सेवा आयोगमा सरकारी हिसाबबाट हस्तक्षेप हुन नपाउने गरी व्यवस्था भएकोले सो अनुसार गर्नुपर्ने।<br>• सङ्घीय कानून प्रदेश लोक सेवा आयोग (आधार र मापदण्ड निर्धारण) ऐन, २०७५ को दफा ११ को उपदफा (१) मा प्रदेश निजामती सेवा, प्रदेश प्रहरी सेवा, प्रदेश अन्य सरकारी सेवा, प्रदेश सङ्गठित संस्थाको सेवा, स्थानीय सरकारी सेवा र स्थानीय तहको सङ्गठित संस्थाको सेवाको पदको पदपूर्तिको लागि उम्मेदवारको छनौटलाई स्वच्छ, निष्पक्ष र विश्वसनीय बनाउन लोक सेवा आयोगले सङ्घीय कानून बमोजिम अपनाएको सिद्धान्त र मापदण्डलाई प्रदेश लोक सेवा आयोगले अवलम्बन गर्नु पर्नेछ भन्ने व्यवस्था भएको हुँदा सोही सिद्धान्त र मापदण्ड अनुसार |

| सि.नं. | विधेयकमा रहेको व्यवस्था | | आयोगको परामर्श | |
|---|---|---|---|---|
| | विधेयकको दफा | व्यवस्थाको सारसंक्षेप | सुधार/परिवर्तन गरिनुपर्ने | कारण |
| | | | (२) प्रदेश लोकसेवा आयोगको सचिव – सदस्य<br>(३) मन्त्रालयको सचिव – सदस्य<br>(४) लोकसेवा आयोगको अध्यक्षबाट मनोनीत सम्बन्धित विषयको विशेषज्ञ – सदस्य<br>(५) सेवा, समूह वा उपसमूह सञ्चालन गर्ने मन्त्रालयको सचिव – सदस्य सचिव | सङ्घीय कानून निजामती सेवा ऐन, २०४९ को दफा २० मा भएको बढुवा समिति अनुरूप करिब करिब हुने गरी राख्नु पर्ने। |
| ६. | | विधेयकमा नरहेकोले राख्नुपर्ने | विधेयकमा देहाय अनुसारको दफा राख्नुपर्ने<br>**"<u>दफा नं. अन्तर प्रदेश सरुवा सम्बन्धी विशेष व्यवस्था :</u>** (१) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएता पनि अन्य सरकारी सेवाबाट प्रदेश निजामती सेवामा समायोजन भएका कर्मचारीहरूलाई प्रदेशको भौगोलिक क्षेत्रभन्दा बाहिरका क्षेत्रमा समेत तोकिए बमोजिम सरुवा गर्न बाधा पुगेको मानिने छैन।<br>(२) प्रदेश निजामती सेवाका जुनसुकै कर्मचारीलाई मन्त्रालयले तोकिए बमोजिम अन्तर प्रदेश सरुवा गर्न सकिनेछ।" | • सर्वोच्च अदालतको मुद्दा नं. ०७८-WO-०१६३ मा मिति २०७८/१०/१२ मा भएको फैसला बमोजिम जारी गरिएको निर्देशनात्मक आदेश (प्रकरण ५) को कार्यान्वयनार्थ विधेयकमा सान्दर्भिक व्यवस्था राख्नु उपयुक्त हुने<br>• सङ्घीय एकाइहरू विचको समन्वय, सहकारीता तथा सहअस्तित्वमा आधारित सङ्घीय शासन प्रणालीलाई मूर्तरुप दिन अन्तर प्रदेश सरुवा सम्बन्धी व्यवस्थालाई प्रदेश निजामती सेवा सम्बन्धी कानूनले सम्बोधन गर्न उपयुक्त हुने । |

## अनुसूची २५:

### स्थानीय तहका सेवाको गठन तथा सञ्चालन सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक (२०७९) मा सुधार गर्न अत्यावश्यक कुराहरू

| सि.नं. | विधेयकमा रहेको व्यवस्था | | आयोगको परामर्श | |
|---|---|---|---|---|
| | विधेयकको दफा | व्यवस्थाको सारसंक्षेप | सुधार/परिवर्तन गरिनुपर्ने | कारण |
| १ | १३ | हाल विधेयकमा नभएको | दफा १३ को उपदफा (२) पछि देहायको उपदफा (३) थप गर्ने र उपदफा (३) लाई (४) बनाउने,<br>"(३) विधेयक (ऐन) को दफा ५ को उपदफा (५) बमोजिम छ महिना भन्दा बढी समयको लागि सिर्जना भएको अस्थायी दरबन्दीको पदमा कर्मचारी नियुक्ति गर्दा प्रदेश लोक सेवा आयोगको सिफारिसमा नियुक्त गरिनेछ।" | • प्रदेश लोक सेवा आयोग ऐन, २०७६ को दफा १० को उपदफा (५) को खण्ड (क) मा प्रदेश निजामती सेवा, प्रदेश अन्य सरकारी सेवाको पद र स्थानीय सरकारी सेवाको पदमा छ महिनाभन्दा बढी समयका लागि नियुक्ति गर्दा उम्मेदवारको उपयुक्तताको विषयमा परामर्श लिनुपर्नेछ भन्ने व्यवस्था अनुसार कार्यान्वयन गर्न<br>• स्थानीय तहको अस्थायी दरबन्दीको पदमा पदपूर्तिमा योग्यता, निष्पक्षता र स्वच्छता कायम गर्न आवश्यक महसुस भएको जसबाट प्रदेश सरकार तथा स्थानीय तहलाई सुशासन कायम गर्न सहयोग पुग्ने |
| २. | ६(१) | सङ्घीय लोक सेवा आयोग वा प्रदेश लोक सेवा आयोगबाट खुल्ला प्रतियोगिताबाट स्थानीय तहको छैठौं तहमा ऐन प्रारम्भ | दफा ६ मा देहायको उपदफा (७) थप्ने,<br>"(७) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि यो ऐन प्रारम्भ हुँदाको बखत लोक सेवा आयोग वा प्रदेश लोक सेवा | • तत्कालीन कानून बमोजिम छैटौं तहका प्रशासनिक, प्राविधिक र विविध सेवाका १४७ पदहरूमा प्रदेश लोक सेवा आयोगले जाँच समेत लिएको अवस्थामा सम्पूर्ण |

| सि.नं. | विधेयकमा रहेको व्यवस्था | | आयोगको परामर्श | |
|---|---|---|---|---|
| | विधेयकको दफा | व्यवस्थाको सारसंक्षेप | सुधार/परिवर्तन गरिनुपर्ने | कारण |
| | | हुनु अघि नियुक्ति भई सातौं तह कायम भएका कर्मचारीको सम्बन्धमा | आयोगबाट खुला प्रतियोगिताबाट स्थानीय तहको छैठौं तहमा सिफारिस भई नियुक्त भईसकेका वा स्थानीय तहको छैटौं तहको पदमा खुला प्रतियोगिता, आन्तरिक प्रतियोगिता, कार्यक्षमताको मूल्याङ्कनद्वारा र ज्येष्ठता तथा कार्यसम्पादन मूल्याङ्कनद्वारा हुने पदपूर्तिको लागि विज्ञापन भई प्रक्रियामा रहेका पदमा सिफारिस भई नियुक्त हुने कर्मचारीलाई स्थानीय सेवाको सातौं तह कायम गरिदिनेछ।<br>तर, यस प्रावधान बमोजिम पशु चिकित्सक पदको तह कायम गरिँदा अख्तियारवालाले छैठौं तहबाट आठौं तह कायम गरिदिने छ । " | प्रक्रियाहरू रद्द गर्नु पर्ने अवस्था सिर्जना हुने र यसले आयोगको गरिमामा आँच पुग्नुका साथै न्यायिक दृष्टिकोणले समेत प्रतिरक्षा गर्न नैतिक सङ्कट पैदा हुने भएकोले अध्यादेश, २०७८ को व्यवस्थालाई कायम राखु पर्ने। यी परीक्षाहरूमा दरखास्त दिने उम्मेदवारहरूको सङ्ख्या ८३२३ भन्दा बढी भएको र करिब १,००,००,०००।– एक करोड रुपैयाँ भन्दा बढी दरखास्त शुल्क बुझाएका छन् र त्यो रकम प्रत्येक उम्मेदवारलाई फिर्ता गर्न पनि प्रशासनिक झमेला बेहोर्नु पर्ने स्थिति हुन सक्छ ।<br>• २०७९ जेठ १३ गतेदेखि अधिकृतस्तर छैटौं तहका कृषि सेवा, प्रशासन सेवा, र इन्जिनियरिङ सेवाका परीक्षाहरू सञ्चालन भईसकेको, प्रशासन सेवाको प्रथम चरणको नतिजा मिति २०७८/०२/२९ मा प्रकाशित भई प्रथम चरणको परीक्षामा उत्तीर्ण भई २०७८/०४/०२ गतेदेखि २०७८/०४/०५ गतेसम्म दोस्रो चरणको |

<table>
<tr><th rowspan="2">सि.नं.</th><th colspan="2">विधेयकमा रहेको व्यवस्था</th><th colspan="2">आयोगको परामर्श</th></tr>
<tr><th>विधेयकको दफा</th><th>व्यवस्थाको सारसंक्षेप</th><th>सुधार/परिवर्तन गरिनुपर्ने</th><th>कारण</th></tr>
<tr><td></td><td></td><td></td><td></td><td>परीक्षामा सामेल पनि भईसकेको अवस्था छ। अधिकृतस्तर छैटौं तहका कृषि सेवाका विभिन्न समूह कृषि/विभिन्न, कृषि/ला.पो.डे.डे., कृषि/मत्स्य र कृषि/भेटेरिनरीको २०७७ सालको विज्ञापनको हकमा सम्मानित अदालतमा उजुरी परी रोकिएको अवस्था थियो र अहिले फुकुवा भई मिति २०७९ जेठ १३ गतेबाट परीक्षा पनि सम्पन्न भएको र पुनः २०७८ सालको विज्ञापनको पनि अर्को परीक्षा सम्पन्न भईसकेको अवस्था छ।</td></tr>
<tr><td>३.</td><td>९(१)(ज)</td><td>स्थानीय सेवाको एघारौं तहमा विभिन्न प्रक्रियाद्वारा हुने पदपूर्तिको लागि निर्धारण गरिएको प्रतिशत</td><td>एघारौं तहमा पदपूर्ति प्रकृयाको प्रतिशत देहाय अनुसार गर्ने,<br>खुल्ला प्रतियोगिताद्वाराः १०%<br>अन्तर तह प्रतियोगिताः १०%<br>आन्तरिक अन्तर सेवा प्रतियोगितात्मक परीक्षाद्वाराः १०%<br>कार्यक्षमताको मूल्याङ्कनद्वाराः ३५%<br>ज्येष्ठता र कार्यसम्पादन मूल्याङ्कनद्वारा ३५%</td><td>• सङ्घीय अभ्यास अनुसार सहसचिव पदमा खुल्ला प्रतियोगिता तथा बढुवाद्वारा पदपूर्ति भए जसरी नै एघारौं तहमा खुल्ला प्रतियोगिता तथा बढुवाद्वारा समेत पदपूर्ति हुनु आवश्यक रहेको</td></tr>
</table>

| सि.नं. | विधेयकमा रहेको व्यवस्था | | आयोगको परामर्श | |
|---|---|---|---|---|
| | विधेयकको दफा | व्यवस्थाको सारसंक्षेप | सुधार/परिवर्तन गरिनुपर्ने | कारण |
| ४. | ९(१७) | (ख) चिकित्सक बाहेक सातौं वा आठौं तह रिक्त मानी पदपूर्ति गर्ने,<br>(ग) चिकित्सक आठौं तह रिक्त भएमा सोही तह रिक्त मानी पदपूर्ति गर्ने। | (ख) चिकित्सक तथा पशु चिकित्सकबाहेक भनी मिलाउनु पर्ने | Veterinary Doctor को समस्या समाधान गर्ने गरी आयोगबाट आठौं तहमा विज्ञापन भईसकेको। |
| ५. | १८(ग) को प्रतिबन्धात्मक वाक्यांश (१) | उमेरको हदबन्दी नलाग्ने व्यवस्था | यस प्रतिबन्धात्मक वाक्यांशमा रहेको देहायको वाक्याशंहरूको सट्टा देहायका वाक्यांशहरू राखे,<br>• "प्रदेश निजामती सेवा" को सट्टा "जुनसुकै प्रदेशको प्रदेश निजामती सेवाको" | व्यवस्थालाई स्पष्ट र सान्दर्भिक पार्न आवश्यक भएकोले |
| ६. | ३१ | उपदफा (५) को (ख) र उपदफा (७) एक आपसमा युक्तिसङ्गत नदेखिएको हुँदा अधिकृत नवौं तहको बढुवा प्रयोजनलाई बाधा पर्न गई आयोगले बढुवा कार्य नै गर्न नसकिने स्थिति सिर्जना हुन सक्ने। | (ख) अधिकृत नवौं तहको लागि अधिकृत आठौं, सातौं र समायोजन पूर्वको रा.प.तृतीय श्रेणीको सेवा अवधि गरी कम्तीमा पाँच वर्ष सेवा अवधि पूरा गरेको। भन्ने व्यवस्था अनुसार उपदफा (७) मा स्थानीय तहको प्रशासन सेवा र शिक्षा सेवाको नवौं तह वा सोभन्दा माथिल्लो तहको पदमा बढुवा गर्ने प्रयोजनको लागि त्यस्ता सेवा तथा त्यस अन्तर्गतका समूह वा उपसमूहको पदलाई एकै क्लष्टर कायम गरी | उपदफा (५) को (ख) र उपदफा (७) एक आपसमा युक्तिसङ्गत नदेखिएको हुँदा अधिकृत नवौं तहको बढुवा प्रयोजनलाई बाधा पर्न गई आयोगले बढुवा कार्य नै गर्न नसकिने स्थिति सिर्जना हुन सक्ने हुँदा मिलाउनु पर्ने। |

| सि.नं. | विधेयकमा रहेको व्यवस्था | | आयोगको परामर्श | |
|---|---|---|---|---|
| | विधेयकको दफा | व्यवस्थाको सारसंक्षेप | सुधार/परिवर्तन गरिनुपर्ने | कारण |
| | | [(५) यस दफाको प्रयोजनको लागि स्थानीय सेवामा समायोजन भई आएका कर्मचाारीको हकमा उपदफा (१) बमोजिम बढुवाका लागि सेवा अवधि गणना गर्दा देहाय बमोजिम गणना गरिनेछ।<br>(ख) अधिकृत नवौं तहको लागि अधिकृत आठौं, सातौं र समायोजन पूर्वको रा.प.तृतीय श्रेणीको सेवा अवधि गरी कम्तीमा पाँच वर्ष सेवा अवधि पूरा गरेको। भन्ने व्यवस्था भएको तर उपदफा (७) मा स्थानीय तहको प्रशासन सेवा र शिक्षा सेवाको नवौं तह वा सोभन्दा माथिल्लो तहको पदमा बढुवा गर्ने प्रयोजनको लागि त्यस्ता सेवा तथा त्यस | प्रशासन सेवा र शिक्षा सेवा तथा त्यस अन्तर्गतका समूह वा उपसमूहको अधिकृत आठौं, सातौं र समायोजन पूर्वको रा.प.तृतीय श्रेणीको सेवा अवधि गरी कम्तीमा पाँच वर्ष सेवा अवधि पूरा गरेको कर्मचारी यस ऐन बमोजिम बढुवाको लागि सम्भाव्य उम्मेदवार हुनेछन्। | |

| सि.नं. | विधेयकमा रहेको व्यवस्था | | आयोगको परामर्श | |
|---|---|---|---|---|
| | विधेयकको दफा | व्यवस्थाको सारसंक्षेप | सुधार/परिवर्तन गरिनुपर्ने | कारण |
| | | अन्तर्गतका समूह वा उपसमूहको पदलाई एकै क्लष्टर कायम गरी प्रशासन सेवा र शिक्षा सेवा तथा त्यस अन्तर्गतका समूह वा उपसमूहको आठौं तहको पदमा कार्यरत कर्मचारी यस ऐन बमोजिम बढुवाको लागि सम्भाव्य उम्मेदवार हुनेछन्। भन्ने विरोधाभास कुरा भएको] | | |
| ७. | ३४(१)(क)र(ख) | अधिकृत एघारौं तहको पद तथा अधिकृत नवौं र सातौं तहको पदको लागि बढुवा समिति सम्बन्धी व्यवस्था | दफा ३४ को उपदफा (१) को खण्ड (क) र (ख) को सट्टा देहायको खण्ड (क) र (ख) राखिनुपर्ने,<br>**<u>(क) अधिकृत एघारौं तह र नवौं तहको पदको लागि</u>**<br>(६) प्रदेश लोकसेवा आयोगको अध्यक्ष – अध्यक्ष<br>(७) प्रमुख सचिव – सदस्य<br>(८) प्रदेश लोकसेवा आयोगको अध्यक्षले तोकेको प्रदेश लोकसेवा आयोगको | • निजामती सेवा ऐन, २०४९ मा भएको बढुवा समिति अनुरूप मिलान हुने र बढुवामा लोक सेवा आयोगमा स्वच्छता र निष्षक्षता बनाउन सरकारी हिसाबबाट हस्तक्षेप हुन नपाउने गरी व्यवस्था भएकोले सो अनुसार गर्नुपर्ने।<br>• सङ्घीय कानून प्रदेश लोक सेवा आयोग (आधार र मापदण्ड निर्धारण) ऐन, २०७५ को दफा ११ को उपदफा (१) मा प्रदेश निजामती सेवा, प्रदेश प्रहरी सेवा, प्रदेश अन्य |

| सि.नं. | विधेयकमा रहेको व्यवस्था | | आयोगको परामर्श | |
|---|---|---|---|---|
| | विधेयकको दफा | व्यवस्थाको सारसंक्षेप | सुधार/परिवर्तन गरिनुपर्ने | कारण |
| | | | सदस्य – सदस्य<br>(९) प्रदेश लोकसेवा आयोगद्वारा मनोनीत सम्बन्धित विषयका विशेषज्ञ – सदस्य<br>(१०) प्रमुख सचिवले तोकेको मन्त्रालयको सचिव – सदस्य सचिव<br>**<u>(ख) सातौं तहको पदमा बढुवा हुनको लागि</u>**<br>(६) प्रदेश लोकसेवा आयोगको अध्यक्षले तोकेको प्रदेश लोकसेवा आयोगको सदस्य – अध्यक्ष<br>(७) प्रदेश लोकसेवा आयोगको सचिव – सदस्य<br>(८) मन्त्रालयको सचिव – सदस्य<br>(९) लोकसेवा आयोगको अध्यक्षबाट मनोनीत सम्बन्धित विषयको विशेषज्ञ – सदस्य<br>(१०) सेवा, समूह वा उपसमूह सञ्चालन गर्ने मन्त्रालयको सचिव – सदस्य सचिव | सरकारी सेवा, प्रदेश सङ्गठित संस्थाको सेवा, स्थानीय सरकारी सेवा र स्थानीय तहको सङ्गठित संस्थाको सेवाको पदको पदपूर्तिको लागि उम्मेदवारको छनौटलाई स्वच्छ, निष्पक्ष र विश्वसनीय बनाउन लोक सेवा आयोगले सङ्घीय कानून बमोजिम अपनाएको सिद्धान्त र मापदण्डलाई प्रदेश लोक सेवा आयोगले अवलम्बन गर्नु पर्नेछ भन्ने व्यवस्था भएको हुँदा सोही सिद्धान्त र मापदण्ड अनुसार सङ्घीय कानून निजामती सेवा ऐन, २०४९ को दफा २० मा भएको बढुवा समिति अनुरूप करिब करिब हुने गरी राख्नु पर्ने। |
| ८. | ४२(१) | कार्यसम्पादन मूल्याङ्कन सम्बन्धी व्यवस्था | दफा ४२ को उपदफा (१) को तालिकाको मूल्याङ्कनकर्ताको महलमा देहाय अनुसार पुनरावलोकन समितिको व्यवस्था गर्ने | • विधेयकमा कतै पनि पुनरावलोकन समितिको पदाधिकारी को हुने भन्ने सम्बन्धमा उल्लेख भएको नदेखिएकोले राख्न उपयुक्त हुने । |

| सि.नं. | विधेयकमा रहेको व्यवस्था | | आयोगको परामर्श | |
|---|---|---|---|---|
| | विधेयकको दफा | व्यवस्थाको सारसंक्षेप | सुधार/परिवर्तन गरिनुपर्ने | कारण |
| | | | <u>अधिकृत आठौं तहसम्मको लागि पुनरावलोकन समिति</u><br>क. प्रमुख सचिवले तोकेको मन्त्रालयको सचिव – अध्यक्ष<br>ख. विषयगत प्रदेश मन्त्रालयको सचिव – सदस्य<br>ग. पुनरावलोकनकर्ता – सदस्य<br><u>अधिकृत नवौं तह र नवौं तहदेखि माथिको लागि पुनरावलोकन समिति</u><br>क. प्रमुख सचिव, मन्त्रालय – अध्यक्ष<br>ख. विषयगत सम्बन्धित प्रदेश मन्त्रालयको सचिव – सदस्य<br>ग. पुनरावलोकनकर्ता – सदस्य | |
| ९. | १५७(३) | लोक सेवा आयोगले पदपूर्तिको कार्यसम्पादन गर्न बाधा नपुग्ने विषय | दफा १५७ को उपदफा (३) मा रहेको "**अधिकृतस्तर छैठौं बाहेकका**" भन्ने वाक्यांश हटाउने | • माथि **सि.नं. २** मा प्रदान गरिएको परामर्शको सापेक्षतामा सुधार गरिनुपर्ने विषय |
| १०. | विधेयकमा नरहेकोले राख्नुपर्ने | | • करारका कर्मचारीहरूलाई योगदानमा आधारित सामाजिक सुरक्षा कार्यक्रम अन्तर्गत सामावेश हुने व्यवस्था मिलाउने तथा निजहरूको सम्बन्धमा प्रचलित श्रम | • वर्तमान अभ्यासमा सरकारी निकायमा कार्यालय सहयोगी, सवारी चालक, सरसफाई गर्ने लगायतका कर्मचारीलाई करारमा सेवा लिने तथा निजहरूलाई मासिक पारिश्रमिक |

| सि.नं. | विधेयकमा रहेको व्यवस्था | | आयोगको परामर्श | |
|---|---|---|---|---|
| | विधेयकको दफा | व्यवस्थाको सारसंक्षेप | सुधार/परिवर्तन गरिनुपर्ने | कारण |
| | | | कानूनले प्रत्याभूत गरेका आधारभूत अधिकारको प्रत्याभूति गराउने व्यवस्था राखिनुपर्ने<br>• स्थानीय तह मातहत काम गर्ने करारका कर्मचारीहरूलाई समेत बिदा, उपदान, सञ्चयकोष, बिमा लगायतका सुविधा पाउने गरी योगदानमा आधारित सामाजिक सुरक्षा योजनामा आबद्ध गराउने गरी विधेयकमा आवश्यक प्रावधानहरूको व्यवस्था गरिनु उपयुक्त हुने । | मात्र प्रदान गरिने गरिन्छ । निज करारका कर्मचारीहरूसँग गरिने करार सम्झौतामा समेत प्रचलित श्रम ऐन, २०७४ ले श्रमिकको हकमा प्रत्याभूत गरेको आधारभूत सुविधाहरूको बारेमा समेत उल्लेख गरिएको पाइँदैन । निज कर्मचारीहरूलाई बिदा, उपदान, सञ्चयकोष, बिमा, संचित बिदा बापतको रकम लगायतको सुविधा बापत बाहेक गरिएको देखिन्छ ।<br>• योगदानमा आधारित सामाजिक सुरक्षा ऐन, २०७४ तथा श्रम ऐन, २०७४ लगायतका प्रचलित कानूनहरूले सरकारी निकायहरू (प्रदेश सरकार तथा स्थानीय तह समेत) लाई समेत रोजगारदाताको रुपमा पारिभाषित गरेको तथा सरकारी सेवामा बहाल रहेको व्यक्तिका अलावा आफू मातहत काम गर्ने सरकारी कोषबाट पारिश्रमिक पाउने व्यक्तिहरूलाई समेत सामाजिक सुरक्षा योजना अन्तर्गत ल्याउनुपर्ने व्यवस्था गरेको |

| सि.नं. | विधेयकमा रहेको व्यवस्था | | आयोगको परामर्श | |
|---|---|---|---|---|
| | विधेयकको दफा | व्यवस्थाको सारसंक्षेप | सुधार/परिवर्तन गरिनुपर्ने | कारण |
| | | | | देखिन्छ।<br>• योगदानमा आधारित सामाजिक सुरक्षा ऐन, २०७४ तथा श्रम ऐन, २०७४ लगायतका प्रचलित कानूनहरूले सरकारी निकायहरू ( प्रदेश सरकार तथा स्थानीय तह समेत) लाई समेत रोजगारदाताको रुपमा पारिभाषित गरेको तथा सरकारी सेवामा बहाल रहेको व्यक्तिका अलावा आफू मातहत काम गर्ने सरकारी कोषबाट पारिश्रमिक पाउने व्यक्तिहरूलाई समेत सामाजिक सुरक्षा योजना अन्तर्गत ल्याउनुपर्ने व्यवस्था गरेको देखिन्छ। साथै स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ को उपदफा (५) ले समेत करारको कर्मचारीलाई योगदानमा आधारित सामाजिक सुरक्षा योजनामा आबद्ध गराउने परिकल्पना गरेको छ । अतः स्थानीय सरकार मातहत काम गर्ने करारका कर्मचारीहरूलाई समेत उपदान, सञ्चयकोष, बिमा लगायतका सुविधा पाउने गरी योगदानमा आधारित सामाजिक सुरक्षा |

| सि.नं. | विधेयकमा रहेको व्यवस्था | | आयोगको परामर्श | |
|---|---|---|---|---|
| | विधेयकको दफा | व्यवस्थाको सारसंक्षेप | सुधार/परिवर्तन गरिनुपर्ने | कारण |
| | | | | योजनामा आबद्ध गराउने गरी विधेयकमा आवश्यक प्रावधानहरूको व्यवस्था गरिनु उपयुक्त हुने । |
| ११. | | विधेयकमा नरहेकोले राख्नुपर्ने | विधेयकमा देहाय अनुसारको दफा राख्नुपर्ने **<u>"दफा नं. समायोजन भएका कर्मचारीको सरुवा सम्बन्धी विशेष व्यवस्था :</u>** (१) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएता पनि अन्य सरकारी सेवाबाट स्थानीय सेवामा समायोजन भएका कर्मचारीहरूलाई प्रदेशको भौगोलिक क्षेत्रभन्दा बाहिरका क्षेत्रमा समेत सङ्घीय कानूनले व्यवस्था गरे बमोजिम सरुवा गर्न बाधा पुगेको मानिने छैन ।" | • सर्वोच्च अदालतको मुद्दा नं. ०७८-WO-०१६३ मा मिति २०७८/१०/१२ मा भएको फैसला बमोजिम जारी गरिएको निर्देशनात्मक आदेश (प्रकरण ५) को कार्यान्वयनार्थ विधेयकमा सान्दर्भिक व्यवस्था राख्नु उपयुक्त हुने<br>• सङ्घीय एकाइहरू विचको समन्वय, सहकारीता तथा सहअस्तित्वमा आधारित सङ्घीय शासन प्रणालीलाई मूर्तरुप दिन अन्तर प्रदेश सरुवा सम्बन्धी व्यवस्थालाई स्थानीय सेवा सम्बन्धी कानूनले सम्बोधन गर्न उपयुक्त हुने । |

## अनुसूची २६ः

## आयोगको कामकारवाहीका केही झलकहरू



आयोगको तेस्रो वार्षिक प्रतिवेदन विमोचन गर्नुहुँदै माननीय प्रदेश प्रमुख श्री यादवचन्द्र शर्माज्यू



प्रदेश लोक सेवा आयोगद्वारा सिफारिस पत्र वितरण गर्न
अगाडि अभिमुखीकरण कार्यक्रममा सहभागी सफल उम्मेदवारहरू



प्रदेश लोक सेवा आयोगद्वारा सफल उम्मेदवारहरूलाई सिफारिस पत्र वितरण गर्न अगाडि आयोगका अध्यक्षज्यूबाट मन्तव्य व्यक्त गर्नु हुँदै



प्रदेश लोक सेवा आयोगका अध्यक्ष श्री सुरेश मान श्रेष्ठबाट सफल उम्मेदवारलाई सिफारिस पत्र वितरण गर्नु हुँदै




आयोगको तेस्रो वार्षिकोत्सवमा माननीय प्रदेश प्रमुख तथा माननीय मुख्यमन्त्रीसहितका विशिष्ट अतिथिहरू समक्ष मन्तव्य व्यक्त गर्नुहुँदै आयोगका अध्यक्ष श्री सुरेश मान श्रेष्ठ



आयोगको तेस्रो वार्षिकोत्सवको उपलक्ष्यमा आयोगबाट उत्कृष्ट कार्यसम्पादन गर्ने चारजना कर्मचारीरूलाई माननीय प्रदेश प्रमुखबाट प्रशंसा-पत्र वितरण




लोक सेवा आयोगहरूको तेस्रो राष्ट्रिय सम्मेलनमा सहभागी आयोगका पदाधिकारी तथा कर्मचारीहरू




लोक सेवा आयोगहरूको तेस्रो राष्ट्रिय सम्मेलनमा सहभागी लोकसेवा आयोग तथा प्रदेश लोकसेवा आयोगहरूका पदाधिकारीहरू



लोक सेवा आयोगहरूको तेस्रो राष्ट्रिय सम्मेलनमा आफ्नो मन्तव्य व्यक्त गर्नुहुँदै प्रदेश लोक सेवा आयोग, बागमती प्रदेशका अध्यक्ष श्री सुरेश मान श्रेष्ठ



श्री टोखा नगरपालिका, काठमाडौँमा पदपूर्तिसम्बन्धी निरीक्षणका क्रममा आयोगका पदाधिकारी तथा कर्मचारीहरू र नगरपालिकाका पदाधिकारी तथा कर्मचारीहरूबीच छलफल




श्री उत्तरगया गाउँपालिका, रसुवामा निरीक्षणका क्रममा आयोगका कर्मचारीहरू



श्री बेनिघाट रोराङ गाउँपालिका, धादिङ्गमा निरीक्षणका क्रममा आयोगका कर्मचारीहरू




श्री प्रदेश खेलकुद परिषद्, बागमती प्रदेशद्वारा सञ्चालित अन्तर मन्त्रालय फुटबल प्रतियोगिता-२०८० मा सहभागी आयोगका कर्मचारीहरू




प्रदेश लोक सेवा आयोगद्वारा आयोजित नेपाली भाषाको उचित प्रयोग र शुद्ध लेखनशैली विषयक अन्तरक्रिया कार्यक्रममा सहभागी पदाधिकारी तथा कर्मचारीहरू




प्रदेश लोक सेवा आयोगद्वारा आयोजित नेपाली भाषाको उचित प्रयोग र शुद्ध लेखनशैली विषयक अन्तरक्रिया कार्यक्रमको उद्घाटन गर्नु हुँदै नेपाल प्रज्ञा प्रतिष्ठानका अध्यक्ष




प्रदेश लोक सेवा आयोगमा सरुवा भई आउनु भएका सचिव बाबुराम ज्ञवाली लगायत उपसचिव र कर्मचारीको स्वागत र सरुवा भई जान लाग्नु भएका सचिव रामकृष्ण अधिकारीको बिदाइ कार्यक्रम

# प्रदेश लोक सेवा आयोग

## बागमती प्रदेश, मकवानपुर

## हेटौंडा, नेपाल




सम्पर्क नं.: ०५७-५९०६१३, ५९०६१४, ५९०६१५
वेवसाइटः www.ppsc.bagamati.gov.np
ईमेलः info.ppsc@bagamati.gov.np